# अध्याय एक
# शोध परिचय

## १.१ पृष्ठभूमि

लेखनाथ काफ्ले (२०१५) नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । काफ्लेले कविता, उपन्यास, कथा, गजल, हाइकु, मुक्तक लगायतका विधामा कलम चलाउँदै आएका छन् । उनी सामाजिक गतिविधिलाई प्रतिनिधित्व गर्ने सामाजिक यथार्थवादी साहित्यकार हुन् । सोही कारण उनका रचनामा समाजका दलित, शोषित, पीडित एवम् गरीब जनताका मर्म र व्यथा प्रतिबिम्बित भएको पाइन्छ । यसैले प्रस्तुत शोध उनको 'सङ्घर्ष' कथासङ्ग्रहमा केन्द्रित रहेर तयार गरिएको छ ।

समाजका विषयवस्तुलाई टपक्क टिपेर साहित्यमा ढाल्दै आएका काफ्लेले हालसम्म आधा दर्जन ज्यादा काव्यकृति नेपाली साहित्य जगत्लाई अर्पण गरिसकेका छन् । उनका कृतिमा **वियाड** (२०४४) कवितासङ्ग्रह, **सपना** (२०४६) सामाजिक उपन्यास, **अचार** ( २०६६) विविध सङ्ग्रह, **रामवाण** (२०६७) गजलसङ्ग्रह र **मटयाङ्ग्रा** (२०६८) मुक्तकसङ्ग्रह रहेका छन् । यस्तै फुटकर रूपमा राष्ट्रिय तथा स्थानीय दर्जनौं साहित्यिक पत्रपत्रिका र संयुक्त सङ्ग्रहमा एक सय ५० ज्यादा लेख रचना प्रकाशन भएका छन् । यसरी साधनामा लाग्दै आएका काफ्लेले विभिन्न सङ्घसंस्थामा रहेर आफ्नो यात्रालाई फराकिलो बनाएका छन् । उनी गजल प्रतिष्ठान स्याङ्जा, गण्डकी साहित्य परिषद् वालिङ, आँधीखोला साहित्य सदन वालिङ, स्याङ्जा साहित्य प्रतिष्ठान, सिर्जना बिसौनी र नेपाली राष्ट्रिय गजल प्रतिष्ठान स्याङजाका आजीवन सदस्य रहेका छन् । यसरी साधनारत काफ्लेलाई नेपाली वाङ्मयको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न संघसंस्थाबाट सम्मान तथा पुरस्कार प्राप्त हुन आएका छन् । जसमा तिलाकुमारी साहित्य पुरस्कार (२०६६), मानबहादुर-कृष्णकुमारी-चन्द साहित्य पुरस्कार (२०७०), शिव-पार्वती वृद्धाश्रम सम्मान, जिल्ला शिक्षा कार्यालय स्याङ्जाबाट उत्कृष्ट शिक्षक सम्मानका साथै उत्कृष्ट कृषकका रूपमा पनि उनले सम्मानित हुने अवसर पाएका छन् ।

विभिन्न समयमा विभिन्न सम्मानबाट सम्मानित र पुरस्कृत हुँदै आएका काफ्लेको साहित्य, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न समयमा चर्चा परिचर्चा भए तापनि उनको

कथाकारिताका बारेमा हालसम्म अध्ययन हुन सकेको छैन । सोही कारण प्रस्तुत शोध उनको सङ्घर्ष कथासङ्ग्रहको कृतिपरक अध्ययनमा केन्द्रित रहेर तयार गरिएको हो ।

## १.२ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सङ्घर्ष कथासङ्ग्रहका कथाहरूको कथानक र उद्देश्य** रहेको छ ।

## १.३ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दसौं पत्र (५१०-१) को प्रयोजनको लागि प्रस्तुत गरिएको हो ।

## १.४ शोध समस्या

लेखनाथ काफ्ले नेपाली साहित्यका विविध विधाका क्रियाशील साधक हुन् । उनको २०६६ सालमा प्रकाशित भएको कथासङ्ग्रह सङ्घर्षको कृतिपरक अध्ययन शीर्षकको प्रस्तुत शोध निम्न समस्यामा केन्द्रित गरेको छ :

१. लेखनाथ काफ्लेको साहित्यिक व्यक्तित्व के कस्तो छ ?
२. लेखनाथ काफ्लेको कथाकारिता कस्तो रहेको छ ?
३. लेखनाथ काफ्लेको सङ्घर्ष कथासङ्ग्रहका कथाको कथानक र उद्देश्य के कस्तो रहेको छ ?

उल्लिखित बुँदामा देखिएका समस्या नै प्रस्तुत शोध कार्यको शोध समस्याका रूपमा रहेका छन् ।

## १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत **सङ्घर्ष कथासङ्ग्रहका कथाहरूको कथानक र उद्देश्य** शीर्षकको समस्या कथनमा प्रस्तुत गरिएका समस्याको निराकरण गर्नु नै प्रस्तुत शोधको मूल उद्देश्य रहेको छ । जसलाई बुँदाका रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. लेखनाथ काफ्लेको साहित्यिक व्यक्तित्व बारे चिनारी दिनु,

२. लेखनाथ काफ्लेको कथाकारिताको अध्ययन गर्नु,

३. सङ्घर्ष कथासङ्ग्रहका कथाका कथाहरूको कथानक र उद्देश्यको अध्ययन गर्नु ।

प्रस्तुत विषयमा केन्द्रित रहेर काफ्लेको कथाकारिताको अध्ययन गर्नु नै प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ ।

## १.६ पूर्व कार्यको समीक्षा

लेखनाथ काफ्लेको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न समयमा छुट्टाछुट्टै अध्ययन तथा विश्लेषण हुँदै आएको पाइन्छ तर उनको कथाकारिताका बारेमा, कथा कृतिमा केन्द्रित रहेर हालसम्म कुनै अध्ययन र अनुसन्धान भएको पाइँदैन । सोही कारण उनको कथाकारिताका बारेमा विशेष चर्चा गरिएका सामग्री पर्याप्त उपलब्ध नभएका कारण उनका काव्यकृतिमा समावेश विभिन्न स्रष्टा साधकका टिप्पणीलाई यहाँ उल्लेख गरिएको छ । जसलाई पूर्व कार्यको विवरणका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१. लेखनाथ काफ्लेको साहित्यिक यात्राका बारेमा भेषजराज शर्मा भन्छन्- “लेखनाथ काफ्ले साहित्य रचना गर्नमा उत्सुक देखिनुहुन्छ । वियाड कवितापछिका उहाँका प्रकाशित कृति र रचना अध्ययन गर्दा उहाँ ग्रामीण परिवेशका सिद्धहस्त लेखक हुनहुन्छ (शर्मा, २०६३ : अनुल्लेख) ।” यसरी शर्माले उनको कवित्व र लेखकत्वका बारेमा चर्चा गरे तापनि उनको कथाकारिताका बारेमा कुनै टिप्पणी गरेको पाइँदैन ।

२. लेखनाथ काफ्लेको उपन्यास यात्राका बारेमा सह-प्राध्यापक दीनबन्धु अर्याल भन्छन्- “काफ्लेको सपना उपन्यास उच्च कोटीको छ । नेपाली भाव जगत्मा यस उपन्यासले अत्यन्त महत्त्वपूर्ण ठाउँ ओगट्ने छ । यसलाई चलचित्रमा उतार्न पनि राम्रो हुने लेखकको प्रयास, साहित्य साधना र देशभक्तिबाट प्रेरित भावनामा राजकीय प्रज्ञा प्रतिष्ठान जस्ता संस्थाले यस्ता लेखकलाई प्रोत्साहन दियोस् मेरो आग्रह छ (अर्याल, २०६३ : अनुल्लेख) ।” अर्यालले उनको औपन्यासिकता बारेमा चर्चा गरे तापनि कथाकारिताका बारेमा कुनै टिप्पणी गरेको पाइँदैन ।

३. लेखनाथ काफ्लेको गद्य लेखनका बारेमा देवीप्रसाद वनवासी भन्छन्- “काफ्लेका गद्य लेखोट्मा पनि अनुभूतिका तिख्खर अभिव्यक्ति छचल्किएका छन् । उहाँ वैचारिक रूपमा अत्यन्त तीव्र देखिनु हुन्छ । निरंकुशतन्त्रको दोहोलो काढ्दै र फेरी लाउँदै हिँड्नु भएको छ । कथामा पनि उहाँ सशक्त रूपमा प्रस्तुत हुनुभएको छ (वनवासी, २०६४ : अनुल्लेख) ।” वनवासीले उनको कथामा सशक्त प्रस्तुति रहेकोसामान्य टिप्पणी गरे तापनि उनको कथाकारिताको चर्चा गरेको पाइँदैन ।

४. विश्वप्रेम अधिकारी भन्छन्- "प्रारम्भिक रूप लघुकथाबाट शुरु गरेर उपन्यास तयार गर्ने परम्परा भए तापनि लेखनाथजीले कथाभन्दा पहिला उपन्यास प्रकाशित गरे । सङ्घर्ष शीर्षकको यो पुस्तक भित्र सङ्गृहीत सबै रचना कथा बनेका छैनन् तापनि कथाको स्वरूप ग्रहण गरेका कथा भने राम्रा छन् (अधिकारी, २०६६ : ख) ।" यसरी अधिकारीले उनको कथाकारिताको चर्चा गर्ने सन्दर्भमा कृतिभित्रका केही कथाले कथाको रूप धारण गर्न नसकेको र अन्य कथा राम्रा भएको धारणा व्यक्त गरेका छन् । यहाँ पनि उनको सिङ्गो कृतिका बारेमा चर्चा हुन सकेको छैन ।

५. प्रेमराज लुइटेल भन्छन्- "ग्रामीण जनजीवनका विविध पारा र विषयवस्तुलाई निकै सोझो र सरल ढंगले कथानकमा उन्दै त्यस्तै खालका पात्रपात्राले कथावस्तुलाई बोकेका छन् । च्वास्स बिझ्ने गरी समाजका विकृति र विसङ्गतिलाई ठोकेका छन् र मानव जीवनलाई सत्मार्गमा अघि बढ्न उत्प्रेरित गरेका छन् (लुइटेल, २०६६ : ङ) ।" यसरी लुइटेलले काफ्लेको कथागत प्रवृत्तिको निरूपण गरे तापनि उनको कथाकारिताको चर्चा भने गरेको पाइँदैन ।

६. लेखनाथ काफ्लेको लेखनका बारेमा लक्ष्मीप्रसाद रेग्मी भन्छन्- "अर्मादी खोलाको अविरल प्रवाहलाई आँखा अगाडि राखेर सिर्जनारत काफ्लेका रचना पनि अर्मादीको भेलजस्तै स्वच्छ, निर्मल र सौन्दर्यपूर्ण बन्दै गएका छन्' (रेग्मी, २०६७ : अनुल्लेख) ।" रेग्मीले उनको रचनामा निर्मल र सौन्दर्यपूर्ण भने तापनि उनको कथाकारिताका बारेमा भने बृहत् चर्चा परिचर्चा गरेको पाइँदैन ।

७. काफ्लेका बारेमा घनश्याम परिश्रमी भन्छन्- "काफ्ले स्याङ्जाली भूमिका क्रियाशील साहित्यिक स्रष्टा हुन् । मूलतः कवि र आख्यानकारका रूपमा यिनले परिचय बनाइसकेका छन्' (न्यौपाने, २०६७ : अनुल्लेख)" । न्यौपानेले काफ्लेलाई आख्यानकार र कविका रूपमा चिनाए तापनि कथाकारका रूपमा उनको साधनाको अध्ययन तथा विश्लेषणलाई उल्लेख गरेको पाइँदैन ।

८. लेखनाथ काफ्लेका बारेमा मुरारी पराजुली भन्छन्- "काफ्ले जीवनवादी कवि हुन्, यसैले जीवनलाई प्रेम गर्दै यसको अर्थवत्ताको खोजी गरिरहेको देखिन्छ । जीवनमा सत् कर्म गर्ने चाहना राखेको पाइन्छ (पराजुली, २०६८ : ख) ।" पराजुलीले उनलाई एक कविका रूपमा मात्र प्रस्तुत गरेकाले उनको कथाकारिताका बारेमा चर्चा परिचर्चा हुन सकेको पाइँदैन ।

९. लेखनाथ काफ्लेको कथाकारिताका बारेमा असफल गौतमले भनेका छन्- "एक सय १० पृष्ठमा फैलिएको सङ्घर्ष कथासङ्ग्रहमा ३१ कथा सङ्गृहीत छन् । जसमध्ये उनका **छक्क परे, चक्कर लाग्यो, एक शिक्षक, तुलना, विश्वास, फरक** र **नक्कली** लघुकथा संरचनाका

कथा छन् । आकार, संरचना र आयामका दृष्टिकोणले उनका ती कथा लघुकथा भन्न सकिन्छ । उनले कथासङ्ग्रहमा उठान गरेका सम्पूर्ण विषयवस्तु निकै उत्कृष्ट र समय सापेक्ष छन् । आफूले देखे र भोगेका विषयवस्तुलाई कथाको रूपमा ढालेर लेख्न सक्ने क्षमतालाई उनले आफ्नो कथासङ्ग्रहमा राम्रैसँग प्रस्तुत गरेका छन् । फेरि उनले आफ्नो तेस्रो कृति अचारमा पनि १० वटा कथा समावेश गरिसकेका थिए त्यसले गर्दा उनका पहिलाका कथाभन्दा सङ्घर्ष कथासङ्ग्रहका कथा परिस्कृत छन् (गौतम, २०६९ :४५) ।"

काफ्लेको कथाकारिताका बारे उल्लेख गरिएका यी सबै सामान्य टिप्पणी मात्र हुन् । उनको सङ्घर्ष कथा कृतिले समेट्ने विषयवस्तुका बारेमा केन्द्रित भएर उनको कथागत अध्ययन र विश्लेषण हुन सकेको छैन । जसको अध्ययन र विश्लेषण गर्न आवश्यकता देखिएकाले यो शोध तयार पारिएको हो ।

## १.७ शोधको औचित्य र महत्त्व

लेखनाथ काफ्लेका कथाकारिताका बारेमा सामान्य टीकाटिप्पणी गरेका सन्दर्भलाई पूर्व कार्यको विवरणमा प्रस्ट पारिएको छ । तर उनको सङ्घर्ष कथासङ्ग्रहका कथाहरूको अध्ययन, अनुसन्धान र विश्लेषण हुन सकेको छैन । सङ्घर्ष कथासङ्ग्रहका कथाहरूको कथानक र उद्देश्य कस्तो छ भन्ने विषयमा अध्ययन नभएकाले यसको अध्ययन गर्नु नै शोधपत्रको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनपछि काफ्लेका कथाको कथाकारिता बारेमा जान्न चाहने जो कोहीका लागि यो शोधपत्र उपयोगी बन्ने भएकाले शोधपत्रको महत्त्व स्वतः प्रष्ट हुन जाने देखिन्छ ।

## १.८ शोधको क्षेत्र र सीमा

लेखनाथ काफ्लेको सङ्घर्ष कथासङ्ग्रहका कथाहरूको शोध नै प्रस्तुत शोधको क्षेत्र हो । जसमा उक्त कृतिको तत्त्वगत आधारमा कथानक र उद्देश्यको मात्र अध्ययन र विश्लेषण गरी काफ्लेका प्रवृत्तिको निरूपण गर्नु शोध कार्यको क्षेत्र रहेको छ । कथाकार लेखनाथ काफ्ले साहित्यका अन्य पुस्तकको अध्ययन नगर्नु वा अन्य कृतिका बारेमा नसमेट्नु यस शोधपत्रको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन र शोध विधि

**सङ्घर्ष कथासङ्ग्रहका कथाहरूको कथानक र उद्देश्य** शीर्षकको प्रस्तुत शोधपत्रलाई पूरा गर्न पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरी अध्ययन विश्लेषण गरिएको छ । यसका साथै सम्बन्धित कृतिका बारेमा पत्रपत्रिकामा गरिएको टिप्पणी र समीक्षालाई सहायक सामग्रीका रूपमा लिइएको छ । स्रष्टा काफ्ले अझै पनि साधनामा रहेकाले आवश्यकतानुसार लेखक र अन्य सम्बन्धित विषय विज्ञसँग भेटवार्ता, सम्पर्क तथा शोधपुछ गरी सामग्री सङ्कलन कार्य अगाडि बढाइएको छ । यसरी सङ्कलन भएका सामग्रीलाई वर्णनात्मक र विश्लेषणात्मक दुवै विधिको प्रयोग गरी सामग्री सङ्कलन गरी शोधलाई पूर्णता प्रदान गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधलाई विभिन्न अध्यायमा विभाजन गरेर अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । विषय व्यवस्थापनका निम्ति आवश्यकता अनुसार अध्यायलाई विभिन्न शीर्षक, उप-शीर्षकमा व्यवस्थापन गरिएको छ । अध्यायको व्यवस्थापन यसप्रकार रहेको छ :

अध्याय एक : शोधपत्रको परिचय,

अध्याय दुई : कथाकार लेखनाथ काफ्लेको जीवनी र व्यक्तित्व,

अध्याय तीन : कथा सिद्धान्त र नेपाली कथाको विकासक्रम,

अध्याय चार : सङ्घर्ष कथासङ्ग्रहका कथाहरूको कथानक र उद्देश्य

अध्याय पाँच : उपसंहार ।

# अध्याय दुई
# कथाकार लेखनाथ काफ्लेको जीवनी र व्यक्तित्व

## २.१ जन्म र स्थान

नेपाली साहित्यका प्रतिभा लेखनाथ काफ्लेको जन्म वि.सं. २०१५ भदौ १८ गतेका दिन पिता मेघनाथ काफ्ले र माता नवकुमारीको कोखबाट वालिङ नगरपालिका ७, स्याङजा जिल्लाको झल्याङ्दी गाउँमा भएको हो । त्यही स्याङ्जा जिल्लाको झल्याङ्दीमै साथीहरूसँगै स्कुल जाने, आउने सँगै खेल्ने गर्दै आफ्नो वाल्यकाल रमाइलोसँग बितेको जानकारी शोधनायकबाट पाइन्छ । काफ्ले सानै उमेरदेखि स्वास्थ्य, हृष्ट, पुष्ट र निरोगी व्यक्ति थिए । उनले परिवारबाट असाध्यै माया पाएका छन् । त्यस्तै गरी सानातिना व्यावहारिक पारिवारिक समस्यामा अल्झिनु परे पनि कथाकार काफ्ले आफ्नो परिचय निर्माण गर्न सफल देखिन्छन् ।

## २.२ पेशा

साहित्यकार लेखनाथ काफ्लेको मुख्य पेशा भने शिक्षक हो। आफ्नो पेशाका साथसाथै उनले विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना लेखहरू प्रकाशन गरेर आफूलाई स्रष्टाका रूपमा पनि चिनाएका छन् । काफ्लेको शिक्षण पेशा कुसुन्डाँडा जनता प्रा.वि.बाट शुरु भएको हो । गणेश प्रा.वि. हुँदै जनहित नि.मा.वि. वालिङ नगरपालिका स्याङ्जामा २०३७ सालदेखि २०७१ सालसम्म ३० वर्ष अध्यापन गराई अहिले सेवा निवृत्त भएका छन् । उनीसेवा निवृत्तमा जीवन कृषि पेशामा आबद्ध भएको शोधनायक स्वयम्ले बताएका छन् ।

## २.३ शिक्षादीक्षा

लेखनाथ काफ्लेको शिक्षा प्रारम्भ वालिङ नगरपालिका स्याङ्जा जिल्लाको हिमाली उच्च मा.वि रत्ने गाउँबाट भएको हो । त्यसपछि उनले दहथुम मा.वि. भृकुट गाउँबाट विद्यालय शिक्षा हासिल गरे । प्रवेशिका परीक्षा उत्तीर्णपछि भारतको लालबहादुर शास्त्री इन्टर कलेज आनन्द नगरमा प्रमाणपत्रसम्म अध्ययन गरेको जानकारी शोधनायकबाट पाइन्छ। यसरी औपचारिक अध्ययन प्रमाणपत्र तहसम्म सीमति रहे पनि उनले स्वाध्ययनबाट ज्ञानको क्षेत्र विस्तार गरेको देखिन्छ ।

## २.४ वैवाहिक जीवन

कथाकार लेखनाथ काफ्लेको विवाह २० वर्षको उमेरमा भएको पाइन्छ । उनको विवाह सामाजिक परम्परागत पद्धतिअनुसार २०३४ सालमा बुबा पुरुषोत्तम ज्ञवाली र माता खिमाकुमारी ज्ञवालीकी छोरी मथुरा ज्ञवालीसँग स्याङ्जा जिल्लाको गल्याङ गाउँबाट भएको थियो । उनका दुई छोरा र तीन छोरी रहेका छन् । दाम्पत्य जीवनमा हालसम्म कुनै बाधा व्यवधान र अवरोध नआइकन सरल, संयमित र सुखमय रूपमा अगाडि बढेको जानकारी शोधनायक काफ्लेले दिएका छन् ।

## २.५ रुचि र स्वभाव

विद्यार्थी जीवनदेखि नै साहित्यिक गतिविधिमा चाख लिने लेखनाथ काफ्लेको मुख्य रुचिको विषय साहित्य सिर्जना गर्नु हो । पेशाका रूपमा शिक्षक पेशा अँगालेका काफ्लेको रुचि पत्रपत्रिका पढ्ने, विविध पत्रपत्रिकामा आफ्ना लेख सम्पादन गर्ने, समाचार पढ्ने र सुन्ने अनि अनेक चिन्तन मननमा रमाउने र कृषिमा पनि लगनशील भएर लाग्ने मुख्य रुचि रहेका देखिन्छन् । काफ्ले मानिस-मानिस बीचमा जातीय तथा वर्गीय भेदभाव गर्नुहुँदैन भन्ने मान्यता राख्छन् । स्वतन्त्र रूपमा सबैले समान हक अधिकार पाउनुपर्ने र समाजले आफूलाई कर्तव्यनिष्ठ, इमानदार सहयोगी र परोपकारी व्यक्तिको रूपमा सम्झियोस् भन्ने काफ्ले सामाजिक विषयवस्तु केन्द्रित साहित्य सिर्जना गर्छन् । सभ्य, शिष्ट, विनम्र, इमान्दार र हँसिलो बोलीवचनले युक्त काफ्ले पहिरनमा आफू सुहाउँदो सर्ट र पाइन्ट लगाउन रुचाउँछन् । आफूले उत्पादन गरेकै दाल, भात, ढिडो, तरकारी, रोटी उनका मनपर्ने खाना हुन् । यसरी हेर्दा संयम र नम्र भाषाको प्रयोग गर्ने काफ्ले सामान्य नेपाली जनजीवनबाट प्रभावित भएको पाइन्छ ।

## २.६ सम्मान तथा पुरस्कार

साहित्यकार लेखनाथ काफ्ले नेपाली साहित्यमा निरन्तर रूपमा कलम चलाउने साधक तथा प्रतिभा हुन् । उनले साहित्य लेखन र सामाजिक सेवा गरे बापत मानबहादुर कृष्णकुमारी (चन्द) साहित्य पुरस्कार, तिलकुमारी साहित्य पुरस्कारलगायतका थुप्रै सम्मान प्राप्त भएको जानकारी स्वयम्ले दिएका छन् ।

## २.७ लेखनाथ काफ्लेको व्यक्तित्व

हरेक मानिसको आफ्नो पहिचान र व्यक्तित्व हुन्छ । कुनै पनि मानिसको पहिचान भनेकै उसको व्यक्तित्व हो । जसका आधारमा ऊ समाजमा परिचित भएको हुन्छ । मानिसको व्यक्तित्व निर्माणमा उसका जीवनमा आइपर्ने आरोह, अवरोह, पीर, वेदना, हर्ष, खुसी तथा ऊ बाँचेको सामाजिक परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसै गरी व्यक्तित्व निर्माणका लागि प्रतिभा, लगनशीलता, क्षमता, बौद्धिकताजस्ता कारक तत्त्व आवश्यक पर्दछन् । यिनै तत्त्वहरूका आधारमा एउटा मानिसले आफ्ना जीवनमा साहित्यकार, वैज्ञानिक, राजनीतिज्ञ, समाजसेवी, दार्शनिक आदि व्यक्तित्वको निर्माण गरेको हुन्छ । नेपाली साहित्यका विविध क्षेत्रमा महत्त्वपूर्ण र प्रभावकारी सक्रियता देखाएका साहित्यकार काफ्ले बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । काफ्लेको व्यक्तित्व निर्माणमा विशेषतः उनको आचरण र व्यावहारिक क्रियाकलापका साथै पारिवारिक, आर्थिक, सामाजिक, शैक्षिक, साहित्यिक आदि पक्षहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यहाँ काफ्लेले आफ्नो जीवनमा आर्जन गरेको सम्पूर्ण व्यक्तित्वका विविध पाटाहरूका बारेमा छुट्टाछुट्टै चर्चा गरिएको छ ।

### २.७.१ शारीरिक व्यक्तित्व

शारीरिक व्यक्तित्व अन्तर्गत मानिसको बाह्य व्यक्तित्व पर्दछ । हरेक मानिसको व्यक्तित्व निर्माणमा उसको बाह्य शारीरिक सुसङ्गठन वा बनावट र स्वभावले पनि प्रत्यक्ष रूपमा भूमिका खेलेको हुन्छ । जीवनको ६० वसन्त पार गरिसकेका साहित्यकार लेखनाथ काफ्लेको औसत उचाइ साढे पाँच फिट लगभग ६० के.जी. तौल भएको गहुँ गोरो वर्ण चम्किला आँखा उमेरको हदले फुल्न लागेको कपाल जुँगा पाल्न रुचाउने आदि जस्ता शारीरिक बनोट भएको पाइन्छ । उनी आफ्नो जनुसुकै दैनिक कार्य गर्न पनि अल्छी नगर्ने र आफ्ना कार्यप्रति जिम्मेवार रहने गर्दछन् । फुर्सदको समय खेर नफाल्ने, धेरै नबोल्ने गम्भीरतापूर्वक अरूका कुरा सुन्ने, पत्रपत्रिका र विभिन्न पुस्तकहरू अध्ययन गर्ने प्रष्टसँग आफ्ना कुरा अरू समक्ष राख्न सक्ने सानो ठूलो उचनिच भन्ने भावना नराख्ने आदि जस्ता विशेषता रहेका साहित्यकार काफ्ले भावनावादी विचारकका रूपमा स्थापित हुन पुग्छन् । साधारण नेपाली जनता सरह भएर बाँच्न रुचाउने मातृभाषी साहित्यकार काफ्ले सहयोगी र मिलनसार व्यक्तित्व रहेको पाइन्छ ।

### २.७.२ साहित्यिक व्यक्तित्व

नेपाली साहित्य आकाशका बहुमुखी ख्याति प्राप्त साहित्यकार लेखनाथ काफ्ले एक कुशल साधकका रूपमा स्थापित भएका छन् । साहित्यिक लेखनमा सानैदेखि रुचि राख्दै अगाडि बढेका काफ्लेको नेपाली साहित्यको ढुकुटी फराकिलो पार्नका लागि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । काफ्लेले नेपाली साहित्यका कथा, उपन्यास, कविता, फुटकर रचना, गजल, मुक्तक आदि जस्ता विविध विधामा कलम चलाएर आफूलाई एक बहुआयामिक व्यक्तित्वका रूपमा परिचित बनाउन सफल देखिन्छन् । उनी विद्यार्थी कालदेखि नै अतिरिक्त क्रियाकलाप, साहित्यिक कार्यक्रम तथा साहित्यिक गोष्ठीहरूमा पनि सहज रूपमा सहभागी हुने जानकारी स्वयम्ले दिएका छन् । यसरी साहित्यिक लेखनतर्फ अभिप्रेरित हुँदै अगाडि बढेका काफ्लेले विविध विधामा हात राखेर आफ्नो सिर्जनशील क्षमता प्रदर्शन गरे पनि मुख्य साहित्यिक व्यक्तित्व भने आख्यानकार व्यक्तित्व हो। साहित्यिक व्यक्तित्वको परिचय निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**कथाकार व्यक्तित्व :** लेखनाथ काफ्ले साहित्यिक व्यक्तित्वका विविध पाटाहरू मध्ये सबैभन्दा फराकिलो पाटो आख्यानकार व्यक्तित्वको पाटो हो । जसमा कथाकार व्यक्तित्व उनको अझै महत्त्वपूर्ण व्यक्तित्व हो । साहित्यका विभिन्न विधामा आफ्नो बहुमुखी सिर्जना कौशल प्रदर्शन गरिरहेका काफ्लेको लेखन कार्य थुप्रै विधामा छरिएको भए पनि साहित्यिक साधनाको विशेषतः प्राप्तिमूलक विधाका रूपमा कथा विधा नै स्थापित हुन पुगेको पाइन्छ । काफ्लेले दिएको जानकारी अनुसार २०६६ सालमा सङ्घर्ष शीर्षकको एक कथासङ्ग्रह प्रकाशनमा ल्याएको पाइन्छ । सरल स्वाभाविक एवम् सरस रचनाशिल्पले कथालाई निकै बोधगम्य तुल्याएको छ। ग्राामीण जीवनका विविध पारा र विषयवस्तुलाई निकै सोझो र सरल ढङ्गले कथानकमा उन्दै त्यस्तै खालका पात्रपात्राले कथावस्तुलाई बोकेका छन् । च्वास्स बिझ्ने गरी समाजका विकृति र विसङ्गतिलाई ठोकेका छन् । मानव जीवनलाई सत्मार्गमा अघि बढ्न उत्प्रेरित गरेका छन् । समग्रमा भन्नुपर्दा सङ्घर्ष, कथासङ्ग्रह भित्रका कथा माध्यमिकस्तरका नयाँ पुस्तालाई सुहाउने खालका छन् । हाम्रो नेपाली समाजमा विद्यमान जातीय छुवाछुत तथा भेदभाव जनयुद्धको अनुभूति, भोगाइ र जनआन्दोलनका घाइतेहरूको जीवन व्यथा तथा समाजमा व्याप्त भ्रष्टाचार तथा कालाबजारी अनि कर्मचारी वर्गका अप्ठ्यारा परिस्थितिलाई टड्कारो रूपमा प्रस्तुत गर्न काफ्लेका कथा सफल देखिन्छन् ।

लेखनाथ काफ्ले जिज्ञासु, सिर्जनशील, विचारशील, तथा इमान्दार कथाकार हुन् । सोचमा प्रगतिशीलता, प्रस्तुतिमा सरलता, संरचनामा छरितोपन, सुकोमल गद्य प्रयोगमा समकालीन यथार्थको कलात्मक प्रस्तुति आदि कथाकारिताका मुख्य विशेषताहरू हुन् । त्यस्तैगरी निम्न स्तरीय सामाजिक जीवनका काकाकुलमय समय, सुरक्षा अवस्थाको जीर्णता जस्ता कुराहरू पनि काफ्लेका कथाले सरल, स्पष्ट र खुलस्त रूपमा बोलेको पाइन्छ । अनि उनका कथाको केन्द्रमा समाज छ जनता छ र सरलता छ, थोरै पात्र, झिनो, मसिनो कथानक छोटा संवाद तथा सूत्रात्मकताको दोहोरो उपयोग प्रवाहपूर्ण कवितामय सलल बगेको भाषाशैली अनि सुहाउँदो परिवेशको सिर्जना आदिले गर्दा उनका कथाहरू सम्प्रेषणीय, प्रभावकारी र विश्वसनीय बन्न पुगेका छन् ।

**उपन्यासकार व्यक्तित्व** : साहित्यकार लेखनाथ काफ्ले विविध अन्य विधामा जस्तै उपन्यास क्षेत्रमा पनि आफ्नो कलम चलाएको पाइन्छ । शोधनायकबाट प्राप्त जानकारी अनुसार वि.सं. २०६३ मा 'सपना' उपन्यास प्रकाशित गरेको जानकारी पाइन्छ । 'सपना' उपन्यास अति उच्चकोटिको छ । नेपाली भावजगत्मा यस उपन्यासले अत्यन्त महत्त्वपूर्ण ठाउँ ओगट्ने छ । यसलाई चलचित्रमा उतार्न पनि राम्रो हुन्छ । यस उपन्यास साहित्यको साधना र देशभक्तिबाट प्रेरित छ भन्ने कुरा शोधनायकबाट पाइएको छ । काफ्लेले एउटा मात्र उपन्यास सङ्ग्रह प्रकाशित गरे पनि उनले विभिन्न पत्रपत्रिकामा पनि छोटा लामा गरी धेरै उपन्यास छपाएको पनि शोधनायकबाट जानकारी प्राप्त हुन्छ ।

**कवि व्यक्तित्व** : साहित्यकार लेखनाथ काफ्लेको साहित्यिक व्यक्तित्वका विविध पाटाहरू मध्येको कवि व्यक्तित्व पनि एक महत्त्वपूर्ण उल्लेखनीय पाटोको रूपमा रहेको छ । साहित्य रचनामा सानै उमेरदेखि रुचि लिएर खास गरी वि.सं. २०४४ 'वियाड' कवितासङ्ग्रह प्रकाशित गरेका छन् । यसरी सुरु सुरुमा छोटाछोटा कविता, मुक्तक तथा गजलहरू लेखेर विद्यार्थी जीवनदेखि नै विभिन्न प्रतियोगिताहरूमा भाग लिने तथा प्रथम द्वितीय हासिल गर्दै जाने गरेका साहित्यकार काफ्लेले आफ्नो निरन्तर साधनाको फलस्वरूप लेखाइको परिष्कृततासँगै लामो आकृतिका कविताहरू लेख्न थालेका हुन् । सरल मिठो अनि लयात्मक भाषा र यथार्थका नजिक पुगेर कविता सिर्जना गर्ने काफ्लेका कविताहरूले मानव जीवन तथा समाजका विविध पक्षहरूलाई हृदयस्पर्शी ढङ्गबाटै छोएको पाइन्छ ।

काफ्लेले कविता रचनामा गद्यात्मक तथा पद्यात्मक दुवै शैली अँगालेको पाइन्छ, तर गद्यात्मक कविताहरूमा बढी जोड दिएका छन् । काफ्लेको वियाड सङग्रहबाहेक विभिन्न पत्रपत्रिकाहरूमा पनि थुप्रै फुटकर कविताहरू प्रकाशित भएका छन् । तसर्थ साहित्यकार लेखनाथ काफ्लेले २०४४ सालदेखि औपचारिक साहित्यिक कविताहरू लेखन कार्यमा संलग्न भएर हालसम्म पनि निरन्तरता दिइरहेका कारण कवि व्यक्तित्व फस्टाएको कुरा शोधनायकबाट पाइएको छ ।

**गजलकार व्यक्तित्व** : साहित्यकार लेखनाथ काफ्लेले विविध अन्य साहित्यिक विधामा जस्तै गजल क्षेत्रमा पनि कलम चलाएको पाइन्छ । काफ्लेले स्कुले जीवन ७८ कक्षाबाट नै गजल लेख्दै सुनाउँदै आएको पाउन सकिन्छ । काफ्लेले आफ्ना गजललाई विभिन्न कार्यक्रमहरूमा गएर सुनाएको विभिन्न पत्रपत्रिकामा पनि गजल प्रकाशित गरेको पाउन सक्छौँ । विशेष गरी काफ्लेले २०६७ सालमा 'रामवाण' गजलसङ्ग्रह प्रकाशनमा ल्याएको जानकारी स्वयम्ले दिएका छन् । 'रामवाण' नामक प्रस्तुति कृतिले गजलप्रतिको आकर्षण र समर्पणलाई पुष्टि गरेको छ । 'रामवाण' शब्दले मूलतः अचुक निसानलाई बुझाउँछ ।

काफ्लेले आफ्ना फुटकर गजलहरूको सञ्चयको नाम 'रामवाण' चयन गरेर यसैभित्र आफ्ना विचार र भावहरूको अभिव्यञ्जन गरेका छन् । वस्तुतः समय र समाजको चित्रण यी गजलमा भएको छ। यहाँ प्रणयभाव वा चेतना मात्र भेटिँदैन। सामाजिक विकृति विसङ्गतिको चित्रण स्वभाविक रूपमा भएको छ । यी गजलकार सेर सन्देशमूलक छन् भने कतिपय व्यङ्ग्यात्मक पनि । समग्रमा नेपाली गजलको वर्तमान स्वरूप प्रभाव यी गजलमा परेको छ भन्ने कुरा शोधनायकबाट पाइन्छ ।

**मुक्तककार व्यक्तित्व** : साहित्यकार लेखनाथ काफ्लेले साहित्यिक विधामा कलम चलाउने क्रममा मुक्तक विधामा पनि कलम चलाउन उत्तिकै लागु परेका छन् । काफ्लेले मुक्तक सार्ने स्कुले जीवनबाट नै सुन्दै सुनाएको हामी पाउँछौँ । काफ्लेले 'मट्याङ्ग्रा' मुक्तकसङ्ग्रह प्रकाशित गरेका छन् । यस मुक्तकसङ्ग्रहभित्र २२० वटा मुक्तक छन् । सबै मुक्तकले छुट्टाछुट्टै किसिमको भाव बोकेका छन् । कतै मायाप्रेमको भाव, विछोडको भाव, राजनैतिक परिवेश, भौगोलिक वातावरण, धनी गरीब विभिन्न भाव झल्काउने मुक्तक हामी 'मट्याङ्ग्रा' सङ्ग्रहभित्र पाउँछौँ । काफ्लेले विभिन्न पत्रपत्रिकामा पनि धेरै किसिमका

मुक्तकहरू प्रकाशित गरेका छन् । साँच्चै काफ्लेका मुक्तकका हरेक हरफहरू साहित्यिक भाव बोकेका सुन्दा पढ्दा पनि आनन्द आउने खालका हामी पाउँछौं । काफ्लेले साहित्यिक विधाहरू मध्ये मुक्तक विधालाई पनि धेरै महत्त्व दिएको कुरा शोधनायक स्वयम्बाट पाउन सकिन्छ ।

### २.७.३ साहित्येत्तर व्यक्तित्व

लेखनाथ काफ्लेका साहित्यिक क्षेत्रमा देखिएका विविध गतिविधिहरू जस्तै साहित्येत्तर व्यक्तित्वका पनि विविध पाटाहरू रहेका छन् । यी साहित्येत्तर व्यक्तित्वले पनि कथाकार काफ्लेको एउटा साहित्यिक व्यक्तित्वका थप ऊर्जा तथा धरातल निर्माण गर्नमा अत्यन्त धेरै नै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । काफ्लेको साहित्येत्तर व्यक्तित्वका विविध पाटाहरूको छुट्टाछुट्टै तल चर्चा गरिएको छ ।

**सामाजिक व्यक्तित्व** : हरेक मानिसको सामाजिक व्यक्तित्व निर्माणमा ऊ जन्मेको, हुर्केको तथा बाँचेको समाजले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । मान्छे जस्तो समाज र परिवेशमा घुलमिल भयो त्यस्तै किसिमको व्यक्तित्व निर्माण हुनु पनि स्वभाविकै हो । अनि लेखनाथ काफ्लेको विविध व्यक्तित्व मध्ये महत्त्वपूर्ण साहित्येत्तर व्यक्तित्व, सामाजिक व्यक्तित्व हो । आफू बाँचेको समाजका लागि व्यक्तिले दिएको योगदान तथा उसको सामाजिक क्रियाकलापबाट नै कुनै पनि व्यक्तिको सामाजिक व्यक्तित्व निर्माण भएको हुन्छ । काफ्ले पनि साहित्य सिर्जना साथै सामाजिक सेवाका क्षेत्रमा पनि उत्तिकै सशक्त व्यक्तित्वका रूपमा देखिएका छन् । आफ्नो स्याङजा जिल्लाको सामाजिक विकासमा निरन्तर लागि परे लगत्तै लेखनाथ मथुरा अक्षयकोषको स्थापा गरेको जानकारी शोधनायक स्वयम्बाट नै पाइन्छ । काफ्ले नेपाल राष्ट्रिय गजल प्रतिष्ठान स्याङजा शाखामा उपाध्यक्ष, नेपाल राष्ट्रिय गजल प्रतिष्ठान स्याङजा शाखामा आजीवन सदस्यको रूपमा भूमिका निभाउँदै आएको लेखक स्वयम्ले बताएका छन् । यसरी जिल्लाका ठाउँ ठाउँमा विभिन्न पदमा रहेर हालसम्म पनि निरन्तर रूपमा लागि परेका काफ्ले सामाजिक व्यक्तित्व एक महत्त्वपूर्ण व्यक्तित्वका रूपमा रहेको छ ।

## २.८ सारांश

कथाकार लेखनाथ काफ्लेको जन्म २०१५ सालमा वालिङ न.पा. ७, स्याङ्जामा भएको हो । त्यही ठाउँमै प्रवेशिका उत्तीण गरेर भारततिर लागेका काफ्लेको अध्ययन आई.ए. तहसम्म पुगेको पाइन्छ । पेशाका दृष्टिले भने उनले शिक्षण क्षेत्र अँगालेका थिए । उनको विवाह २० वर्षको उमेरमा सामाजिक परम्परागत मान्यताअनुसार स्याङजा जिल्लाको गल्याङ गाउँबाट मथुरा ज्ञवालीसँग भएको पाइन्छ । उनका दुई छोरा र तीन छोरी छन् । बहुमुखी प्रतिभा सम्पन्न काफ्ले सानै उमेरदेखि साहित्य सिर्जनामा रुचि राख्ने स्रष्टा हुन् । पत्रपत्रिका पढ्ने, जातीय तथा वर्गीय विभेदको विरोध गर्ने काफ्ले आफ्नो परिश्रम र साधनाले खारिएर स्थापित स्रष्टा हुन् । शारीरिक रूपमा पनि हृष्टपुष्ट, तन्दुरुस्त काफ्ले साहित्यिक रूपमा पनि प्रखर छन् ।

कथा, कविता, उपन्यास, गजल, मुक्तक जस्ता विविध विधामा कलम चलाउने काफ्लेको कथाकार व्यक्तित्व अझ बढी विकसित देखिन्छ । कविता लेखनबाट साहित्य यात्रा सुरु गरे पनि कथा क्षेत्र उर्वर रहेको छ। उनले आफ्नो जीवन यात्रामा एउटा मात्र कथासङ्ग्रह प्रकाशित गरेका छन् । उनले प्रकाशित गरेको कथासङ्ग्रह सङ्घर्ष भित्र ३१ वटा कथा छन् । ती कथा सामाजिक, राजनैतिक, मनोवैज्ञानिक, आर्थिक विषयवस्तुयुक्त छन् । उनका कथाले जातीय भेदभाव, भ्रष्टाचार, जनयुद्धको प्रभाव जस्ता सन्दर्भलाई समेटेको पाइन्छ । उनले कथा मात्र नभएर कविता, उपन्यास, मुक्तक, गजल आदि विधामा पनि कलम चलाएर बहुमुखी व्यक्तित्व निर्माण गरेका छन् ।

# अध्याय तीन

# कथा सिद्धान्त र नेपाली कथाको विकासक्रम

## ३.१ कथाको सैद्धान्तिक परिचय

मानव सभ्यताको विकास सँगसँगै सुन्ने सुनाउने मौखिक परम्परामा कथा जन्मिएको हो । कथा संस्कृत भाषाबाट विकसित भएको हो । यसको व्युत्पत्तिगत अर्थलाई हेर्दा कथ् धातुमा अङ प्रत्यय लागेर कथ शब्दको निर्माण भएपछि सोही शब्दमा टाप् प्रत्यक्ष लागेर 'कथा' शब्दको निर्माण भएको हो। यसरी कथ (अ+आ) को प्रक्रियाबाट कथा शब्दको निर्माण भएको हो । जसको शाब्दिक अर्थ कथिएको वा भनिएको हुन आउँछ। साहित्य एक भाषिक कला हो। जसका गद्य र पद्य दुई रूप हुन्छन्। गद्यमा आख्यान, नाटक र निबन्ध पर्दछन्। निश्चित प्रकारको संरचनामा निवद्ध र सीमित आयतन भरिएको समय र स्थान भित्र विस्तारित विचार वा भावाभिव्यञ्जक सङ्क्षिप्त आख्यानात्मक  गद्य रूपलाई 'कथा' भनिन्छ (श्रेष्ठ र शर्मा २०४९ : ६७)। यसरी हेर्दा कथा निश्चित समयमा पढ्न सकिने सीमित आकारको गद्य रूप हो। अन्य विधाको तुलनामा कथा जीवनसँग अत्यन्त सन्निकट सम्बन्ध भएको र अत्याधिक लोकप्रिय विधा हो। यो केटाकेटी, युवायुवती तथा बुढाबुढी सबैले मन पराउने अत्यन्त मनोरञ्जनात्मक विधा हो। पूर्व र पश्चिममा आदिकालमा विविध प्राचीन परम्परित कथाहरू प्रचलित भए पनि आधुनिक नेपाली कथा १८ औं शताब्दीको पश्चिमी साहित्यबाट विकसित भएको हो ।

साहित्यका विविध विधा मध्येका कथा अत्यन्त लोकप्रिय विधा हो। कथा जीवनको जुनसुकै अंशको एक छोटो वृत्तान्त हो । यो छोटो समयमै पढ्न र बुझ्न सकिने छोटो र मनोरञ्जनात्मक सर्वप्राचीन विधा हो। कथालाई विभिन्न भाषामा चिनाउने प्रयास गरिएको छ। सुरुमा अङ्ग्रेजीमा कथा विधाको थालनी हुँदा यसलाई 'सर्ट टेल' भनियो भने पछि 'सर्ट स्टोरी' भन्न थालियो फ्रान्सेली भाषामा 'नुबेल' भनियो गुजराती भाषामा यस विधाको नाम 'नबालिका' रहन गयो भने वङ्गालीमा 'गल्प' राखियो र हिन्दीमा 'कहानी' शब्दले यो विधा परिचित भयो (शर्मा, २०५८ : १३)। यसरी विविध भाषामा व्युत्पत्ति हुँदै आएको कथा शब्दलाई नेपली साहित्यमा भने कसैले छोटो किस्सा त कसैले कुथुङ्ग्री पनि भनेको पाइन्छ। कसै कसैले त छोटो कथा पनि भनेका छन्। तर अन्तमा कथा शब्द नै कायम रहन गयो। जसको अर्थ कुनै कुरा भन्नु वा बताउनु भन्ने बुझिन्छ।

## ३.२ कथाको परिभाषा

कथालाई उत्पत्तिकालबाटै चिनाउने प्रयास गरिएको छ। विभिन्न विद्वान्हरूले आआफ्नै तरिकाबाट यसलाई चिनाउने प्रयत्न गरेको पाइन्छ। जसमध्येका केही परिभाषालाई यहाँ उल्लेख गरिएको छ । कथा भनेको यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एक बसाइमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जन्माउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैमा पूर्ण हुन्छ (एड्गर ऐलेन पो) (श्रेष्ठ, २०६० : ७) । "कथा एउटा यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ । यसका पात्र यसको शैली, यसको कथा विन्यास, सबैले त्यही एउटै भावको पुष्टि गर्दछन् । उपन्यासमा झै यसमा मानव जीवनका सम्पूर्ण तथा बृहत् रूप देखाउने प्रयास गरिँदैन । न त यसमा उपन्यासमा झैँ रसहरूको सम्मिश्रण रहेको हुन्छ, तर यो एउटा यस्तो रमणीय बगैँचा होइन जसमा थरी थरीका फुल्हरू बेलकट्टा सजिएको हुन्छ तर यो एउटा यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रूपमा देखा पर्दछ ( प्रेम चन्द्र र श्रेष्ठ, २०६० : ७) । छोटो किस्सा एउटा सानो आँखी झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ। थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो ... यो जतिको समाज सुधारक र मनुष्य उपर प्रभावकारी कुरा अरू छदै छैन कि भन्ने जस्तो लाग्दछ । यसैमा सबै रस निकाल्न सकिन्छ ... यसमा कला छ .... यसको ढङ्ग नाटकीय हुन्छ। चट्ट जीवनलाई एक दृश्यमा छुन्छ- लक्ष्मीप्रसाद देवकोटा (श्रेष्ठ, २०६० : ८)। "एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै इच्छार्थ हुनाले कथा एक प्रमुख पात्रको जीवनको कुनै अङ्गको र त्यस जीवनसम्बन्धी कुनै एक मुख्य घटना वा भाव दशाको मात्र उद्घाटन गर्दछ ।" डा. ईश्वर बराल (श्रेष्ठ, २०६० : ८) । कुनै एक पात्रका जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो ।" गुरूप्रसाद मैनाली (शर्मा, २०५८ : ३५) ।

विविध परिभाषाका आधारमा निष्कर्षमा भन्नुपर्दा कथा छोटो समयमै पढ्न र बुझ्न सकिने जीवनको कुनै एक पक्षको चित्रण गरिएको एक सशक्त आख्यानात्मक गद्य रूप हो । जुन सङ्क्षिप्त भएर पनि आफैमा पूर्ण हुन्छ । कथाभित्र कुनै खास मूल्य हुनुपर्दछ । यो लघु आयामको कुनै एक प्रभाव छोड्न सक्ने स्वयंमा पूर्ण मनोरञ्जनात्मक विधा हो । जसमा कथात्मकता रहेको हुन्छ ।

### ३.३ कथाका तत्त्वहरू

आधुनिक साहित्यको लोकप्रिय विधाका रूपमा कथालाई लिइन्छ। कथा आख्यान अन्तर्गतको महत्त्वपूर्ण विधा भएकाले आख्यान संरचनाका आवश्यक तत्त्वहरूको प्रयोग कथाको संरचनामा पनि हुने गर्दछ (बराल र घिमिरे, २०५७ : ३)। यसरी कथा बनाउनका लागि विविध उपकरणहरूको आवश्यकता पर्दछ। यसका आफ्ना विधागत अवयवहरू रहेका छन्। जुन व्यवस्थित र शृङ्खलित रूपमा प्रयोग हुनुपर्दछ। कथामा एउटा मात्र तत्त्वको कमी भए पनि यो पूर्ण हुन सक्दैन। समीक्षक डा. मोहन हिमांशु थापाले कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य गरी छ वटा तत्त्व उल्लेख गरेका छन् (थापा, २०३६ : १४६)। ईश्वर बरालले कथानक, क्रियाकलाप, चरित्र, घटना, सङ्घर्ष, परिवेश र कौतुहललाई कथाका तत्त्व मानेका छन् । टङ्कप्रसाद न्यौपानेले कथावस्तु चरित्र संवाद देशकाल तथा वातावरण शैली, उद्देश्यका तत्त्व हुन् भनेका छन्। हरिप्रसाद शर्माले कथानक वा कथावस्तु कथापात्र र दृष्टिकोण र पात्र, कथा परिवेश र गति, संवाद वा कथोपकथन कथाको उद्देश्य, शैली रचना कथाका उपकरण हुन् भनेका छन्। केशवप्रसाद उपाध्यायले कथानक, चरित्र, देशकाल, वातावरण, विचार, कौतुहल, संवाद, शैली र उद्देश्यलाई कथाका तत्त्व स्वीकारेका छन् । महादेव अवस्थीले शीर्षक प्रयोग, विषय वा केन्द्रीय कथ्य, कथावस्तु, योजना, पात्रविधान, परिवेश चित्रण, परिच्छेद विधान दृष्टिबिन्दु, भाषाशैली र बिम्ब प्रतीक प्रयोगलाई कथाका तत्त्व स्वीकारेका छन् । दयाराम श्रेष्ठ नयाँ समालोचना शास्त्र अनुसार कथाको शरीर रचनालाई संरचना र रूपविन्यास गरी विभाजित गरेका छन्। संरचना अन्तर्गत कथावस्तु पात्र दृष्टिबिन्दु र सारवस्तु पर्दछन् भने रूपविन्यास अन्तर्गत पदविनस, बिम्बविधान, व्यङ्ग्य, प्रतीक, विधान, तुलना, शीर्षक पर्दछन् भनेका छन् (सुवेदी, २०५७ : ८-१३)। उपर्युक्त विविध अभिमत रहे पनि कथाका तत्त्वहरूलाई मोटामोटी रूपमा कथावस्तु वा कथानक, पात्र र चरित्र परिवेश, भाषाशैली, दृष्टिबिन्दु र उद्देश्यलाई निम्नानुसार क्रमशः चर्चा गरिन्छ :

**कथानक :** कथावस्तु कथाको अनिवार्य तत्त्व हो। यसका घटकहरू कार्यकारण शृङ्खलामा आएका हुन्छन्। वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो (श्रेष्ठ, २०६० : ८)। कथामा संक्षिप्तता, तीव्रता जस्ता तत्त्व रहनुपर्छ। समावेश गरिएका घटना, प्रसङ्ग, पात्र, संवाद आदिमा परिमितता आउनुपर्छ, जसले गर्दा कथामा गद्यात्मकता र तीव्रताको स्थिति सिर्जना हुन्छ। यस्ता विविध

कुराहरू समेट्ने कथानक कथाको मेरुदण्ड नै हो तथा एक योजनाबद्ध कार्यक्रम पनि हो। कथाकारले कथानकको निर्माणमा हरेक घटनालाई रहस्यमय ढङ्गमा सङ्गठित गर्दछ ( गौतम, २०५४ : ५)। त्यसले गर्दा कथानक वा कथावस्तुले पाठकमा कौतुहलता जगाइदिन्छ। कथामा आदि मध्य र अन्त्यको शृङ्खलायुक्त रैखिक तथा क्रम नमिलेको वृत्तकारी ढाँचाको कथानक पाइन्छ। यो बौद्धिक प्रक्रिया हो।

कथा लेखनका लागि इतिहास पुराण, साहित्य, कल्पना, पत्रपत्रिका, दैनिक जीवन सम्बद्ध घटनाहरू र विविध परिवेश वस्तु प्राप्तिका स्रोत मानिन्छन् तापनि कथानक कुनै मानव जीवन आधृत गहनतम घटनासँग सम्बद्ध रहनुपर्छ (शर्मा, २०५८ : ६३)। कथामा कथाको स्रोत वा विषयवस्तु इतिहास, पुराण, साहित्य, रागभाव यथार्थ तथा स्वैरकल्पना आदिबाट लिन सकिन्छ। यी स्रोत मध्ये कुनै एकलाई पक्रेर वा एकभन्दा बढी स्रोत मिसाएर पनि कथानक तयार गर्न सकिन्छ। कथानक सरल, सहज र स्वभाविक हुनुपर्छ। यस प्रकारको कथानक आधुनिक कथामा महत्त्वपूर्ण मानिन्छ तर वर्तमान समयमा कथा लेखनमा कथानक ढाँचालाई भत्काएर कथानकको नगण्य रूप दिने प्रचलन छ। परिणाम स्वरूप 'अकथा' ले प्रश्रय पाउँदै गएको छ तर पनि जस्तोसुकै कथामा पनि कथानक रहेकै हुन्छ।

**पात्र वा चरित्र** : कथानकलाई अगाडि बढाउने कथाको महत्त्वपूर्ण अवयव पात्र हो। चरित्र नभएको पनि कथा हुन्छ भन्ने कल्पना गर्न सकिन्न तर चरित्र मानव प्राणी मात्र नभई पशुपक्षी र निर्जीव वस्तु पनि हुन सकछन् (बराल, २०२८ : ५३)। पात्र मानवीय तथा मानवेत्तर दुवै हुन सक्छन्। जुन नैतिक, विवेकशील तथा स्वभाविक हुनुपर्छ। पात्र विना कथा नै अपुरो हुन्छ। पात्रले नै कथालाई ऊर्जा प्रदान गर्दछन्। कथामा पात्रको सम्बन्ध घटना, परिवेश, वातावरण, क्रियाव्यापार तथा द्वन्द्वसँग रहन्छ। पात्रका क्रियाकलापले कथामा द्वन्द्व सिर्जना गर्छ र त्यसपछि कथाले गति लिन थाल्छ। त्यसैले पात्रमा अभिप्रेरणा र एकरूपता जस्ता दुई तत्त्वहरू रहनु अत्यावश्यक मानिन्छ। कथाको सजीव अङ्गका रूपमा पात्रलाई लिइन्छ। पात्रको परचालनबाट नै सम्पूर्ण कथा गतिशील बन्दछ।

कथामा पात्रहरू यति नै हुनुपर्छ भन्ने कुनै किटानी हुँदैन। कथा आफैमा पूर्ण गद्य विधा भएकाले पात्रहरूको संयोजन पनि त्यस्तै किसिमले गर्नुपर्दछ। कथामा पात्रलाई वर्गीकरण  कार्यका आधारमा मुख्य पात्र, सहायक पात्र र गौण पात्र मानिन्छ। यस्तै, प्रवृत्तिका आधारमा प्रतिकूल पात्र र अनुकूल पात्र हुन्छन् भने स्वभावका आधारमा वर्गगत र

व्यक्तिगत पात्र रहेका हुन्छन् । यस्तै आसन्नताका आधारमा मञ्चीय पात्र र नेपथ्य पात्र रहेका हुन्छन् भने आबद्धताका आधारमा मुक्त र बद्ध पात्र रहन्छन् । शैक्षिक आर्थिक, उमेर, व्यक्तित्व व्याप्ति आदि प्रशस्तै आधारहरूमा कथाका पात्रहरूलाई वर्गीकरण गर्ने गरिन्छ। आधुनिक कथामा प्रयुक्त पात्र मानवीय नै हुने गर्छन् । कथामा प्रयोग गरिने पात्र स्वभाविक र जीवन्त हुनुपर्छ। परिस्थिति अनुसार चल्न सक्ने, सजीव, यथार्थ, कलात्मक तथा नैतिक गुणले युक्त पात्र कथामा आवश्यक हुन्छ। यस्तो प्रकृतिका पात्र प्रयोग नगरेमा कथा फितलो हुन्छ। त्यसैले कथाकारले कथामा चरित्रलाई सावधानीपूर्वक उचित तबरले प्रयोग गर्नुपर्छ।

**परिवेश :** देश, काल र परिस्थितिको समष्टि रूपलाई परिवेश भनिन्छ। कथामा परिवेश अत्यन्त महत्त्वपूर्ण मानिन्छ। देश भन्नाले स्थान, काल भन्नाले समय र परिस्थिति भन्नाले वातावरण भन्ने बुझिन्छ। कथामा वर्णित घटना वा स्थिति विशेषको एउटा धरातल हुन्छ, जुन धरातललाई भौतिक र मानसिक धरातलका रूपमा लिइन्छ। हो त्यही धरातल नै देशकाल हो जसलाई वातावरण भनिन्छ (आचार्य र बस्नेत, २०६३ : ३१५)। कथावस्तुको विश्वसनीयता र पात्रको सजीवताका निम्ति परिवेश चित्रण अत्यावश्यक हुन्छ। देशकाललाई साध्य र साधनका रूपमा प्रयोग गर्नुपर्छ। कथामा परिवेश पात्रले गर्ने कार्य र घट्ने घटनाको स्वरूप, स्थिति, स्थान र समय हो। कथामा पात्रको चरित्र स्पष्ट पार्न र घटना र क्रिया व्यापारलाई प्रभावकारी बनाउन परिवेशको महत्त्व रहन्छ। कथाका पात्रको व्यक्तित्व, पारिवारिक पृष्ठभूमि र समाज, सामाजिक परम्परा, प्रकृति तथा ॠतु जस्ता विशेषतादेखि लिएर पात्रका क्रियाकलाप घट्ने पृष्ठभूमि, भाषा, भाषिका, व्यक्ति, बोली आदि सारा कुरा परिवेशद्वारा प्रमाणित हुन्छ। कथामा मानव आन्तरिक तथा बाह्य र स्थानयि तथा आञ्चलिक परिवेशको चित्रण पाइन्छ। परिवेशको चित्रण विषय र प्रवृति अनुसार भएको हुनुपर्छ। कथाको गति बढाउन, पाठकलाई यथार्थता बोध गराउन वा यथार्थको भ्रम उत्पन्न गराउन कथानकलाई विश्वसनीय बनाउनमा परिवेशको महत्त्वपूर्ण भूमिका हुन्छ। अतः कथामा परिवेशलाई अपरिहार्य तत्त्व मानिन्छ।

**भाषाशैली :** कुनै पनि भाव या विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो। भाषालाई अभिव्यक्त गर्ने ढङ्ग ढाँचा वा तरिका शैली हो । त्यसैले कथाको विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गर्न भाषाशैलीको आवश्यकता पर्दछ। भाषाशैली विना कथाकारले कथाको

साकार रूप दिन सक्दैन । साहित्यको भाषा आलङ्कारिक हुन्छ । कथामा पात्रको स्तर र विषयवस्तु अनुकूल सरल र सहज भाषाशैलीको प्रयोग गर्नुपर्दछ ।

भाषा व्यक्ति हो भने व्यक्तित्व शैली हो भन्दा फरक पर्दैन । शैली भन्नाले कथाको कलात्मक मूल्य बुझिन्छ । शैलीको चमत्कारीपनले नै कथा रोचक बन्दछ । विषयवस्तु र शैली उच्च स्तरीय भयो भने कथा पनि उत्कृष्ट बन्न जान्छ । कथामा भौतिक र मानसिक वातावरण अनुकूल भाषा र शैलीहरूको प्रयोग गर्नुपर्छ । तर कथामा कथाकारले आफ्नै निजी शैली प्रयोग गरेको हुन्छ । शैलीलाई समयका आधारमा परम्परागत र आधुनिक, भाषाका आधारमा काव्यात्मक, वर्णनात्मक, व्याख्यात्मक र वैज्ञानिक गरी वर्गीकरण गर्न सकिन्छ ( ढुङ्गेल र दाहाल, २०६२ : ८) । कथामा कथाकार सफल खालको भयो भने सरल विषयवस्तु पनि विशिष्ट प्रकारले प्रस्तुत गर्न सक्छ । त्यसैले कथामा भाषाशैलीलाई महत्त्वपूर्ण तत्व मानिन्छ ।

**दृष्टिविन्दु :** कथामा कथावाचक उभिने ठाउँ नै दृष्टिविन्दु हो । यसलाई दृष्टिकोण, दृष्टिकेन्द्र, कथनपद्धति आदि नामले चिनिन्छ । दृष्टिविन्दुको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक सामु पुऱ्याउँछ । कथाकार र पाठकवर्ग बीचको सम्बन्ध सूत्रको रूपमा यसले भूमिका खेल्छ । कथामा कथा सुनाउने कथावाचक पात्र नै दृष्टिविन्दु पात्र हो । यसलाई सामाख्याता पात्र पनि भनिन्छ । कथावस्तुलाई पाठक वर्गका निम्ति संवेध एवम् प्रेषणीय बनाउन भूमिका कथात्मक दृष्टिविन्दुले खेल्दछ (श्रेष्ठ, २०६० : १०) । दृष्टिविन्दु विना कथाकारले आफ्नो कथावस्तु बाहिर ल्याउन सक्दैन । त्यसैले दृष्टिविन्दु कथाको उत्कृष्टता मापक हो । यस्तै दृष्टिविन्दुलाई आन्तरिक दृष्टिविन्दु र बाह्य दृष्टिविन्दु गरी अध्ययन गर्न सकिन्छ ।

कथामा आन्तरिक दृष्टिविन्दुलाई प्रथम पुरुष दृष्टिविन्दु पनि भनिन्छ । यो कथामा 'म' का रूपमा उपस्थित हुन्छ । यस दृष्टिविन्दुबाट कथित कथामा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । आन्तरिक दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन् । केन्द्रीय दृष्टिविन्दुमा स्वयम् कथाकार वा अरू कुनै पात्र 'म' को रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ भन्ने परिधीय दृष्टिविन्दुमा कथाको कथयिता त्यसको पात्र त हुन्छ तर केन्द्रीय घटना र चरित्रहरू भन्दा अलिकति टाढा बसेर सुनाइरहेको हुन्छ । कथामा बाह्य दृष्टिविन्दुलाई तृतीय पुरुष दृष्टिविन्दु पनि भनिन्छ । यस प्रकृतिको दृष्टिविन्दु भएको कथामा

कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घटनास्थल भन्दा बाहिर बसेर अरूका बारेमा टिप्पणी गर्दछ। यस प्रकृतिको दृष्टिविन्दु पनि सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ। सर्वदर्शी दृष्टिविन्दुमा कथाकारले प्रायः सबै पात्रका भावना प्रतिक्रिया विचार आदि समाविष्ट गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिन्छ। सीमित दृष्टिविन्दुमा एक मात्र पात्रको मानसिक विचरण गराइन्छ। त्यस्तै वस्तुपरकमा कुनै पात्रको मानसिक संसारको विचरण गराइएको हुँदैन। पात्रको निजी मानसिक बौद्धिक अवस्थालाई ध्यानमा राखी कुनै क्षण विशेषमा त्यस पात्रले अनुभूत गर्ने कुरा मनका प्रतिक्रिया विचार क्षमताको सीमा आदि पात्रको माध्यमबाट कथामा व्यक्त गर्ने क्षमता कथाकारमा भएको हुनुपर्दछ (श्रेष्ठ, २०५७ : ११)। त्यसले दृष्टिविन्दु र पात्रको निकटताको सम्बन्ध रहेको हुन्छ। तसर्थ दृष्टिविन्दुलाई महत्त्वपूर्ण तत्त्व मानिन्छ।

**उद्देश्य** : कथामा रहेको केन्द्रीय वा आधारभूत विचार नै उद्देश्य हो। सम्पूर्ण कथाको केन्द्रीय रूपमा रहेको लेखकीय अभिप्रायलाई बहन गर्ने मूलभूत तत्व नै उद्देश्य हो (शर्मा, २०५८ : ११२)। कथामा उद्देश्य अमूर्त रूपमा रहन्छ। कुनै पनि कथा कृति पढिसकेपछि समग्रमा कुन भावार्थ वा अभिप्राय पाउन सकिन्छ। त्यो नै सारवस्तु हो। यसले लेखकको जीवनको दर्शनको भारवहन गरेको हुन्छ। कथाले छोड्ने निष्कर्ष नै उद्देश्य हो। उद्देश्यले कथाको स्वरूपमा एकान्वित प्रदान गर्दछ। उद्देश्यको आधारमै कथाकारले आफ्नो कथालाई गतिशील बनाएको हुन्छ। कथामा उद्देश्य केन्द्रमा रहने र अन्य तत्त्वहरू परिधिमा रहने गर्दछन्। प्राचीन कथाको उद्देश्य नीति उपदेश र मनोरञ्जन दिनु थियो तर आधुनिक कथाको उद्देश्य भने समाजको यथार्थ चित्रण, नीतिचेतना, सुधारवादी भावना, मनका विभिन्न भावहरूको वर्णन, सौन्दर्य पक्षको वर्णन गर्नु, अन्दाज दिनु जस्ता आदि हुन सक्दछन्। कथामा सारवस्तु मानव शरीरको रक्तसञ्चार प्रणाली झैँ सर्वव्याप्त हुन्छ (श्रेष्ठ, २०६० : १२)। अतः यो कथाको सौन्दर्यात्मक तत्व हो। यसले मानव समाजका निम्ति नै विभिन्न भाव वा सञ्चार गर्दछ। कथामा उद्देश्यलाई कलात्मक रूपमा प्रस्तुत गर्नुपर्दछ। तसर्थ उद्देश्य कथाको महत्त्वपूर्ण आवश्यक र स्थूल तत्त्व हो।

निष्कर्षमा भन्नुपर्दा कथा एक यौगिक रचना हो जुन विभिन्न अवयवद्वारा सिङ्गो आकृतिको निर्माण हुन्छ। जसको लागि कथानक, पात्र, परिवेश, भाषाशैली, दृष्टिविन्दु, उद्देश्य जस्ता तत्वहरू आवश्यक तथा महत्त्वपूर्ण मानिन्छन्। यी तत्वहरू कुनै एकको कमी

भएमा पनि कथा पूर्ण हुन सक्दैन । त्यसैले कथाको पूर्ण संरचना निर्माण गर्नका लागि यी तत्त्वहरूको महत्त्वपूर्ण भूमिका रहन्छ ।

### ३.४ नेपाली कथाको विकासक्रम

नेपाली कथाको प्रारम्भ कहाँबाट के कसरी भयो भनी किटानी साथ भन्न गाह्रो भएपनि आदिकाल देखि नै कथा भन्दै सुन्दै आएको पाइन्छ । यसको इतिहास सवा दुई सय वर्ष जतिको भएको पाइन्छ । लोक जीवनमा पुस्तौं पुस्तादेखि मौखिक तथा अलिखित रूपमा प्रचलित हुँदै आएको कथाको जगका रूपमा लोककथा, घाँटु, दन्त्यकथा, सोरठी आदिलाई लिन सकिन्छ । यी विधामा आख्यान तत्वको प्रबलता रहेको पाइन्छ । तर नेपाली साहित्यमा कथा परम्पराको इतिहास हेर्दा भारतीय संस्कृतिलाई सम्झनुपर्छ । जुन पूर्वमा ऋग्वेद, ब्राह्मण, ग्रन्थ र उपनिषद्ले प्राचीन कथा परम्पराको इतिहास प्रारम्भ गरेका छन् । लौकिक संस्कृत साहित्यमा 'रामायण' र 'महाभारत' ले तथा 'पञ्चतन्त्र', 'हितोपदेश' बौद्ध जातक कथाहरूले कथा परम्पराको विकासमा योगदान गरेका छन् ।

नेपाली इतिहासकारले पौराणिक काल, अनुश्रुति काल, लिच्छवि काल र शाहकाल गरी कथाको पृष्ठभूमि अध्ययन गर्ने जमर्को गरेको पाइन्छ तापनि नेपाली कथाको इतिहासमा लोक, पौराणिक, धार्मिक जातक तथा नीति कथाहरू भन्ने र सुन्ने परम्परा रहेपनि लिखित रूपमा भने कथा प्राप्त गर्न सकिएको थिएन । नेपाली एकीकरणको अभियानले नेपाली भाषालाई अनौपचारिक रूपमै भएपनि राष्ट्रभाषाको घोषणा गरेपनि नेपाली साहित्यमा विविध विधालाई लेख्य रूप दिन थालियो । लिखित रूपमा हेर्दा नेपाली भाषाको पहिलो कथात्मक कृति शक्तिवल्लभ अर्यालको 'महाभारत विराटपर्व' (१८१७) देखिन आउँछ (श्रेष्ठ र शर्मा, २०६४ : ६१) । यस कृतिलाई लिखित तथा प्रमाणिक आख्यान रूप मानिन्छ । यही विन्दुलाई हेर्दा नेपाली कथाले दुई शताब्दी भन्दा लामो समय पार गरिसकेको छ ।  यसरी अगाडि बढेको कथा विधाले विविध मोड तथा घुम्तीहरू पार गरेको छ । कथाको काल विभाजनमा स्रष्टा, कृति, पत्रपत्रिकाको प्रकाशन, राजनैतिक गतिविधि आदिले प्रभावित पारेको पाइन्छ । नेपाली आख्यानको बीज रूप भने शक्तिवल्लभ अर्यालको 'महाभारत विराटपर्व' लाई नै मानिन्छ । नेपाली साहित्यको कालविभाजन गर्ने क्रममा विविध मतमतान्तर भएपनि ऐतिहासिक आधारलाई ध्यानमा राखी नेपाली कथाको समग्र काल विभाजन यसरी गर्न सकिन्छ ।

क)	प्रारम्भिक काल (वि.सं. ८२७ देखि १९५७ सम्म)

ख)	माध्यमिक काल (वि.सं. १९५८ देखि १९९१ सम्म)

ग)	आधुनिक काल (वि.सं. १९९२ देखि हालसम्म) (श्रेष्ठ र शर्मा, २०६४ : ७४) ।

### ३.४.१ प्रारम्भिक काल (वि.सं. १८२७ देखि १९५७ सम्म)

वि.सं. १८१७ मा शक्तिवल्लभ अर्यालको 'महाभारत विराटपर्व' को अनुवादलाई नै आख्यानको प्रथम औपचारिक गद्यकृति मानिन्छ । यसै कृतिबाट नै कथाले लेख्य रूप ग्रहण गरेको हो । माध्यमिक काल र आधुनिक कालको पृष्ठभूमिको रूपमा रहेको प्रारम्भिक कालले १३० वर्षको समयावधि ओगटेको छ । यस कालखण्डमा अधिकांश रचनाहरू संस्कृतबाट अनुदित रूप पाइन्छ । त्यसबाहेक हिन्दी, उर्दू, फारसी, अङ्ग्रेजी आदि जस्ता भाषाबाट पनि अनुवाद गरिएको पाइन्छ । यस समयमा कथामा हुनुपर्ने सम्पूर्ण तत्वहरूको समावेश नरहेपनि आख्यानात्मक बीज प्राप्त गर्न सकिन्छ ।

नेपाली कथाको प्रकृति हेर्दा महाभारत, रामायण, हितोपदेश, स्वस्थानी व्रतकथा, श्रीमद्भागवत र विभिन्न पुराणहरूका साथै सिंहासन बत्तिसी, बेताल पच्चीसी, बहत्तरी सुगाको कथा जस्ता कथा आख्यानहरूले नेपाली विद्वानहरूलाई ठूलो प्रभाव पारेको पाइन्छ ( श्रेष्ठ, २०६० : २० । यस कालखण्डमा विविध भाषाबाट अनुदित कृतिमा संस्कृत भाषाबाट नेपालीमा अनुदित कृतिहरूमा महाभारत विराटपर्व, हितोपदेश मित्रलाभ, मुद्रा राक्षस आदि कृतिहरू रहेका छन् । त्यस्तै अङ्ग्रेजीबाट अनुदित कृतिहरूमा सेरामपुरको बाइबल, बाइबल आदि त्यस्तै भारतीय भाषाबाट अनुदित मुन्सीका तीन आहान, बीरबल चातुरी आदि रहेका छन् ।

प्रारम्भिक कालको कथाहरूमा विधागत सचेतता पाइँदैन । यस कालमा कथाकार कथाकार नभई अनुवादक हुन् । नीति शिक्षाको भण्डार संस्कृत रहनु धार्मिक प्रेरणा जगाउन मनोरञ्जनका लागि कथा लेखिनु, अनुस्युतिमूलक कथा पाइनु, घटना र पात्रको बहुलता रहनु, अतिभावुकता, मानवेतर शक्तिको चित्रण, पद्यमिश्रणले कथाले खास संरचना प्राप्त गर्न नसक्नु आदर्श तथा भाग्यवादमा महत्त्व राख्नु, अनुवादमा सीमित रहनु मौलिकताको अभाव हुनु जस्ता महत्त्वपूर्ण विशेषताहरू यस कालखण्डमा प्राप्त गर्न सकिन्छ ।

यसरी ऐतिहासिक दृष्टिले यस कालको विकासक्रममा त्यति धेरै गतिशीलता आएको नपाइए तापनि प्रारम्भिक जगभ ने सार्थक रूपले नै बसेको देखिन्छ ।

### ३.४.२ माध्यमिक काल (वि.सं. १९५८ देखि १९९१ सम्म)

१९५८ सालमा प्रकाशित 'गोरखापत्र' को प्रकाशनसँगै नेपाली कथाको माध्यमिक कालको शुरुवात हुन्छ। साथै १९९२ सालको 'शारदा' पत्रिकाको प्रकाशनपूर्वको समय कायम रहन्छ। यस समयका कथाहरू पत्रिकासँग सम्बन्धित भए। गोरखापत्रको प्राथमिक काल र माध्यमिक हालको कोसेढुङ्गा सावित भयो।

माध्यमिक कालका कथाहरूमा लेखकहरू सचेत भई विधागत सचेतता आउनुका साथै मौलिकतापूर्ण रचनामा प्रेरित हुन थाले। विविध नेपालभित्र र नेपाल बाहिरबाट प्रकाशित पत्रपत्रिकाले कथा लेखनमा उत्तेजित बनाएका छन्। गोरखापत्रका अतिरिक्त 'गोर्खेखबर कागज' (१९५८), 'सुन्दरी' (१९६३), 'माधवी' (१९६५), 'गोर्खाली' (१८७२), 'चन्द्र' (१९७२), चन्द्रिका' (१९७४), 'जन्मभूमि' (१९७९), 'गोर्खा संसार' (१९८३) आदि कथाको विकासको लागि महत्त्वपूर्ण पत्रिकाका रूपमा लिन सकिन्छ किनकि गोरखापत्रबाट कथा प्रकाशन हुन थालेपछि विभिन्न पत्रिकाहरूले कथाको प्रकाशन तथा विकासमा महत्त्वपूर्ण सहयोग गरेको पाइन्छ। यस कालका आएर कथाले विस्तारै आफ्नो स्वरूप प्राप्त गर्न थालेको पाइन्छ। यस समय अवधिका प्रकाशित कथाहरूमा 'प्राचीन प्रपञ्च' (१९६२), 'भूतलीला' (१९६३), 'गला' (१९६५), 'माला' (१९६८), 'सुकुल गुण्डाको कहानी' (१९६९), 'स्वर्गको साँचो' (१९७१), 'हीराको औंठी' (१९७२), 'अशिक्षित जानकी' (१९७२), 'बदला' ( १९७६), 'कर्मको फल' (१९७८), 'एक विचित्रको जासुसी' (१९७१), 'हस्सी' (१९६२), 'उट्पट्याङ' (१९५९), 'देवीको वली' (१९८३), 'अन्नपूर्णा' (१९८४), 'करनीको फल' ( १९८६), 'एउटा गरिब सार्कीको छोरी' (१९८६) आदि महत्त्वपूर्ण कृति मानिन्छन्। माध्यमिक कालको शुरुतिरका कथामा धार्मिक, पौराणिक, नैतिक, मनोरञ्जनात्मक, जासुसी आदि विषयमा देखिएका कथा पाइन्छन् भने आन्तरिक कथामा सामाजिक खराबी र त्यसका परिणामको गम्भीरतापूर्वक विश्लेषण गरिएको पाइन्छ। साथै उपदेशात्मक तथा मौलिकतापूर्ण कृति रचना गरी आधुनिकताको संकेत गरेको पाइन्छ। यस कालका प्रमुख प्रवृत्तिहरूमा अनुवादकबाट मुक्त हुने प्रयत्न, मौलिकतापूर्ण लेखनमा जोड, नैतिकता, मनोरञ्जनात्मकता, उपदेशात्मकता, सामाजिकता जस्ता पक्ष समेट्नु, जीवनको आदर्श पक्षको वर्णन गरिनु, मानव पात्रलाई जोड दिनु, अनुस्युति कथा लेखन घटाउनु, कथा लेखन समाजतर्फ केन्द्रित हुन थाल्नु, विधागत सचेतता आउनु, आधुनिक कथामा उपयुक्त पृष्ठभूमिको निर्माण गर्नु आदि रहेका छन्।

### ३.४.३ आधुनिक काल (वि.सं. १९९२ देखि हालसम्म)

'आधुनिक' शब्दको अर्थ वर्तमान समयको हाल सालको वा नयाँ भन्ने हुन्छ। नेपाली कथाको आधुनिक काल वि.सं. १९९२ सालको 'शारदा' पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको 'नासो' कथासँगै आरम्भ भएको पाइन्छ। यो नयाँ परम्परा स्थापना भएको करिब सात दशक मात्र पुगेको छ। यस समयका विविध राजनैतिक परिवर्तनले पनि कथामा गति आएको हो। नेपालीमा सजग र सैद्धान्तिक कथाको थालनी भने १९९२ को 'नासो' कथाबाट भएको छ (शर्मा, २०५९ : २३७)। आधुनिक कालमा आएर मात्र कथामा कलात्मक शिल्प सचेतता पाइन्छ। केन्द्रमा यथार्थवादलाई र त्यसपछि परिधीय स्थितिमा क्रमशः राजनैतिक सामाजिक चेतनाको जागरण, लेखन पद्धतिको विकासमा यन्त्र युगप्रति बढी सचेतता, आधुनिक सञ्चार माध्यमप्रति तीव्र सेचतता र स्वआर्जित शिल्प सौन्दर्यप्रति अनुष्ठा आदिलाई पाउन सकिन्छ (श्रेष्ठ र शर्मा, २०६४ : ८१)। समग्रमा यथार्थवादका लक्षणहरूमा कथालाई गद्यमा लेखिनु, यथार्थको चित्रण हुनु, अतिमानवीय चरित्रको बहिष्कार गर्नु, बौद्धिक चिन्तनयुक्त कथा लेख्नु, कथामा दृश्यात्मक पद्धति अँगाल्नु आदि रहेका छन्। आधुनिक नेपाली कथाको अध्ययन गर्ने क्रममा सहजताको लागि विभिन्न चिन्तकहरूले विभिन्न युग तथा धारागत रूपमा वर्गीकरण गर्ने गरेको पाइन्छ।

आधुनिक काललाई वि.सं. १९९२ देखि २०१९ सम्म यथार्थवादी युग भनेर अध्ययन गरिएको पाइन्छ। यस युगलाई पनि सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक यथार्थवादी धारा र समाजवादी प्रगतिवादी यथार्थवादी धारामा विभाजन गरिएको पाइन्छ। यस्तै आधुनिक काललाई २०२० सालदेखि २०३९ सम्म नवचेतनावादी युग र २०४० सालदेखि हालसम्म समसामयिक युग भनेर वर्गीकरण गरेको पाइन्छ।

## ३.५ आधुनिक नेपाली कथामा लेखनाथ काफ्लेको स्थान

आधुनिक नेपाली कथा परम्पराको थालनी १९९२ सालमा 'शारदा' पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको 'नासो' कथाबाट भएको हो। जसले आदर्शोन्मुख सामाजिक यथार्थवादी धाराको प्रारम्भ गऱ्यो। त्यसपछि कोइरालाको १९९२ सालमै शारदामा प्रकाशित 'चन्द्रवदन' कथाले यौन मनोवैज्ञानिक धाराको सुरुवात गऱ्यो। त्यसपछि २००६ सालमा रमेश विकलको 'गरीब' कथाले प्रगतिवादी धाराको सुरुवात गऱ्यो। २०२० सालपछि विविध आन्दोलनहरू चर्कदै गए। कथाकारले त्यसै अनुरूप प्रयोगवादी कथा लेख्न थाले। २०४०

सालपछिको समय भने फेरि बेग्लै बन्दै गयो । त्यस समयमा समसामयिक धारालाई अँगालेर कथाकारहरूले कथा लेख्न थाले । यी विविध धाराहरूलाई अगाडि बढाउने कथाकारहरूमा इस्माली, घनश्याम ढकाल, अनिल श्रेष्ठ, राजव हरिगोविन्द लुइँटेल, नारायण ढकाल, पुण्य कार्की, तेजप्रकाश श्रेष्ठ, भाष्कर, लेखनाथ काफ्ले आदि रहेका छन् ।

कथा लेखनको उपर्युक्त परम्परालाई आत्मसात् गरी आफ्नो कथा यात्रा सुरु गर्ने आधुनिक कथाकार लेखनाथ काफ्लेले २०६६ सालमा सङ्घर्ष कथासङ्ग्रह प्रकाशित गरी आधुनिक नेपाली कथाको फाँटमा प्रवेश गरेका हुन् । नेपाली कथाको समसामयिक धाराका एक सशक्त प्रतिभाका रूपमा चिनिने सफल काफ्लेले करिब एक दशक लामो यात्रा पार गरिसकेका छन् । काफ्लेले निम्न तथा मध्यम वर्गीय नेपाली जनजीवनको चित्रण, जातीय भेदभाव तथा छुवाछुत प्रथा, वर्ग, द्वन्द्वमय अवस्थाको चित्रण, विकृति, विसङ्गति श्रम, शोषण, अनिकाल जस्ता सामाजिक विषयहरूको समावेश गरी कथा रचना गरेका छन् । पछिल्लो समयमा उनका कथाहरूले समसामयिक धारालाई दरिलो रूपमा आत्मसात् गरेको पाइन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका विभिन्न परिवर्तन सँगै काफ्लेको कथा लेखन समसामयिक बन्दै गएको पाइन्छ । आफैले देखे भोगेको सामाजिक तथा राजनीतिक परिवशेको यथार्थपरक चित्रण गर्नु उनका कथाको महत्त्वपूर्ण विषय हो । ‘सङ्घर्ष’ कथासङ्ग्रहमा ‘नेपाली समाजमा विद्यमान अभाव, गरिबी, वर्गीयता, जातीय भेदभाव जस्ता सामाजिक तथा पारिवारिक विषयको वर्णन गर्दै मान्छेले मान्छेमाथि गर्ने दुर्व्यवहार र मानिसबाट भइरहेको मानवताको दोहनसमेतको अत्यन्त मार्मिक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै गरी उनका कथाहरूमा सामाजिक, राजनैतिक, पारिवारिक, आर्थिक आदि विविध क्षेत्रमा देखिएका विकृति, विसङ्गति र तिनको आलोचनासमेत गरेको पाइन्छ । आञ्चलिक खालका कथाहरू पनि काफ्लेले यस समयमा लेखेको पाइन्छ । सामाजिक उत्पीडन, राजनीतिक द्वेष, पूर्वाग्रह र विसङ्गतिलाई कर्मचारी तन्त्रमा देखिएका विकृतिजन्य पक्ष आदिलाई मुख्य विषयवस्तु बनाएर काफ्ले अगाडि बढेको पाइन्छ ।

यसरी लगभग एक दशक लामो कथा यात्रा पूरा गरेका कथाकार काफ्ले आधुनिक नेपाली कथाको समसामयिक धारालाई अगाडि बढाउने एक सशक्त प्रतिभा हुन् । समसामयिक विषयवस्तुलाई जोड दिँदै आधुनिक नेपाली कथा साहित्यको ढुकुटी भर्न धेरै सहयोग पुऱ्याउने काफ्लेको समसामयिक धारामा उच्च तथा महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

## ३.६ कथाकार लेखनाथ काफ्लेको कथा यात्रा

२०६६ सालमा 'सङ्घर्ष' कथासङ्ग्रह प्रकाशित गरी कथाकारको पङ्क्तिमा आफ्नो नाम दर्ता गराउन सफल भएका कथाकार लेखनाथ काफ्लेले लगभग एकदशक कथा यात्रा पूरा गरिसकेको पाइन्छ। काफ्लेले 'सङ्घर्ष' कथासङ्ग्रहभित्र जम्मा ३१ वटा कथा प्रस्तुत गरेका छन्। कथाकार काफ्लेले कथा यात्राको शुभारम्भदेखि हालसम्म आइपुग्दाको समयमा उनका कथाहरूमा विषयवस्तुगत भावभूमि, सामाजिक यथार्थ, नवीन शैलीशिल्प जस्ता पक्षहरूमा परिवर्तन हुँदै आएको पाइन्छ। उनले कथायात्राको प्रारम्भमा शोषक र शोषित बीचको द्वन्द्व प्रजातन्त्र प्राप्तिको सङ्घर्ष जीवन भोगाइको यथार्थपरक रूपमा चित्रण गर्ने जस्ता कुराहरूलाई आफ्नो कथामा समेटेको पाइन्छ। समाजका राजनीतिक परिवेश भित्रका विसङगत पक्षको चिरफार, जातीय छुवाछुत आफ्ना कथामा विषयवस्तु बनाएको पाइन्छ।

## ३.७ सारांश

कथा आधुनिक साहित्यको लोकप्रिय एवम् नवीन विधा हो। पूर्व र पश्चिममा कथाको उत्पत्तिका सम्बन्धमा विविध चर्चा परिचर्चा भएका छन् तर एक मत भने पाइँदैन। आधुनिक नेपाली कथाको विकासमा भने पाश्चात्य साहित्यको महत्त्वपूर्ण देन रहेको छ। १८ औं शताब्दीमा पश्चिमी साहित्यबाट विकसित कथा अरबी, फारसी, हिन्दी हुँदै नेपाली साहित्यमा भित्रिएको पाइन्छ। कथाको परिभाषाका सम्बन्धमा पनि विद्वान्हरू बिच एक मत पाइँदैन। कथा छोटो समयमै पढ्न सकिने, जीवनको कुनै एक पक्षको चित्रण गरिएको आख्यानात्मक गद्य रूप हो। यो कुनै प्रभाव छोड्न सक्ने, कथात्मकतायुक्त स्वयंमा पूर्ण मनोरञ्जनात्मक विधा हो। यो एक आख्यानात्मक विधा भएकाले यस सम्बन्धमा अन्य उपन्यास, निबन्ध, जीवनी जस्ता आदि विधाहरूसँग पनि रहेको हुन्छ। यी विधा बीच कथासँग केही समानता रहे पनि आ-आफ्ना छुट्टाछुट्टै पहिचान हुने हुनाले भिन्नता हुन्छ। त्यस्तै कथाका तत्त्वका सम्बन्धमा पनि फरक फरक मत रहेको पाइन्छ। विद्वान्हरूको मतलाई आधार मानी महत्त्वपूर्ण तत्त्वहरू कथानक, पात्र, परिवेश, भाषाशैली, दृष्टिबिन्दु र उद्देश्यको चर्चा गरिएको छ। अध्ययन कार्यलाई सरल बनाउनका लागि कथालाई विषयवस्तु सिद्धान्त र शैलीका आधारमा वर्गीकरण गरिएको छ। शक्तिवल्लभ अर्यालद्वारा अनुदित 'महाभारत विराटपर्व' (१८२७) लाई नै आख्यानको प्रथम लेख्य औपचारिक गद्य कृति मानिन्छ। यस कृतिबाट नै कथाको प्राथमिक काल सुरु भयो भने माध्यमिक काल १९५८

सालको 'गोरखापत्रसँगै सुरु भएको पाइन्छ। यही कालमा 'गोरखापत्र' लगायत एक दर्जन पत्रिकाले कथाको प्रकाशन र विकासमा महत्त्वपूर्ण योगदान गरेको पाइन्छ।

आधुनिक कालपूर्वका कथा कृतिहरू कथा तत्त्वका दृष्टिले त्यति महत्त्वपूर्ण नभए पनि आधुनिक कालका पृष्ठभूमिका रूपमा भने आएका छन्। १९९२ सालको 'शारदा' पत्रिकामा प्रकाशित गुरूप्रसाद मैनालीको 'नासो' कथाले आधुनिकतामा पाइला टेक्यो। यस कथामा मैनालीले सामाजिक विषयवस्तु समेटे पनि आदर्शतालाई भने त्याग्न सकेका छैनन्। आधुनिक नेपाली कथाको अध्ययनलाई सहज बनाउन विविध धारा तथा युगमा विभाजन गरिएको छ। कथाका तीन युग मध्ये १९९२ सालबाट कथाको यथार्थवादी युगको सुरुवात् हुन्छ। यस समयमा सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी तथा प्रगतिवादी यथार्थवादी धारा रहेका छन् भने कथाले समसामयिक युग प्रवेश गऱ्यो। विविध राजनीतिक परिवेश झेल्दै अगाडि बढेको यस युगमा विनिर्माणवाद, मनोवैज्ञानिकता, नारीवाद, अस्ति-विसङ्गतिवाद वैज्ञानिकता आदि जस्ता प्रवृत्ति रहेको पाइन्छ। आधुनिक नेपाली कथाको समसामयिक धारामा योगदान पुऱ्याउने काफ्लेले २०६६ सामाजिक यथार्थपरक विषय, राजनीतिक विषय, सामाजिक, आर्थिक, मनोवैज्ञानिक आदि जस्ता विषय समेटेर कथा लेखेको पाइन्छ। यसरी समसामयिक धारामा देखा परेका काफ्ले आधुनिक नेपाली कथाको विकासमा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ।

## अध्याय चार

# सङ्घर्ष कथासङ्ग्रहका कथाहरूको कथानक र उद्देश्य

जिन्दगीमा सङ्घर्ष गर्नु सबैको कर्तव्य हो । अधिकार प्राप्तिका लागि कर्तव्य पूरा गरिएन भने त्यसको औचित्य रहँदैन । त्यसैले साहित्य साधनामा लागेका लेखनाथ काफ्ले पनि केही सङ्घर्ष गर्न थालेका छन् । आफ्नै जीवनयापनको सिलसिलालाई अलिकति व्यवस्थित पार्न र साहित्यिक यात्रालाई  अगाडि बढाउन जिन्दगीमा गर्नुपरेका, भोग्नुपरेका, नजिकैबाट देखेका र सुनेका विषयवस्तुलाई सङ्गृहीत गरेर आफ्नो साहित्यिक यात्राको सङ्घर्षसहित सङ्घर्ष कथासङ्ग्रह (२०६६) लिएर साहित्यिक धरातलमा देखापरेका छन् । साहित्यिक यात्राको सन्दर्भमा त्यो मितिसम्म प्रकाशन भएका कृतिमध्ये सङ्घर्ष कथासङ्ग्रह आयाम र आकारका हिसाबले ठूलो कृति हो । विषयवस्तुले ओगटेको सन्दर्भ र कमाएको प्रतिष्ठा नै सङ्घर्ष बनेर आएकोले कथाहरू दमदार छन् । एक सय १० पृष्ठमा फैलिएको सङ्घर्ष कथासङ्ग्रहमा जम्मा ३१ वटा कथा सङ्गृहीत छन् । जसको कथानक र उद्देश्यका आधारमा निम्नानुसार अध्ययन गर्न सकिन्छ :

**४.१ 'दलित' कथाको कथानक र उद्देश्य :** दलित सङ्घर्ष कथासङ्ग्रहको पहिलो कथा हो । जुन कथा आयामका हिसाबले चार पृष्ठमा संरचित रहेको छ ।

**कथानक :** श्याम र भक्तबहादुर एउटै कक्षामा पढ्ने साथी थिए । उनीहरू सँगै मिलेर पढ्ने गर्दथे । हरेक परीक्षामा दुवै प्रथम र द्वितीय हुँदै गए । उनीहरू दुवै सँगै पढ्ने, खेल्ने, घुम्ने गर्न थाले । तर यसरी दलित वर्गको जातिसँग हेमप्रेम हुँदै गएको श्यामका बाबु हरिलाई पटक्कै मन परेको थिएन । उनी उच्च जात कहलाएका ब्राह्मण र उनको पेशा पण्डित्याइँ थियो । त्यसैले हरिले छोरालाई हामी उच्च जातिका मान्छे हौं सानु जातिसँग सङ्गत गर्नु राम्रो होइन हाम्रो संस्कारले दिँदैन भनेर सम्झाउथे । श्याम र भक्तबहादुरको हेमप्रेम र सम्बन्ध झन् गाढा हुँदै गयो । उनीहरू एस.एल.सी परीक्षा दिए, पास पनि भए । उच्च शिक्षाका लागि दुवै बजारमा एउटै डेरा गरेर बस्न थाले । गाउँमा हरिप्रसादको पण्डित्याइँ काम पनि घट्दै गयो । समय गतिसँगै श्याम र भक्तबहादुरले अन्तर्जातीय विवाह गरे । श्याम घर आउनजान बन्द भयो । अचानक हरिप्रसाद रुखबाट खसी ठूलो घाउचोट लाग्यो उनलाई अस्पताल पुऱ्याइयो । धेरै रक्तश्रावका कारण उनलाई रगतको अभाव भयो । यसै

क्रममा उनलाई एउटै रगत भएकोले भक्तबहादुरले रगत दिई बचाए तर कसले बचायो भन्ने श्यामका बाबु छोरालाई थाहा भएन । पछि अचानक भक्तबहादुरले रगत दिएको कुरा थाहा पाएपछि हरिप्रसादले भक्तबहादुरलाई नजिकै बोलाउँदै भने- "बाबु भक्त म पशुभन्दा पनि तल झरे, अझै मान्छे चिन्न सकेको रहेनछु । तिमीलाई मैले धेरै छिःछि दुरदुर गरे । तिम्रो सङ्गत गरेकाले आफैंले जन्माएको छोरालाई हेला गरे । मलाई माफ दिनु" भन्दै गल्ती स्वीकार्दै पश्चातापको आँसु चुहाए । ठीकै छ बुबा समाज अशिक्षित भएपछि यस्तै हो, समाज सुधार्न अझै केही समय लाग्छ भन्दै कथा टुङ्ग्याइएको छ ।

**उद्देश्य :** समाजमा सामाजिक भेदभाव छुवाछुत जातीय कुप्रथा र कुसंस्कार छन् । त्यसको विरोधमा भए तापनि सामाजिक चलन भन्दै उक्त परम्परा यथावत रहेको छ । आजको युगमा यस्ता कुसंस्कार र कुप्रथाको विरोधमा आफ्नो कलम अगाडि बढाउनु पर्छ भन्नु नै कथाको मुख्य उद्देश्य रहेको छ । नेपालको सामाजिक परिवेशमा र छुवाछुत प्रथाले जरा गाडेको यथार्थ मार्मिक घटना क्रमलाई उदाङ्ग पार्ने काम 'दलित' कथाले गरेको छ । छुवाछुत र अन्धविश्वास प्रथाको विरोध गर्दै लेखिएको कथा सामाजिक कथाका रूपमा उभिएको छ ।

### ४.२ 'मानवीय जीवनको सरल उदाहरण' कथाको कथानक र उद्देश्य

मानवीय जीवनको सरल उदाहरण कथा काफ्लेको सङ्घर्ष कथा कृति भित्रको दोस्रो कथा हो । प्रस्तुत कथामा लेखकले म पात्र र मानवेतर पात्र कटहरको रुखलाई तुलना गरेर कथानक अगाडि बढाएका छन् । दुई पृष्ठमा संरचित कथा लघु आयामको रहेको छ ।

**कथानक :** म पात्र सानै रहेका बेला घर नजिकै कटहरको रुख थियो । रुखमा बेलाबेलामा विभिन्न परिवर्तन देखिई रहन्थे । कहिले पुराना पात झरेर नयाँ पालुवा पलाउने, कहिले हाँगाले धान्नै नसक्ने पात हुने र त्यही रुखका हाँगामा थरीथरीका चराले गुँड बनाएर बस्थे । यो मात्र होइन, फूल फुल्ने बेलामा अनेकौं पुतली तथा भमरा चर्न उक्त रुखमा आउने गर्दथे । यसरी कथाकारले प्रकृतिलाई पनि सन्तोष र सुख नभएको देखाउँदै कथाको कथानक अगाडि बढाएका छन् । उक्त रुखले आफ्नै तरिकाले जीवन बिताइरहेको थियो । सो क्रममा कहिलेकाहीँ ठूलो हुरी वा असिना आउँदा त्यस रुखका हाँगाहरू भाँच्चिन्थे । हाँगा भाँच्चिने मात्र होइन, चराको गुँड पुरै भत्केर र भुइँमा झरेर चराच्याखुराको विचल्ली भएको देख्नु पर्दा म पात्रलाई गहिरो पीर पर्थ्यो । यसरी कहिले बाढी पहिरो, हावा हुरीले लछारपछार

पारेको देखेर उनलाई चिन्ता लाग्थ्यो त कहिले त्यही आँखाले रुखभरि लटरम्मै फल फलेर भत्किएको उजाड मनलाई खुसी दिलाउथ्यो । यो क्रम केही वर्ष जारी रहँदै आएको म पात्रले नजिकैबाट देखिरहेका छन् । यसैगरी समय बित्दै गएको थियो । केही वर्षपछि रुख बूढो भएर हो वा रोग लागेर सुक्दै गयो । दुई भाइको साझा रुख भएकाले रुख ढालियो । सबै पात कुहिएर माटो बने । स-साना हाँगा दाउराबाट खरानी बने । रुखका मोटा भाग र हाँगालाई कुदेर विभिन्न ठेका, ठेकी, गौवा, हर्फे, आने, ढेउवा, टेउवा जस्ता थरीथरीका आरी बनाएर धेरैलाई दिइएको सन्दर्भ कथामा आएको छ ।

म पात्रले रुखबाट निर्मित विभिन्न कलाकृति देखेर मोहित भएका थिए । यसै क्रममा उनले भाँडा बनाउने एक चुदारालाई यी भाँडामध्ये धेरैपछिसम्म कुन-कुन खप्लान् ? भनेर सोधेका थिए, सो क्रममा ती चुदाराले 'हेर बाबु पहिलो त आफ्नो जतन गर्ने तरिका हो तर सर्सती हेर्दा जुन बढी छिप्पिएको वा दार पसेको छ उनै भाँडा धेरै वर्ष खप्छन् अरू क्रमशः छिटो-ढिलो खिइँदै जान्छन् ।' भनेको सुनेपछि उनका मनमा गहिरो गरी कुरा खेल्छन् । उनले मान्छे पनि कटहरको रुखका सामान जस्तै होला । कोही मर्ने बित्तिकै नाम निशाना हराउँदै जान्छ । कोहीको सयौं-हजारौं वर्षसम्म आत्मा वा विचार जीवितै रहेको जस्तो देखिन्छ । सायद मान्छे पनि आफ्नो काम र कृतिका आधारमा यस धर्तीमा बाँचिरहन्छ भन्ने मनमा कुरा खेलेसँगै कथानक सकिएको छ ।

**उद्देश्य** : हिजोआज मानिसहरू धेरै लोभी र पापी भइरहेका छन् । तर आदर्श समाज र कल्पना गर्नेको व्यवहार त्यो हुनु हुँदैन भन्ने कथाको मुख्य उद्देश्य रहेको छ । जबसम्म हामी रहन्छौं तब सम्म हाम्रो अस्तित्व रहने भएकाले अस्तित्वलाई जीवन्त राख्ने आधार भनेकै हाम्रो सत् कर्म हो । यसैले सदा सत् कर्ममा लाग्नुपर्छ भन्ने देखाउनु कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.३ 'पर्दैन' कथाको कथानक र उद्देश्य

'पर्दैन' कथा सङ्घर्ष कथासङ्ग्रह भित्रको तेस्रो कथा हो । कथा संरचनागत हिसाबले चार पृष्ठमा संरचित छ । प्रस्तुत कथा श्रीमान्-श्रीमतीको पारिवारिक रहनसहन, चालचलन र घरव्यवहारका कुरामा केन्द्रित रहेको छ । कथामा समाजमा व्याप्त छोरीको विभेद र छोराप्रतिको मोहका कारण सुन्दर घर परिवार कसरी मसानघाट बन्न पुग्छ भन्ने सन्दर्भलाई सुन्दर तरिकाले देखाइएको छ ।

**कथानक :** कथामा माधव मुख्य पात्रका रूपमा रहेका छन् । माधव र कलाको दाम्पत्य जीवनकथासँगै कथाको कथानक अगाडि बढेको छ । कलाका श्रीमान् माधव कलाको बाह्य रूपबाट अत्यन्तै मोहित थिए । माधव कलाप्रति जसरी मोहित थिए त्यसै गरेर कला आफ्नो सुन्दरतामा मोहित थिइन् । त्यो सुन्दरतालाई बिग्रन नदिन उनले केही वर्ष बच्चा नजन्माउने उपाय स्वरूप विभिन्न साधन प्रयोग गर्दै थिइन् । यसैक्रममा एक दिन उनका श्रीमान्ले हाम्रो सन्तान कहिले हुन्छ ? कतै वंशै नास हुने त होइन भनेर चिन्ता व्यक्त गरेका छन् । उनको उक्त कुरालाई श्रीमती कलाले किन आत्तिनुपर्‍यो, पहिला तपाईंले पैसा कमाउने केही मेसो गर्नु भन्ने सल्लाह दिएकी छन् । श्रीमतीको घरसल्लाह अनुरूप माधव सानो पेशामा लाग्छन्, दाम्पत्य जीवन सुमधुर हुँदै जान्छ ।

यता माधवलाई बाबा बन्ने चाहना तीव्र भइरहेको बेला उता कलाको व्यवहारमा परिवर्तन देखिन्छ । उनी बारम्बार अस्पताल धाउन थालेको देखेपछि एकदिन माधवले कला तिमी बारम्बार अस्पताल धाउँदै छौ, डाक्टरले के भनेका छन् ? मलाई नभनेर कसलाई भन्ने हो भनेर गुनासो गरेसँगै उनले श्रीमान्लाई नरिसाउने बाचामा कुरा सुनाएकी छन् । जुन कुरा माधवका लागि रुचिकर थिएन, माधवलाई छिटो बाबा बन्न मन लागेको थियो । कुराकानीकै क्रममा कलाले भनेकी छन्, 'हेर्नुहोस् तपाईंको बुबा एउटा, तपाईं पनि दाजुभाइमा एउटै, हामीले पनि एउटै सन्तान जन्माउने छोरा नै जन्माउनु पर्‍यो भनेर मैले पहिलो गर्भ छोरी भएकाले फालेर आएँ ।' कलाको कुरा सुनेर माधवले छोरी भए पनि किन फ्याक्नु पर्थ्यो भनेर चिन्ता व्यक्त गरे उता कलाले अपुतालीको बार छोरो भएकाले छोरो पाएर गाउँलेलाई देखाउनु पर्‍यो भनेर कथाको कथानक अगाडि बढेको छ ।

माधव पढालेखा भएकाले कल झगडाले अनिष्ट निम्त्याउला भनेर सचेत हुन्थे । श्रीमतीले भनेका कुरा सुन्दै र मान्दै थिए । आफ्नो जागीर, श्रीमतीको घरधन्दा पनि राम्रै थियो । तथापि, दौतरीले अगाडि-पछाडि छोराछोरी डोर्‍याएर हिंडेको देख्दा उनको मन चसक्क हुन्थ्यो । केही नबोलेरै जित्दै जाने क्रममा यस्तै हुँदाहुँदै 'के खोज्छस् काँना आँखो' भने झैं कला गर्भवती भइन् । समय पुग्यो, पहिलो गर्भ फ्याँके पनि दोस्रो गर्भबाट छोरो नै जन्माइन् । छोरो जन्मेको खुसीमा भोजभतेर र छैठी पनि धुमधामसँगै गरियो । छोराको नाम राजु राखियो । राजु हुर्कदै गए । उनलाई बोर्डिङ स्कुलमा भर्ना गरियो यसरी माधव र कलाको जीवनकथासँगै कथाको कथानक अगाडि बढेको छ । पारिवारिक पृष्ठभूमिमा बुनिएकाले कथा पढ्दै जाँदा गाउँघरकै कथा पढे जस्तो अनुभूति हुन्छ ।

माधवको परिवारमा राजु हुर्कदै जाँदा कलामा तेस्रो गर्भ रहन गयो । उनको चाहना भ्रूणहत्या गर्ने थियो, डाक्टरका पुग्दा बच्चा धेरै महिना भइसकेकाले भ्रूणहत्या गर्दा खतरा हुने भएपछि उनी घर फर्किन् । तापनि घर आएर विभिन्न गाउँले झारबूटी खाइन् तर पेटको गर्भ फ्याकिएन । महिना पुगेपछि कलाले छोरी जन्माइन् । दिन, महिना गर्दागर्दै छोराछोरी हुर्कदै गएका छन् । यसरी कलाको जीवनमा दुई सन्तानको आगमन भएको छ । यो कथाको विकासक्रमको भाग हो ।

माधवका परिवारले आफ्नै कोखबाट आएका सन्तान भए तापनि समान व्यवहार गर्न सकेका छैनन् । विशेष गरेर कलाको मानसिकता पुरातनवादी सोचबाट ग्रस्त देखिन्छ । कलाकै कारण माधवले छोरालाई महङ्गो बोर्डिङ र छोरी सुनितालाई साधारण विद्यालयमा पढाउन बाध्य छन् । छोराछोरी पढ्दै थिए, छोरीले पढ्ने रहर गर्दागर्दै पनि १० कक्षा पढ्दै बिहे गरिदिए । छोरालाई बी.ए.सम्म पढाए । छोरी विवाह घरमा सुखदुःख जीवन गुजार्दै गइन् । छोरालाई आफ्नै खुट्टामा उभ्याउन ५० औं ठाउँमा निवेदन दिए, जागिर मिलेन । ऋणधन गरेर खाडीतिर पठाए । यसरी समाजमा अझै पनि छोरीलाई सानै उमेरमा घरजम गरिदिने, छोरालाई बोर्डिङ पढाउने, कमाउन विदेश पठाउने पुरातनवादी सोचले समाजको विकास हुन सकेको छैन भन्ने भाव कथामा पाइन्छ ।

समय बित्दै गयो । छोरो विदेश, छोरी कर्मघर । यता बाबुआमा अशक्त हुँदै गए । छोराले पैसा पठाउनु त परको कुरा न चिठी पठाए, न फोन नै गरे । उता छोरीज्वाइँले आमाबुबालाई पटक-पटक आफ्नो घरमा जाउँ भन्दा दुवैले मानेनन् । अन्तत माधवलाई हिजोको रमाइलो र आनन्दपूर्ण घर आज सुनसान ओढार जस्तो लाग्न थालेको देखिन्छ । केही वर्षपछि राजु विदेशबाट आए तर बाबुआमाको वास्ता गरेनन् । उल्टो आफ्नो अंश माग्न थालेका छन् । बाबाले एउटा छोरो कता छुटिन्छौ घरमा बस । हाम्रो पनि हेरचाह गर्नु भन्दा मैले विवाह गरिसकेकाले उनी यस्तो बाँदर पनि नबस्ने ठाउँमा बस्दिनन् । छोराले पाउने अंश छुट्याई दिनु भनेर झगडा गरेपछि उनलाई अंश दिएका छन् । उनले पाएको जग्गाजमिन बेचेर शहरमा घर बनाएर बस्न थालेका छन् । यो कथाको उत्कर्षको भाग हो ।

हिजो अपुताली बार्ने छोरो पाएकी कला आज छोराकै व्यवहारबाट चिन्तित हुँदै गएकी छन् । खली खाएर पढाएको छोराको गति देख्दा बाबुआमा झन्-झन् चिन्तामा डुब्न थालेका छन् । उता छोरीज्वाइँले भने बेलामौकामा हेरविचार पुऱ्याइरहेका थिए । छोराको व्यवहार देखेर छिमेकीले पनि आफू बसेकै ठाउँमा बाबुआमालाई लैजानु भन्दा राजुले

यिनलाई शहरमा राख्दा मेरो इज्जत जान्छ भनेपछि गाउँलेहरू पनि उक्त परिवारप्रति चासो दिन छोडेका छन् । उता गाउँलेका कुरा सुन्नपर्ने भएकाले राजुले बाबुआमालाई बोलाउन र चाडबाडमा आउन पनि छाडेका छन् । यस्तै-यस्तै तरिकाले बाबुआमाका दिन बितिरहेका बेला एकदिन ज्वाइँ महेशको फोन आएको छ र ज्वाइँले फोनमै भन्छन्, 'बुबाआमा तपाईंहरूले कुनै असजिलो मान्नु पर्दैन । त्यहाँ केका लागि बस्नुहुन्छ ? हामी पनि तपाईंकै मान्छे हौं । मैले छोरी सुनितालाई लिन पठाउँदैछु । ठीक्क परेर बस्नु, नत्र मलाई ज्वाइँ भनेर सम्झनु पर्दैन ।' भनेर ज्वाइँले फोन राखेसँगै परिवारमा अर्को तरङ्ग पैदा भएको छ । छोराबुहारी छँदाछँदै उकालो मानो खाएर छोरीज्वाइँ कहाँ कसरी बस्ने ? भन्दै बूढाबूढी झन् चिन्तामा पर्न थालेको कथानकलाई देखाएर कथामा सामाजिक पुरानतवादी संस्कारले कस्तो समस्या औल्याउँछ भन्ने चित्रण प्रस्तुत गरिएको छ ।

माघ महिनाको मौसम खुले जस्तो कलाको मन खुल्न सकेको छैन । परिवारमा सन्नाटा छाएको छ । माधवले अप्रिय निर्णय लिन पुगेकाले श्रीमती कला डाको छोडेर रुन थालेकी छन् । छिमेकीले किन, के कारणले यस्तो हुन पुग्यो भनेर चिन्तन गर्न थालेका छन् । केहीबेरमा प्रहरी, डाक्टर र फोटोग्राफर आएर जाँचबुझपछि मुचुल्का तयार पार्छन् । लामो समय घरमा नआउन राजु माधवले राती श्रीमती कलाले पनि थाहा नपाउने गरी घरको दलिनमा आफै पासो लगाएर मरेपछि छोरा राजु पनि आइपुगेका छन् । भुइँमा सुताइएको माधवको गोजी छाम्दा कागजमा यस्तो व्यहोरा लेखिएको फेला परेको छ । माधवको गोजीमा यो व्यहोरामा लेखिएको चिर्कटो फेला पारेसँगै कथाको कथानक सकिएको छ ।

**उद्देश्य :** ग्रामीण जनजीवनको वास्तविकतालाई प्रस्तुत गरिएको कथामा लिङ्गका आधारमा भेदभाव गर्नु हुँदैन भनिएको छ । जुन समाजमा छोराछोरी बीच भेदभाव हुन्छ त्यो समाज पुरातनवादी चिन्तनबाट उठ्न सक्दैन भन्ने सन्दर्भलाई कथाले प्रष्ट्याएको छ । हिजो आज पनि समाजमा छोराछोरी बीचको विभेद हुन सकेको छैन । यसको अन्त्य गरी समतामुलक समाज निर्माण होस् भन्ने अपेक्षा राख्नु कथाको उद्देश्य रहेको छ । यसरी छोराछोरीप्रति बाबुआमाको पुरातनवादी सोच र चिन्तनले एउटा परिवारमा कसरी विखण्डन आउँदो रहेछ भनेर देखाउनु कथाको मुख्य उद्देश्य रहेको छ ।

## ४.४ 'याद आउँछ' कथाको कथानक र उद्देश्य

'याद आउँछ' कथा कृति भित्रको चौथो कथा हो । लघुकथा संरचनाको प्रस्तुत कथा म पात्रका माध्यमबाट अगाडि बढेको छ । कथामा म पात्रको बाल्य जीवनको स्मरण अभिव्यक्त भएको छ ।

**कथानक** : गाउँमा जन्मेका म पात्रको वन नजिकै केही रोपनी बारी रहेको र त्यहाँ वर्षेनी मकै छर्ने गरिएको सन्दर्भबाट कथानक अगाडि बढेको छ । जहाँ उनीहरूले मकै त लगाउँथे तर मकै छरेर मात्र के गर्ने ? जहाँ बाँदरले निकै सताउने भएकाले गर्दा म पात्र घरबाट बाँदर लखेट्न सानैदेखि जाने गरेको पाइन्छ । म पात्रको बाँदर लखेटाई रहर भन्दा पनि कहरको कुरा थियो । किनकि उनका बुबाआमाले नै जबरजस्ती मकै कुर्न र बाँदर धपाउन पठाउने गरेका थिए । सो बेला म पात्र रुँदै, मन अमिलो र पीरो बनाउँदै मकै कुर्न जाने गरेका थिए, यो कथा विकासको चरण हो ।

म पात्र सानै भएकाले आफैँले पनि राम्रोसँग मकै जोगाउन नसक्ने भएकाले बाँदरले मकै खाएर दु:ख दिने गर्दथे । यसै क्रममा एक दिन म पात्र बाँदरलाई लखेट्दै बारीदेखि केही पर पुगेका बेला बाँदरका ढेँडुहरूले आक्रमण गरी चिथोरे पछि म पात्र बेहोस् भएर त्यहीँ लड्न पुगेका छन् । पछि होस्मा आउँदा बाँदरहरू देख्दैनन्, डराउँदै-डराउँदै घर जान्छन् । घरमा आमालाई सबै घटना सुनाउँदा आमाले हातमा लठ्ठी र ढुंगो लिएर लखेट्नुपर्छ । आफू कमजोर बने बाँदरले झम्टने वा लखेट्ने गर्छन् भनेर सम्झाएकी छन् । बादर धपाउन जाने म पात्रलाई बादरले नै धपाएको घटनापछि म पात्रले आमाले भने बमोजिम बाँदरलाई धपाउन थालेका छन् । त्यसपछि भने उनलाई बाँदरले खेद्न छोडेका छन् । यसरी कथाको कथानक अगाडि बढ्दै गएको छ ।

लामो समयको अन्तरालमा आज म पात्र ठूला र बुझ्ने भएका छन् । हिजो आज उनले धेरैजसो मान्छेमा आफूले बाल्यकालमा बादरमा देखेको त्यस्तै व्यवहार वा चरित्र देख्न थालेका छन् । ठूलाले सानालाई, धनीले गरीबलाई, ठूलो जाति वा समाजले सानो वर्ग र समाजलाई हेप्ने संस्कार मौलाउँदै जाँदा एक दिन हाम्रो राष्ट्र र राष्ट्रियता नै धरापमा पर्ने छ भनेर चिन्तन गर्न थालेका छन् । उनका मनमा यस्तै कुरा खेल्न थालेका छन्, ठूला राष्ट्रका व्यवहारलाई साना राष्ट्रले कुनै प्रतिकार नगर्ने र सहेर बस्ने हो भने जति सक्यो हेप्छन् । यसैले समाजमा हिजो आज बलियाले निर्धालाई हेपेको देख्दा म पात्रले ढेँडु बाँदरहरूको याद आएसँगै कथाको कथानक अन्त्य भएको छ ।

**उद्देश्य :** याद आउँछ कथाको मुख्य उद्देश्य हामी कोही पनि अन्यायमा रहनु हुँदै । कसैले पनि अन्यास सहनु हुँदैन । हामी हिम्मतका साथ बाँच्नुपर्छ । वर्तमानमा राष्ट्रिय र राष्ट्रियता माथि नै प्रश्न खडा भएकाले त्यसका लागि इमान्दार र जुझारु भएर अगाडि बढ्नुपर्छ । बलियाले निर्धालाई बाँदरले लछारपछार पारे जस्तो हाम्रो स्वाभिमान्लाई छिमेकीले समाप्त पार्नेछन् । यसैले राष्ट्र र राष्ट्रियताको भावना जागृत गराउँदै राष्ट्रप्रति वफादार हुनुपर्छ भन्नु नै कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.५ 'आएनन्' कथाको कथानक र उद्देश्य

'आएनन्' कृति भित्रको पाँचौं कथा हो । जुन आयामका हिसाबले तीन पृष्ठमा फैलिएको मध्यम कथा हो । प्रस्तुत कथामा हिजोको द्वन्द्वकालमा जनताले भोग्न परेका दुःख र सास्तीलाई देखाइएको छ ।

**कथानक :** झमक्क साँझ परेको बेलाबाट शुरु भएको कथाको कथानक रामप्रसादको घरबाट शुरु भएको छ । साँझको बेला रामप्रसादको घरमा तीनजना पुरुष र दुईजना महिला आएका छन् । उनीहरू रामप्रसादका परिवारसँग केही नसोधी खुरुखुरु घरको कोठाभित्र पसेका छन् । जसको उमेर हेर्दा मिल्दाजुल्दा देखिने २०-२२ वर्षका होलान् भनेर अनुमान गर्न सकिने देखिन्छ । घरमा पसेका सबैजना पानीले निथ्रुक्क भिजेकाले कोहीले कपडा खोल्दै निर्चोन थालेका छन् । कोहीले झाडन मागेका छन् । कोहीले पछ्यौरा मागेका छन् । उनीहरूको चालामाला देखेर रामप्रसादका परिवार अचम्म छन् । उनीहरूको चालामाला देखेर रामप्रसादका परिवारलाई खसखस लागेपछि तपाईंहरू को हुनुहुन्छ ? घर कहाँ हो ? भनेर सोध्दा उनीहरूले एउटै उत्तर दिँदै भनेका छन्, 'हामीहरू जनताका मान्छे हौं । हाम्रो घरको कुनै ठेगाना छैन । यो पनि हाम्रै घर हो बरु हामी धेरै थाकेका र भोका छौं । त्यसैले आमा जे पाकेको छ त्यो खाना हामीलाई दिनुहोस् । तपाईंहरूले पछि बनाएर खाँदै गर्नुस्' भन्दै कथाको कथानक अगाडि बढेको छ ।

रामप्रसादकी आमाले साँझका पाहुना देवता समान भन्दै उनीहरूलाई जे जस्तो छ त्यही खुवाएकी छन् । हिजो पहिलो पटक शुरु भएको अपरिचित पाहुनालाई देवता मानेर खाना खुवाउने शृङ्खला समयको कालक्रममा रामप्रसादका घरमा पटक-पटक हुन थालेको छ । यस क्रममा रामप्रसादका घरमा अनेक अनुहारका मानिस आउन थालेका छन् । कोही रातारात आएर खाना खाएर तुरुन्तै बाटो लाग्ने, कोही हामी चाँडै उठेर हिँड्नुपर्छ एकै

ठाउँमा ओछ्यान लगाइदिनुहोस् भनेर महिला पुरुष एकै ठाउँमा सुत्थे । बिहान घरका मान्छे नउठ्दै हिँड्ने उनीहरूको यो क्रम रामप्रसादको घरमा केही वर्ष चलिरहेको सन्दर्भसँगै कथाको कथानकले थप गति लिएको छ ।

रामप्रसाद त्यस क्षेत्रका गन्यमान्य व्यक्तिमा पर्दथे । झट्ट बाहिरबाट हेर्दा पनि अरू गाउँलेको भन्दा उनको घर ठूलो र राम्रो थियो । उनका बाबु कर्मी भएकाले आफ्नो घर आफैँले राम्रै बनाएका थिए । घर बाहिरबाट हेर्दाको अवस्था सुन्दर भए पनि घरभित्रको आर्थिक अवस्था नाजुक छ भन्ने कुरा गाउँले र आफन्तलाई मात्र थाहा थियो । किनकि रामप्रसादका बाबु बेलैमा परलोक भएकाले आमा कुन्तीले छोरालाई पढाउन नसकेर विद्यालयबाट छुटाई दिएकी थिइन् । रामप्रसादको भर्खर बिहे भएकाले छोराबुहारीले मेलापातबाट ल्याएको पैसाले घरको जोहो टार्दै थिए । यो अवस्थासम्म कथाको कथानक प्रारम्भिक चरणमै देखिन्छ ।

कथानक अगाडि बढ्ने क्रममा एकदिन रामप्रसाद बिरामी भएर सुतेका छन् । रामप्रसादका घरमा सरकारी भेषका मान्छेको आगमन भएको छ । उनीहरू आएसँगै कथाको कथानक उत्कर्षमा पुगेको छ । सरकारी भेषमा आएका मान्छेले भन्न थालेका छन्- ‘ए बूढी निकाल तेरा छौडालाई बडो सरकारका दुश्मनलाई ज्वाइँलाई झैँ खुवाउँदी रहिछस्’ भन्दै ४०-५० जना सरकारी भेषमा गोली भिरेका मान्छेले घर घेरा हालेका छन् । केही दिन अघिदेखि बिरामी रामप्रसादलाई रगत आउने गरी बुटैबुटले हानेका छन् । त्यो अवस्था देखेर एकातर्फ रामप्रसादकी आमा र श्रीमती घोप्टो पर्दै रोएका छन् । उता रामप्रसादका नाबालक कान्छा छोरा अनिलले ‘ममी हाम्लो बुबा किन पितेको’ भनेर प्रश्न गरिरहेका छन् । त्यो कारुणिक अवस्थामा पनि उनीहरूले रामप्रसादलाई लछारपछार पार्दै रामप्रसादको एउटा हात भाँचिदिए र अन्तिम चेतावनी दिँदै भनेका छन्, ‘अब आइन्दा फेरि यस्तो थाहा भयो भने तेरो ज्यान रहनेछैन’ । यति भनेर उनीहरू अर्को गाउँ जाने बाटो लागेका छन् । यसरी कथानकले गति लिँदै अगाडि बढेको छ । यो कथाको मध्य भाग हो । नेपालको द्वन्द्वकालको समयलाई विषयवस्तु बनाएर लेखिएको कथा भएकाले कथा पढ्दै जाँदा त्यसपछि के भयो होला भनेर कौतुहलताकै साथ कथानक अगाडि बढेको छ ।

कुटपिट गरेर छोडेको केही महिनापछि रामप्रसादको हात र शरीर केही बिसेक त भयो । तर शरीर थिलोथिलो भएकाले तत्कालै काम गर्न नसक्ने भएकाले घरको कामधन्दा उनकी आमा, श्रीमती र सानो छोराको जिम्मामा पर्‍यो । त्यसपछि के गरेर गुजारा चलाउने

भन्ने विषयमा सोच्दै उनका दिन बित्न थालेका छन् । विदेश जान पनि रकम छैन, गएर पनि काम गर्न सक्दिन कि ? भन्ने दुविधात्मक विचार रामप्रसादका मनमा आउन थालेका सन्दर्भले अब कथाले कुन गति लिएर अगाडि बढ्छ भन्ने कौतुहलता बढाउन सफल भएको छ । सरसर्ती हेर्दा कथामा धेरै उपकथाको क्रम जोडिए तापनि कथाकारको कलात्मक र कुशल बुनोटले कथाले पाठकलाई तानिरहेको देखिन्छ । यसै क्रममा एकदिन रामको घरमा एउटा पत्र आइपुगेको छ ।

रामप्रसादलाई चिठीमा लेखिएको व्यहोराले झन् चक्कर लागेको छ । त्यसै त बिरामी र सरकार पक्षको कुटाइबाट कमजोर रामप्रसाद पत्र पढेर भ्याउनासाथ चक्कर लागेर ढल्न पुगेका छन् । ढलेसँगै जताततै पहेँलै देखेको बेला आमा कुन्तीले सम्झाएकी छन् । आमाले छोरो भएर यस्तो हद्दर खानु हुन्न, शहरतिर केही काम गरेर दुई चार पैसा कमाऊ, ढिलो चाँडो सके पूरै नत्र केही भए पनि दिनुपर्‍यो । नत्र ज्यानै नरहला भन्ने डर हुन्छ भनेर सम्झाएकी छन् । आमाले मात्र होइन, रामप्रसादकी श्रीमती उमाको पनि यस्तै आसय भएपछि उनीहरू काकाका ठूला छोरा दीपकका साथ लागेर शहर पसेका छन् । यसबाट द्वन्द्वकालका समयमा सोझा सीधा आम नेपालीले कसरी दुःख र कष्ट व्यहोर्नु परेको थियो भन्ने सन्दर्भलाई देखाउन कथा सफल भएको पाइन्छ ।

गाउँमा सन्तोषले दुई छाक खान लाउन पुग्ने रामप्रसादको परिवार गाउँबाट बिस्तापित भएसँगै शहरमा उनीहरू इटाभट्टामा काम गर्न थालेका थिए । जहाँ पातलो त्यही छेड पर्ने भने जस्तो एक दिन सुनियोजित रूपमै उनीहरूले काम गरिरहेको स्थलमा सरकार र विद्रोही पक्षबीच दोहोरो गोली हानाहान भयो । त्यसपछि को के-के भयो, को-को के भए भन्ने कुराको लेखाजोखा भएन । त्यहाँ को-को मरेका थिए, क-कसलाई पकडिइएको थियो, क-कसको लास कहाँ गाडियो कसैलाई थाहा भएन । रामप्रसादका आफन्त घटनास्थल पुग्दा ठाउँठाउँमा रगतका आहाल, खोल्सातिर गन्हाएका लास, अगलबगलमा लास पुरिएका आला ठाउँ मात्र होइन, एक छेऊमा दीपकको लास भेटियो तर रामप्रसादको कुनै पत्तो लागेन । यसरी द्वन्द्वकालमा एउटा सामान्य परिवारले के कस्ता समस्या भोग्न मात्र होइन, एउटा परिवारको कसरी वंशै विनास भएको थियो भन्ने कुरालाई सहज आँकलन गर्न सकिन्छ । यो कथाको मध्य भाग हो । जसले कथाको कथानकलाई उत्कर्षमा पुर्‍याएको छ ।

'आएनन्' कथाको अन्त्यतर्फ रामप्रसादका परिवारको उठीबास भएको केही वर्षपछि सरकार र विद्रोही पक्ष बीच सम्झौता भएको छ । नयाँ-पुराना अनुहारका मान्छेले ठाउँ र

कुर्ची पाएका छन् । घाइते र मृतकका आफन्तले केही रूपैयाँ पाए, कोही शहीद भए, धेरैका कब्जा गरिएका सम्पत्ति फिर्ता भए, डरले मुग्लान पसेका परिवार सम्झेर फर्केका छन् । सँगसँगै एकातर्फ जनताले देशमा चाहेको व्यवस्था आयो, शान्ति छायो, तानाशाहका पक्षधर किनारा लागे भनेका छन् । अर्कातर्फ उद्योगधन्दा र कलकारखाना पनि खोलिएका छन् । विद्यालय यथावत चल्न, क्षतिग्रस्त संरचना पुनर्निर्माण भएर आफन्त गुमाएकाहरूले पुराना घाउ बिर्सदै गए पनि रामप्रसादका परिवारमा त्यो परिवर्तन आउन सकेको छैन । रामप्रसादकी आमा कुन्ती, श्रीमती उमा र छोरा अनिलका आँखा कहिल्यै ओभाएका छैनन् । रामप्रसादका परिवारका आँखा ओभानो हुन नसकेका बेला रामप्रसादका छोराले बारबार गरिरहेका 'ममी हाम्रो बुबा कहिले आउनुहुन्छ ? भोलि-भोलि नाना लिएर आउनुहुन्छ हो ? कि दसैँमा खसी, पाठा लिएर आउनुहुन्छ ?' यस्तै-यस्तै प्रश्नले उनीहरूलाई उत्तरहीन जीवन कति बाँच्नु भनेर मन अमिलो बनाएर बाँच्न विवश भएका छन् । अनिलका प्रश्न सुनेसँगै आजसम्म रामप्रसाद मरे-जिउँदो कुनै ठेगान नभएपछि कुन्तीले आफू बाँचेको जीवनको अर्थ खोज्थिन् । उमाले आफूले लगाएका राता लुगा, चुरा, पोते र सिन्दूरको मूल्य खोज्थिन् । धेरैका घरमा सुख, शान्ति आए पनि रामप्रसादका घरमा कहिल्यै सन्तोष आएको छैन । देशमा शान्ति आएको लामो समयसम्म पनि रामप्रसाद अझै घर सम्झेर आएका छैनन् । रामप्रसादका घरमा सुख, शान्ति र सन्तोष आएनन् भन्ने सन्दर्भसँगै कथाको कथानक अन्त्य भएको छ ।

**उद्देश्य** : २०५२ सालदेखि शुरु भएका तत्कालीन माओवादीको विद्रोहको झिल्का देखिन्छ । जुन समय गाउँलेलाई सरकारले विद्रोहीको संरक्षण गरिस् भनेर दुःख दिने । विद्रोहीले सरकारलाई सुराकी लगाइस् भनेर दुःख दिँदा सोझा सीधा जनतालाई परेको अप्ठ्यारोलाई देखाउनु नै कथाको मुख्य उद्देश्य रहेको छ । यस सन्दर्भलाई देखाउँदै जनता जहिले पनि दुःख र पीडामा रहेको देखाउनु कथाको मुख्य उद्देश्य रहेको पाइन्छ ।

### ४. ६ 'छक्क परेँ' कथाको कथानक र उद्देश्य

सङ्घर्ष कथा कृति भित्रको छैटौं कथा 'छक्क परेँ' लघुकथा आयाममा संरचित कथा हो । उक्त कथामा गाउँले जनजीवनको सन्दर्भलाई अभिव्यक्त गरिएको छ । जुन कथामा म पात्रका माध्यमबाट गाउँका एकजना विद्वान्को चर्चा गरिएको छ । विद्वान्बाट बेलाबेलामा

केही ज्ञानगुनका कुराहरू पाइन्छ भनेर विभिन्न बहानामा म पात्र उनलाई भेट्न जाने गरेसँगै कथाको कथानक अगाडि बढेको छ ।

**कथानक :** विद्वान् कहाँ म पात्र जाने सन्दर्भ बाक्लो हुँदै गएपछि विद्वान्ले उनलाई सानोतिनो काम अह्राउन थालेका छन् । एकदिन घरमा भैँसी ल्याउनुपर्ने भएकाले उनलाई लिएर भैँसी लिन गएसँगै कथानकले थप गति लिएको छ । गाउँले परिवेशमा संरचित कथा भएकाले कथामा गाउँले जनजीवन, त्यहाको भीर र साँघुरो बाटो पनि कथामा परिवेशका रूपमा आएको छ । भैँसी ल्याउने क्रममा विद्वान्ले डोऱ्याउने र म पात्रले पुच्छर समातेर घरतिर ल्याउँदै अगाडि बढेका थिए । यसरी कथानक अगाडि बढ्दै जाँदा बेलाबेलामा भैँसी जता भीर छ, उतै-उतै चाप्ने गरेर दुःख दिएको मात्र होइन जोगाउँदा जोगाउँदै भैँसी भीरबाट करिब दुईसय फिट तल खोल्सामा पछारिन पुगेको छ ।

तल पछारिएको भैँसी हेर्न जाँदा म पात्रको शरीर थर्रर कापेको छ । उनलाई कापेको देखेर "नकाप भाइ जे नहुनु थियो भयो, भैँसी र धेरैजसो गरीब उस्तै हुन् ।" भनेर सम्झाएका छन् । उनको त्यो भनाइलाई म पात्रले पटक्कै बुझ्न सकेनन् । त्यसपछि उनले किन भनेर प्रश्न गर्दा विद्वान्ले भन्छन्- "भैँसीले जता भीर छ त्यतै चाप्छ, गरीबले पनि त्यस्तै गर्छन् । सानैदेखि जाँड, रक्सी, चुरोट ... खान सिक्छन् । जुवा, तास खेल्न सिक्छन् । सानै उमेरमा विवाह गर्छन् । आफूले धान्नै नसक्ने बच्चा जन्माउँछन् । सानोतिनो कल झगडा भए पारपाचुके गरेर छोराछोरीको बेहाल बनाउँछन् । व्यक्ति वा सरकारले गरेर खाऊ भनेर जग्गा दिए बेचेर खान्छन् । बस्ती वरपर फोहर बनाई रोग निम्त्याउँछन् । पढ्दापढ्दै छोड्छन् । आम्दानीभन्दा खर्च बढी गर्छन् । त्यस्तै-त्यस्तै मान्छेको सङ्गत गर्छन् । कुन बाटो वा मेलो हिँड्दा सप्रिन्छ र कुन बाटो हिँड्दा बिग्रिन्छ भन्ने कुरो बुझ्दैनन् । आफूले पनि माथि उठ्ने पहल गरे पो उँभो लागिन्छ ।" भनेर म पात्रलाई सम्झाउँदा उनका ती सबै कुरा सुन्दा म पात्र छक्क परेको सन्दर्भसँगै कथाको कथानक अन्त्य भएको छ ।

**उद्देश्य :** छक्क परेँ कथामा प्रायः गरीबहरूको जनजीवनलाई देखाइएको छ । उनीहरू आफ्नै स्वभाव र संगतका कारण थप गरीब हुँदै गएका छन् । गरीबी अन्त्यका लागि पहिला आफ्नो चिन्तन र असल व्यक्तिको संगत आवश्यक छ । त्यो हुन सक्यो भने सफलता हात मिल्छ भन्ने सन्देश कथामा पाइन्छ ।

### ४.७ 'बसाईं' कथाको कथानक र उद्देश्य

बसाइँ 'सङ्घर्ष' कथा कृति भित्रको सातौं कथा हो । संरचनागत हिसाबले चार पृष्ठमा संरचित कथा शुरुमा संवादात्मक शैलीमा अगाडि बढेको छ । कक्षाकोठामा शिक्षकले नवीनलाई पाँचमा पाँच थप्दा दश हुन्छ, तिमीले गल्ती गरेछौ, हिजो सरले सिकाएको भुल्यौ भन्ने प्रश्नमा नवीनले हतारमा गल्ती भए होला भनेर आजका विद्यार्थीको मनोवृत्तिको प्रदर्शनसँगै कथानक बढेको छ ।

**कथानक :** सुदीप र नवीन घर वल्तिरपल्तिर एउटै बाबुका दाजुभाइका छोरा भएकाले एक कक्षादेखि सँगै पढ्दै आएका साथी हुन् । दुवैले एउटै स्कुल, कक्षा र एउटै बेन्चमा बसी पढ्ने गरेका छन् । उनीहरू बीच पढाइमा निकै प्रतिस्पर्धा हुन्थ्यो, कक्षामा कहिले सुदीप कहिले नवीन प्रथम-द्वितीय हुँदै जान्थे । गुरुहरूको पनि उनीहरूलाई मेहनतका साथ छलफल गरी सिकाउने दिनचर्या थियो ।

एकदिन शनिबारको कुरा दुवैजना नुहाउन खोलामा गएका छन् । सोही क्रममा सुदीपलाई नवीनले हामी साना मान्छे एकैचोटि ठूलो रहमा पौडियो भने डुविन सक्छ भनेपछि सानो रहमा पौडेका छन् । यसरी नुवाइधुवाइ गरेर घर आएपछि बजार गएर बजारबाट आफूलाई चाहिने सामान किनेर ल्याएका छन् । दुवै सानो उमेरका भएकाले हर समय, वस्तु र छाया सँगसँगै हुन्थे । खाँदा, बस्दा, पढ्दा, घुम्दा, खेल्दा, काम गर्दा उनीहरू नङ-मासु झैँ हुँदै अगाडि बढेका छन् । यो कथाको विकासात्मक चरण हो । कथालाई अगाडि बढाउने क्रममा कथाकारको हर्के र वीरेको उपकथा जोडेर कथालाई थप रोचक बनाएका छन् । भाइभाइका छोरा यसरी मिलेर अगाडि बढेका बेला उता हर्के र वीरेका बीच भने भनाभन र रिसको आवेगमा कुटाकुटसमेत भएको छ । सो क्रममा दुवैले शरीरमा नीलडाम बनाएको देखेपछि गाउँले जम्मा भएका छन् । जसबाट कथा कसरी बढ्छ भन्ने कौतुहलता पैदा भएको छ ।

हर्के-वीरे बीचको एकमुठी घाँस, एकवित्ता साँध त कहिले पशु-बच्चाका स-साना गल्तीमा झगडा, भनाभन र कुटाकुट गाउँलेका लागि नौला नभएको सन्दर्भ पनि कथाकारले जोडेका उनीहरूलाई झगडालु पात्रका रूपमा उभ्याएका छन् । उनीहरूको झगडाको विषय यसपटक दाजुभाइ बीच जग्गा मिचिएका विषयमा रहेको पाइन्छ । एउटै बाजेको थलो थोरै पाखोबारी मिचेर पाउनु-गुमाउनु के नै थियो र ? त्यसमा चित्त बुझाए हुनेमा यसपटक हर्केले आफ्नो साँधनेर भएको वीरेको घर कटेरीको आड खनेर घरलाई निम्छरो बनाएको

पटक-पटक गाउँलेले सम्झाउँदा नसुनेपछि दाजुभाइको घर आऊ-जाऊ हराउँदा नवीन र सुदीपको बाल मनोविज्ञानमा घटनाक्रमको क्रमशः प्रभाव पार्न थालेको देखिन्छ ।

सामान्य झगडा गर्ने दाजुभाइ बीचको यस पटकको झगडाका कारण हर्के र वीरे दुवैलाई गाली बेइज्यतीमा मुद्दा चल्यो । घरको आम्दानी मुद्दा मामिलामा लगाउँदा-लगाउँदै छोराहरूको पढाइमा ह्रास आउन थाल्यो । गाउँले कसको पक्षमा लाग्ने ? भन्ने चिन्तनमा रहेको बेला मुद्दाको किनारा लगाउन अदालतबाट साक्षीका रूपमा गाउँलेलाई बोलावट भएको छ । सबैले आफ्नो राय व्यक्त गरेर कागजमा मिलापत्र गरेका छन् । कागजमा मिलापत्र गरे पनि व्यवहारमा मिलापत्र हुन सकेन । वीरेले श्रीमतीलाई जुन ठाउँमा बसेर बेला मौकामा हारगुहार र सहयोग पाइँदैन भने त्यस्तो ठाउँमा बस्नु मसानघाट कुर्नु सरह भएकाले हिँड बूढी अब हामी बसाइँ जाऊँ भनेका छन् । श्रीमतीले नाइनास्ती गर्न नसकेपछि गाउँ छोडने भएका छन् ।

गर्मीले उडेका चरा भुइँमा खस्ने प्रचण्ड गर्मीको महिना छ । नवीनले अगाडि बाकस, वीरेले बीचमा कुटुरो बोकेको छ । श्रीमती पछि-पछि बाखाको पाठी डोऱ्याएर नयाँ समाजमा बाँकी जीवन बिताउने उत्कण्ठ अभिलाषा पालेर मधेश हिँडेको दृश्य कारुणिक र हृदयविदारक देखिन्छ । किनकि नवीन आफू खाइखेलेको जन्मभूमि छोडेर जानुपर्दा चौधन्त रोएको छ । त्यो देखेर हर्केले वीरबहादुर दाइ अब पहिलेका कुरा बिर्सेर मिलेर बसौं भने तर सुनेनन् । नवीनले तिमी यहीँ बस है सुदीप ! हामी गयौं, बेला मौकामा सम्झदै गर्नू भन्दै आँखाबाट आँसुको मूल फुटाउँदै बाबुले देखाएको बाटो समातेको सन्दर्भले कथा थप कारुणिक र दर्दनाक मोडमा बढेको छ । जन्मभूमिमा हराएको खुसी खोज्न मधेश आएका वीरेको मधेश बसाइँमा पनि खुसी फेला परेन । छोराको पढाइमा दुर्गति, हावापानी नसहेर श्रीमती आशा समय-समयमा बिरामी र बेलामौकामा छिमेकीसँग टसमस भएपछि वीरेलाई जीवनदेखि वाक्क लागेर आफैँ उस्तो कि भाग्य भनेर मन दुखाइरहेको बेला छोरा नवीनले बाबुलाई सम्झाउँछ । सुदीप र नवीनको पत्राचार चलिरहेका बेला नवीनले चिठी पठाएको छ । सुदीपले बाबुआमालाई सुनाएर पत्र पढेपछि सबैका आँखा रसाउँछन् । हर्केको दाजु वीरेसँग मात्र होइन, छिमेकीसँग पनि धेरैथोरै झगडा भइरहन्थ्यो सहन्थे । विधिको विडम्बना श्रीमतीले संसार छोडेपछि भने हर्के अर्कै भएको छोरा सुदीपले अनुभव गरेका थिए । त्यसपछि भने सुदीपले बाबुलाई सम्झाएर गाउँ फर्कने विचारमा छन् ।

दसैंको रमभ्रूम थियो । वीरेको पुरानो घरमा केही मान्छे जम्मा थिए । हर्केलाई देखेर सबैले जाती भयो भन्दै खुसी व्यक्त गरेका थिए । हर्केले आँसु चुहाउँदै वीरेको खुट्टामा ढोगे । नवीनले काकालाई ढोग्दै सुदीपलाई खोजे सुदीप भने आए.ए. पढ्दापढ्दै विदेश गएका थिए । छोरो विदेश जानु, बुहारीले संसार छोड्नुको पीडाले वीरे चिन्तित देखिन्थे । त्यही समय शिक्षक आत्मराम आएर हर्के र वीरेलाई सम्भ्राउँदै प्रकृतिमा पानी, असिना, बाढीपहिरो, खडेरी, हुरी, बादल भएजस्तै मान्छेमा एकनास नहुने बताएका छन् । उनले जान अन्जान धेरथोर टसमस् हुने र जहाँको समाज पनि उस्तै भएकाले आफ्नै गाउँ फर्केर आएकोमा जाती भयो भनेर आत्मरामले आत्मसन्तोष बनाएसँगै कथानक अन्त्य भएको छ ।

**उद्देश्य :** कथामा पछिल्लो समय मान्छे भौतिक सुखको पछि दौडिएको सन्दर्भलाई देखाइएको छ । मान्छेले सुखका नाममा जन्मघर छोडेर हिँडेको हिँडे तापनि जहाँ गए पनि कर्म सँगै जाने भएकाले आफूले असल काम गरेर सुख प्राप्तिको यात्रामा लाग्नुपर्छ । मान्छेको ज्यान र मन जहाँ गए पनि त्यसलाई सत् कर्मले मात्र सत्मार्गमा डोऱ्याउने भएकाले असल कर्म गरेर एकबारको जीवनलाई सुखमय बनाउनु पर्ने उद्देश्य कथाको रहेको छ ।

### ४.८ 'चिन्ता छ' कथाको कथानक र उद्देश्य

चिन्ता छ कथा संरचनाका हिसाबले तीन पृष्ठमा संरचित कथा हो । जहाँ घर परिवारलाई छोडेर विदेश जाने परम्पराका कारण परिवारमा आएको विखण्डन र छोराछोरीले पाउने दुःख, कष्ट र पीडालाई कथाको विषयवस्तु बनाइएको छ ।

**कथानक :** कथाको म पात्रलाई दिदी र आफू सानै छँदा बुबा विदेश गएदेखि घर परिवारलाई सम्भ्रेर नआएको सन्दर्भले चिन्तित मात्र बनाएको छैन । बुबा नआएको केही वर्षपछि आमाले दिदी र आफूलाई एक-एक ओटा बिस्कुट दिएर म फुपू घर जान्छु । भोलि अर्को बिस्कुट लिएर आउँला । तिमीहरू हजुरबुबासँग नरोई बस है भनेर आफूहरूलाई हजुरबुबाको काखमा छोडेर गएको सम्भ्रनाले सताइरहेको छ । अल्लि बुभ्र्ने भएकाले सायद आमाले अर्को विहे गरेर हो कि ? भन्ने प्रश्न मनमा उब्जेसँगै कथानक अगाडि बढेको छ ।

म पात्र ठूलो हुँदै गएपछि पुस्तौदेखि ऋणमा डुबेको घरको अवस्था भ्रन् बिग्रदै गएको । नातिनातिना हुर्काउन सङ्घर्ष गर्दागर्दै हजुरबुबा परलोक भएको, दिदीभाइले कहिले कसको, कहिले कसको घर गरेर दिन बिताउँदै गएको, जान्ने भएपछि आफ्नै घर सम्हालेर बसेको, साहूको भनाइ र विभिन्न ठक्कर खाएको सन्दर्भसँगै कथानकले गति लिएको छ ।

यसरी सङ्घर्ष गरेर अगाडि बढ्दै जाँदा दिदी पन्ध्र-सोह्र वर्ष पुगेका बेला कुनै अपरिचित मान्छेले म तिम्रो मधेस मामाघरको मान्छे हुँ, मामाले कुनै काम परेकाले लिएर आउनु भनी पठाएकाले तिमीलाई लिन आएको भनेर मामाको हुलिया बताएपछि उनैको पछि मामाघर जान हिँडेकी दिदीको कुनै पत्तो नआएपछि भाइले दिदी कुनै तस्करीको फेला परिछन् भन्ने अनुमान गरेका छन् । यो मात्र होइन, चिन्तै चिन्ताले बेला बेलामा छारे रोग लागे झैँ चक्कर लाग्न थालेको छ उनी बिरामी भएका छन् । यसरी आफ्नो एक्लो जीवन बिताउँदै आएको म पात्र विदेश जाने सोचले हिँड्छ । विदेशमा साहूको घरमा भाँडा माझ्दामाझ्दै केही वर्ष बित्छ । सो क्रममा मालिकको घर नजिकै क्याम्पस पढ्ने केटी देखेर एकोहोरो आसक्त भएर एकदिन झम्टन पुग्दा उसका विरुद्ध सयौं मान्छे जम्मा भएर प्रहरीलाई जिम्मा लगाएका छन् ।

कथाकार लेखनाथ काफ्लेले आफ्ना अधिकांश कथामा उपकथा जोडेर कथालाई मनोरञ्जनात्मक र कौतुहलपूर्ण बनाउनसफल देखिन्छन् । जसबाट उनका कथाले कुन मोड लिएर अगाडि बढ्छन् भनेर जिज्ञासु स्वभावमा पाठकलाई कथाले तानिरहेको पाइन्छ । म पात्रलाई प्रहरीको जिम्मा लगाउने बेला केटीका बाबुले यसलाई बरु आफ्नै हातले गोली हानी मार्छु, समाज वा प्रशासनलाई कति रूपैयाँ चाहिन्छ दिन्छु भनेर उफ्रेको सुनेपछि म पात्रले रुन्चे स्वरमा भन्छ- 'उनले मलाई माया मानून, नमानून् तर मैले माया मान्छु र म उनका लागि खुसीसाथ ज्यान दिन तयार छु, मलाई गोली हान्नुहोस्' भनेर छाती देखाइरहँदा उक्त केटी ममताले बुबासँग 'एकफेर मैले विहे गर्नै पर्छ, मेरा लागि ज्यान दिने को नै पाइएला र यसै केटासँग बिहे गराइदिनुहोस्' भनेपछि उनीहरूको संस्कार अनुसार ममतासँग बिहे हुन्छ । विवाहपछि छुट्टै घर र व्यापार गरेर खानू भनेर केही रूपैयाँ ससुरालीले दिन्छन् । केही वर्ष जीवन चल्दै जाँदा ममताको अनायास मृत्यु हुनपुग्छ । न श्रीमती, न सन्तान केही नभएकाले म पात्र आफ्नै देश फर्कन्छ । आफ्नो घर आएको केही पछि खर्चपानी सकिएको, बाबु, आमा, दिदी र श्रीमतीको चिन्ताले पासो लगाई रुखको हाँगोमा झुन्डिन खोज्दा बटुवाले देखेर बचाएका छन् । होस् आएपछि बटुवाले किन आत्महत्या गर्ने निर्णय गऱ्यौं भन्दा गरीबिका कथा सुनाएपछि बटुवाले तिम्रा दुवै हात र दुवै आँखा देऊ क्रमशः एक-एक लाख दिन्छु भन्दा म पात्रले हुन्न भनेसँगै उनको हृदयमा जीवनको मूल्यबोध भएको अनुभूति गर्न सकिन्छ । बटुवाले दिएको जीवनको मूल्यबोध, अर्ति र उपदेशले म पात्रलाई सङ्घर्ष बिनाको जीवन जीवन नै होइन भन्ने अनुभव भएको छ । बटुवाको भनाइ अनुसार म पात्रले

ठाउँ अनुसार फलफूल, तरकारी, अन्नबाली, उन्नत जातका वस्तुपालन गर्न थालेको केही वर्षमै मनग्य आम्दानी गर्न थालेको छ । यसरी वर्षपछि पैसा जम्मा हुँदै गएपछि पुरानो घर मर्मत, पुस्तौदेखिको ऋण तिर्ने, अर्को बिहे गर्ने, लाउन खान, शिक्षा, स्वास्थ्य आदिमा आत्मनिर्भर बन्न सफल म पात्रलाई बुबाको विदेशमा मृत्यु भएको खबर आउनु, आमा र दिदीको चिन्ता यथावत रहनु जस्ता सन्दर्भले मान्छेलाई बाँच्दासम्म एउटा न एउटा चिन्ताले छोड्दैन भन्ने जीवनबोध गरेसँगै कथा अन्त्य भएको छ ।

**उद्देश्य** : चिन्ता छ कथामा मान्छेको जिन्दगीको चिन्तालाई देखाइएको छ । मान्छेलाई कहिल्यै पनि सुख र सन्तोष हुँदैन । असन्तोषै असन्तोषको खेलमा जीवनको खेल सकिन्छ । यो भनेको मनको खेल भएकाले आफ्नो मनलाई राम्ररी बुझाएर अगाडि बढ्न सकेमा दुःख भन्ने कुरा आफैँ नष्ट भएर जान्छ भन्ने सन्देश दिनु नै कथाको मुख्य उद्देश्य रहेको छ ।

## ४.९ 'उपकथा' कथाको कथानक र उद्देश्य

सङ्घर्ष कथासङ्ग्रह भित्रको नवौं कथाका रूपमा उपकथा रहेको छ । जुन चार पृष्ठको आयाममा संरचित रहेको छ ।

**कथानक** : कथाको शुरुवात विद्यालयको एउटा कक्षाकोठाबाट हुन्छ । ट्वाङ... ट्वाङ... ट्वाङ... ट्वाङ...चौथो पिरियडको सङ्केत आएपछि कक्षामा नेपाली शिक्षिका अनुजा भित्र पसेकी छन् । सबै विद्यार्थी उठेर शिक्षिकाको स्वागतसम्मान पछि आज्ञानुसार आ-आफ्नो ठाउँमा बसेका छन् । जब विद्यार्थी आफ्नो आसनमा बसेपछि शिक्षिकाले आज कुन पाठ पढ्ने हो, थाहा छ भनेर सोध्दै गर्दा विद्यार्थी भाइबहिनी भन्छन्- 'होइन मेडम आज अति बोर लागेको छ, कविता, चुट्किला, कथा सुनाउनुहोस् !' अनुजाले दुईचार कविता, कथा, उपन्यास र मुक्तकसङ्ग्रहका पुस्तक निकालेकी हुनाले पनि विद्यार्थीले बेला मौकामा यस्तै आग्रह गर्ने गर्दथे । विद्यार्थीको कुरा सुनेर अनुजाले थोरै पाठ पढ्ने त्यसपछि रचना सुन्ने त्यसो भए गीत सुन्ने, कविता सुन्ने, कथा सुन्ने कतिजना भन्दै हात उठाउन लगाइन् । कथा सुन्नेमा बहुमत आएकाले कथा सुनाउन थालेसँगै कथानक अगाडि बढेको छ ।

शिक्षिका अनुजाको कथा यसरी शुरु हुन्छ, 'एकादेशमा एकजना ब्राह्मणका छोरा प्रभाकर नामका युवक थिए । उनी अल्छी र केही चलाख पनि थिए । उनी बिना परिश्रम विना लगानीमा एकैचोटी ठूलो र धनी हुन पाए भन्ने चिन्तामा डुब्दाडुब्दै धेरै समय बितेछ ।

भोक, निन्द्रा त छोडौं बिहे गर्ने उमेर पनि टरेपछि एकजना योगीलाई मनको कुरा सोध्दा उनले एकान्त स्थलमा भगवान्को तपस्या गर्दा भगवान् प्रकट हुनुहुन्छ अनि आफूलाई चाहिएको वर माग भनेछन् । योगीको उक्त कुरा सुनेर प्रभाकरले तपस्या गर्न त दुःख हुँदैन र ? भन्ने प्रश्न गरेछन् । बाबाले थोरै परिश्रम गरेर धेरै लाभ पाइन्छ भनेपछि कुनै शारीरिक र मानसिक बोझ पर्ने काम नभएकाले प्रभाकर तपस्या गर्न गएछन् । उनले तपस्या गरेको केही समयपछि भगवान्ले ल बालक के माग्छौ एकथोक वर माग भनेपछि प्रभाकरले ल भगवान् तपाईंको दर्शन पाएर धेरै खुसी लाग्यो । मलाई शहरको घरको माझ तलामा मेरो कान्छा छोराले कम्प्युटर सिकाएको देख्न पाऊँ भनेछन् । यो सुनेर भगवान् तथास्तु भनेर लोप भएछन् । प्रभाकरको बिहे भएछ । शहरमा तीन तला भएको घर पनि भएछ । दुईओटा छोरा पनि भएछन् । छोरो कम्प्युटर चलाउन सक्ने शिक्षित पनि भएछ । यसरी अल्छी भैकन प्रभाकर एकैचोटि सबैभन्दा धनी भएछ । सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला चाहिएको बखत तुरुन्तै आइजाला...।' अनुजाले यो कथा सकेर आफ्नो पाठ अघि बढाएकी छन् । कथामा सबै विद्यार्थी एकैनासका हुने कुरै भएन । कक्षामा अनुजाले प्रभाकरको कथा सुनाएर भ्याउने बित्तिकै हिँडेको विद्यार्थी विनोद ऊ कहिल्यै फर्केर विद्यालय आएन । घरका बाबुआमा र आफन्तले हराएको सियो झैं खोजे तर कहीँ पाएनन् । यसरी हराएको विनोदको नाम एकैचोटि रेडियोबाट प्रशारण भएको सुनेपछि आफन्त आश्चर्यमा परे । ऊ साँच्चै अनुजाले भनेको कथा सुनेर हिँडेको विनोद नै रहेछ । ऊ शिक्षिकाले सुनाएको कथाबाट म ज्यादै लालयित भएर घर छोडेर हिँडेको रहेछ पैसा भएपछि सबैथोक मिल्दो रहेछ । म छिट्टै सांसदबाट मन्त्री हुनेवाला छु भनेको रेडियोबाट सुनेपछि परिवार दंग पर्दछन् । यो कथाको अर्को उपकथाका रूपमा आएको सन्दर्भले अब कथा कसरी अगाडि बढ्छ भनेर कौतुहलता जगाएको छ । केही दिनपछि विनोदको नाम मन्त्रीमा आयो । यस्तो हरिलट्ठक कसरी मन्त्री बन्यो ? सबै दङ्ग परे । आफन्त र साथी गाउँका विभिन्न समस्या लिएर उसलाई भेट्न जाँदा सबैलाई नचिने झैं गऱ्यो । धेरै वर्ष ऊ आफ्नो जन्म ठाउँमा आएन । शहरको मोजमस्ती सुरा, सुन्दरी र पजेरोमा घुम्दै दिन बिताएको छ । समयको चक्र रोटे पिङ झैं घुमिरह्यो । देशमा ठूलो क्रान्ति भयो । ठूला-ठूला भ्रष्टाचारी र तस्करीहरू समातिए । यसै क्रममा विनोद समातियो, जेलबाट छुटेर निन्याउरो मुख लिएर आफ्नो जन्मघर आयो । ऊ सबै गाउँले समाजदेखि एक्लो भयो । हिजोको सुखसयल र मोजमस्ती भुल्न नसकेन ऊ फेरि समाज र परिवारबाट हरायो । ऊ धेरै वर्ष देखा परेन ।

ऊ पहिला जस्तै ठूलो तपस्या गऱ्यो । कहिले आँखा खोलेर, कहिले चिम्लेर, कहिले पानी खाएर, कहिले हावा खाएर तपस्या गऱ्यो । मलाई बाचुन्जेल सन्तोष हुने बाटो देखाई दिनुहोस् भन्दै । भगवानले भक्त भ्रष्ट भएको थाहा पाएर भनेछन्, हेर बालक परिश्रमविना पाएको धनले मानिसलाई उन्मात बनाउँछ । विना परिश्रम ज्ञान पाइँदैन र विवेक नभएको मान्छे ठूलो कुर्ची वा ठाउँमा पुग्दा महाघमण्डी बन्छ । त्यसैले तिमी आफ्नै जन्मघरमा राम्रो काम गर्दै अघि बढ्नु' भनेर भगवान् लोप भएसँगै कथा अन्त्य भएको छ ।

**उद्देश्य** : उपकथा कथामा परिश्रमको मूल्यलाई देखाइएको छ । परिश्रम विनाको फल दिगो हुँदैन । हामीले आफ्नो पसिनाको कमाइमा बाँच्नुपर्छ । बाँच्नका लागि सिक्नुपर्छ । त्यो भयो भने जीवन सफल र सार्थक हुन्छ भन्ने उद्देश्य कथाको रहेको छ ।

### ४.१० 'अर्ति मान्दा' कथाको कथानक र उद्देश्य

चार पृष्ठमा संरचित अर्ति मान्दा कथा सङ्ग्रह भित्रको दशौं कथा हो । जहाँ एकादेशका दुई साथी सन्ते र विक्रमको कथालाई म पात्रका माध्यमबाट अगाडि बढाइएको छ ।

**कथानक** : कथामा धेरै अघि सन्ते र विक्रम गुरु आश्रममा गुरु विवेकाचार्यबाट ज्ञान सिकेर घरमा फर्केर ज्ञानी भएकाले उनीहरूको मान मर्यादा दिनानुदिन गाउँमा फैलिदै गएको छ । दुवैले गुरुको अर्तिलाई सिरोधर गरेर काम गर्दै गएकाले परिवार र समाजलाई फाइदा भएको छ । समय बित्दै गयो, सन्तेले गुरुलाई सम्भदै विक्रमले बिर्सदै गएका थिए । अचानक गुरु विरामी परेको खबर पाएर सन्तेले विक्रमलाई जन्मदिने बाबुआमा र शिक्षा दिने गुरु ईश्वर समान हुन्छन् त्यसैले भेट्न आश्रम जाऊँ भनेपछि दुवै आश्रमतिर लागेका छन् । साँझको बेला दुवै गुरुलाई केही सौगात फलफूल लिई जंगलको कुटीमा पुगे । गुरुको नाजुक अवस्था देखेर दुवैका आँखा रसाए । गुरुको आज्ञा अनुसार आ-आफ्नो आसनमा बसे । सन्चो बिसन्चो, ज्ञानगुनका उपदेश दिँदा र सुन्दै रात बितेको पत्तै भएन । भोलिपल्ट उज्यालो हुनासाथ विक्रमले फर्कने कुरा गरे । सन्तेलाई गुरुलाई यस्तो अवस्थामा छोडी जान मन लागेन । सन्ते र गुरुलाई छोडी विक्रमले आफ्नो बाटो समाएका छन् । गुरुले सन्तु तिमी आफ्नो घरमा जाऊ पटकौं पटक भन्दा पनि उनले गुरु मलाई तपाईंको सेवा गरेर बस्दा नै स्वर्गीय आनन्द छ । हजुरलाई केही बिसेक भए जाउँला भनेर सन्तेले आश्रममै धेरै समय

बिताएका छन् । आश्रममा उनले गुरुलाई फलफूल खोजेर ल्याउने, जल र पाठपूजाका सामान तयार गर्ने, आश्रम वरिपरि सफा र गुरुको सेवा गरेर दिन बिताउन थालेका छन् ।

सन्तेले गुरुको सेवा गर्दै थिएँ, त्यसको केही महिना पछि आफ्ना भक्तलाई अब यो भौतिक शरीरलाई छोडेर परमधाम जाँदैछु । तिमीहरूले जीवनमा कहिल्यै हरेस नखाई काम गर्दै जानु । जीवनमा अनेकौं सङ्घर्ष आइलाग्छन् भागेर कहिल्यै टाढा नजानु । सङ्घर्ष नै जीवन हो यसैमा फुल्न र फल्न सिक्नु तर सङ्घर्ष गर्दा कहिल्यै अर्कालाई घात पर्ने काम नगर्नु र अन्तमा म तिमीलाई केही उपदेश दिन्छु । बाँचुन्जेल सम्झेर काम गर्नु भन्दै खाना खाने समयमा केहीलाई चढाएर खान अरूलाई पनि सिकाउनु, मरेको लाससँग कहिल्यै नडराउनु, सबैको दुःखमा रुन सुखमा हास्न जान्नू, आफ्नालाई राम्रो मान्नु, आफ्नालाई पैसा होइन सीप सिकाउनू यति भन्दाभन्दै गुरु विवेकाचार्य वैकुण्ठधाम पुगेपछि सन्तेले गुरुको धर्म अनुसार अन्तिम संस्कार गरेर आफ्नो घरमा फर्केका छन् । यसपछाडि कथा कसरी अगाडि बढ्छ भन्ने जिज्ञासा बढाउन हरेक कथामा कथाकार सफल भएका छन् । यसरी गुरुको अन्तिम संस्कार सकेर आएको सन्तेलाई त्यसै देशका राजाले आफ्नो राज्य सल्लाहकारमा जागिर खुवाएका । राजालाई छिमेकी देशका राजाले भोजमा निम्तो गरेकाले सन्ते पनि साथमा गएका छन् । जहाँ देश विदेशका ठूलाठूला राजा महाराजा जम्मा भएका, धेरै प्रकारका परिकार पकाएका रहेछन् । सबैले इच्छा अनुसारको भोजन गर्ने क्रममा सन्तेले राजालाई महाराज आफूले खानुभन्दा पहिले त्यो कुकुरलाई चढाएर खानुहोस् भनेपछि खानाको केही अंश कुकुरलाई दिएका थिए । खाना खानासाथ कुकुर मुर्छा परेर लडेको केही समयमै मरेको र हेर्दाहेर्दै भोज खाएका जति मुर्छा पर्दै मर्न थालेपछि यस्तो अवस्थाबाट आफूलाई बचाएकाले राजाले सन्तेलाई चाहेको सम्पत्ति र प्रधानमन्त्री पद दिएका छन् ।

प्रस्तुत कथामा कथाकारबाट स्वैरैकल्पनाको प्रयोग भएको आँकलन गर्न सकिन्छ । राजाले राजकुमारीको बिहे गर्ने निधो गरेका छन् । आफ्नो देशभित्र जो सुरो र निडर छ उसैसँग छोरीको बिहे गरिदिन्छु जसका लागि एउटा शर्त जसले चिहानडाँडामा आलो मुर्दालाई काखमा लिएर रात बिताउँछ उसैलाई छोरी दिन्छु । यसको जानकारीका लागि त्यहाँ घरी-घरी बत्ति बाल्नुपर्नेछ, मैले दूरवीनबाट हेर्नेछु भनेर झ्याली पिटाएका छन् । राजाबाट यस्तो जानकारी आएकोले कोही पनि सो काम गर्न तयार भएनन् । राजालाई छोरीको बिहे नहुने त होइन भन्ने चिन्ता परेका बेला आफ्नो पनि विवाह नभएकाले सन्तेले गुरुको उपदेश सम्झेर आफैँ जान तयार भएको छ । सरासर एक्लै चिहानडाँडामा गएर

सुनसान अवस्थामा भरखर गाडिएको लास झिकेर काखमा राखेर रात बिताई भोलिपल्ट दरबारमा फर्केपछि सन्तेको बहादुरी देखेर राजाले छोरीको विवाह उसैसँग गराइदिएका छन् । कथा पढ्दै जाँदा केही पौराणिक मिथकको सन्दर्भ जस्तो लाग्ने, केही स्वैरकल्पना जस्तो पनि लाग्ने हुँदै कथा अगाडि बढेको छ । समय पुगेपछि सबै एकदिन मर्नैपर्ने राजा यज्ञरथको मृत्यु भयो । त्यहाँ भएका भाइ भारदार मात्र नभएर आफ्नै छोरो नवराज पनि हाँसेको तर प्रधानमन्त्री सन्ते भने निकैबेर डाँको छोडेर रोएको चाल पाएर रानीले मृत्युमा हास्नेलाई पदबाट निकाल्नुका साथै आधा राज्य प्रधानमन्त्री ज्वाइँलाई दिएकी छन् । कालान्तरमा सालो नवराज बेलैमा निःसन्तान भै मरेकाले उनको आधा राज्य पनि सन्तेले नै पाएपछि उनका दुवै हातमा लड्डु परेका छन् । हातमा धन दौलत परेपछि सन्तेलाई चिन्ता पर्न थालेको छ त्यसपछि उनले आफ्ना छोरालाई गुरुको कथा सुनाउँदै हेर बाबु छोरा मैले तिमीलाई सकेजति पढाउँछु तिमी ठूलो ज्ञानी बन्नु । तिमीलाई पढाएर रहेको सम्पत्ति म समाजका नाउँमा उद्योग, कलकारखाना, विद्यालय, अस्पताल आदिमा खर्च गर्छु । तिमीले आफ्ना लागि धन आफै कमाउनु । म तिमीलाई माछा मारेर दिन्न बरु माछा मार्ने तरिका सिकाउँछु । आफन्तको अर्ति जहिले पनि मान्नुपर्छ भन्दै इतिहास सुनाउँदै कथा सकिएको छ ।

**उद्देश्य** : कथामा मान्छे सबै धन दौलतका पछाडि दौडेरर पतन भएका छन् । सबैभन्दा ठूलो दौलत भनेको अर्ति र उपदेश हो । मानिसले त्यसको मर्म बुझेर अगाडि बढ्न नसकेका कारण दुःख भोगिरहेका छन् । त्यसलाई बुझेर अगाडि बढ्नसकेको खण्डमा दुःख आफै भागेर जानेछ, मान्छेले दुःख पाउन पर्दैन भन्ने कथाको मुख्य उद्देश्य रहेको छ ।

## ४.११ 'सन्तु र गौथली' कथाको कथानक र उद्देश्य

सन्तु र गौथली कथा यिनै दुई मानव र मानवेत्तर पात्रको दिनचर्यामा अगाडि बढेको कथा हो । कथा संरचनात्मक हिसाबले छ पृष्ठमा संरचित छ ।

**कथानक** : म पात्रद्वारा सन्तु र गौथलीको कथा भनिएको छ । सन्तुलाई बेलाबेलामा एकोहोरो रुने, भोक लागेको, निन्द्रा लागेको केही थाहा नपाउने रोग लागेको छ । बाबु भएर पनि छोराको राम्रो ख्याल नगरेकोमा सन्तुकी आमा पिङ्कीले पटक-पटक किशोरलाई टोकेसो गरेकी छन् । किशोरले तिमीले थाहा नपाउने गरी उपचार गराएको छु तरगाउँलेले के-के सुनाउँदा रहेछन् पढ्न वास्ता गर्दैन भनेपछि उसको आफ्नो भन्नु नै हामी हौं । म उसको आँखामा आँसु परेको देख्न सक्दिन । जसरी भए पनि स्कुल पठाउनुहोस् भनेर

किशोरलाई आग्रह गरेकी छन् । उता सन्तुलाई मानसिक रोगी बनाउनमा भने समाज दोषी देखिन्छ । किनकि, सन्तु १५ वर्षको हुँदा लाउँलाउँ र खाउँखाउँ बेलाकी सन्तुकी आमा देवीसरा सर्पको टोकाइबाट मरेदेखि सन्तुका आँखा ओभाएनन् । घर गृहस्थी चलाउन किशोरले वाध्य भएर पिङ्कीलाई ल्याए पनि पढेकी र बुझ्ेकी उनले सन्तुलाई कहिल्यै सौताको छोरो भनेर हेला गरिनन् । तर जति मायाममता दिए पनि गाउँलेले सौतेनी बाआमाले तँलाई हेला गरेका छन् भनेर घर भड्याइँदिने काम गरेकाले सन्तुको पनि मन बिग्रेको देखिन्छ । जहाँ हाम्रो समाज एउटा सुन्दर परिवार बिगार्न कसरी तम्सिन्छ भन्ने चित्र कथाकारले यहाँ देखाएका छन् । सन्तुका बाबुआमाले कान्छो छोरो सच्चिनलाई भन्दा सन्तुलाई लाउन, खान, स्वास्थ्य र पढाइमा कुनै कमी देखाएनन् । भाइ सच्चिन गाली र कुटाई खादा पनि राम्रै मान्ने, नरुने गर्थ्यो तर सन्तु चर्को आवाज सुन्ने बित्तिकै रुने गर्थ्यो । यो देखेर माया दिँदा पनि हेला गरेकै ठहरिने कसैका छोराछोरी पनि टुहुरा नहुन् भन्दै पिङ्कीले आफ्नो मायाको परिणाम उल्टो पाउँदा साह्रै चित्त दुखाउने गरेकी छन् । यो कथाको विकासात्मक चरण हो ।

प्रायः सन्तु एकान्तमा गई आँसु बगाइरहन्थ्यो । जहाँ सन्तु आउने गर्थ्यो सोही ठाउँमा गौथली चराले घर बनाउन माटो ओसारिरहेको थियो । दुवैले आफूलाई दुखी सम्झेर मित लगाएका छन् । उनीहरू बीच वार्तालाप भएको छ । पीर र वेदना मान्छेको मात्र हुँदैन, संसारका सबै प्राणीका आ-आफ्नै दुःख वेदना हुने भएकाले जस्तोसुकै संकट आइलागे पनि धैर्य भएर बाँच्न सिक्नुपर्छ । उक्त क्रममा गौथलीले हेर मित्र मेरा तीन बच्चाहरूलाई साँप आएर खाइदियो । चौथो पटक ओथारो बसेको बेलामा बच्चासमेत प्राणप्यारीलाई खाइदियो । म आहारा खोज्न गएकाले बाँचे भनेर गौथलीले सन्तुलाई सम्झाए पछि सन्तुले जीवन भनेको संघर्षै सङ्घर्ष रहेछ भन्ने बुझ्ेको छ । गौथलीका कुरा सुनेपछि सन्तुले गौथलीलाई मूर्खको घरमा होइन, विद्वान् र ज्ञानी मान्छेको घरमा बस्दा संगतले पनि फाइदा हुन्छ त्यसैले सारनाथ राजाको घरमा गुड बनाई बस्नू भन्ने निर्देशन दिएपछि सारनाथ राजाको घरमा गुड बनाई बस्दै थियो । दैव संयोग अनाथ गौथलीसँग विवाह भएपछि दुवै रमाउन थालेका छन् । यसरी कथाकारले गौथलीको सुखद दाम्पत्य जीवनको उपकथालाई जोडेर कथाकारले कथालाई रोचक बनाएका छन् ।

एकदिनको कुरा, रानीको हीराको हार हराएपछि खति भन्दा पनि देशमा चोरको विगविगी हुन्छ कि भनेर राजा चिन्तित भएका छन् । हार चोरलाई समातेर ल्याए मागेको

जति चिज दिन्छु भनेर देशभरि झ्याली पिटियो तर कसैले चोर पत्ता लगाउन सकेनन् । कुराको गाठी लोग्नेस्वास्नीको सल्लाह सुनेका गौथलीले सन्तुलाई सहयोग गर्ने मौका यही हो भनेरसबै कुरा सुनाएपछि सन्तु राजा कहाँ पुगे । उनलाई देख्ने बित्तिकै तिमी को र के कामले आयौं भन्ने प्रश्नमा म यसै देशको कुनै गरिब परिवारको अनाथ सन्तु हुँ । रानीको हार चोर्ने मान्छे पत्ता लगाइदिन सक्छु कि भनी आएको भने पछि राजाले पत्ता लगाउ भनेर आज्ञा दिएका छन् । उनी दरबारभित्रका भाइ भारदार, ढोके, पहरे, सुसारे, मुसारे, धोवी, धाई सबैको चियोचर्चो र अनुहार हेरी रानीकी सुसारे इन्द्रनीलाई शंका गरेपछि उनी गलेर सबै बेलिविस्तार गरिन् । राजाले उनलाई दरबारबाट निकालि सन्तुलाई के माग्छौ माग भनेपछि म यही सधैं हजुरको सेवा गरेर बस्न पाऊँ भनेपछि उनी दरबारको उच्च पदमा नियुक्ति भएका छन् । यसरी कथाकारले प्रस्तुत कथामा यस्तो पनि हुन्छ र ? भन्ने स्वैरकल्पनाको पनि प्रयोग गरेका छन् । एउटा मानवेत्तर पात्र गौथलीको सहयोगबाट उनी दरबारमा पुगेका छन् । उक्त समय राजा कतै सवारी हुँदै थियो, सन्तुले राती नराम्रो सपना देखेकाले बाहिर नजान निर्देशन दिएका छन् । नभन्दै राजा सवार हुने भनेकै समयमा राजा जाने बाटोमा दुश्मनले राखेको एम्बुसमा परी कोही मरेपछि सन्तु राजाको असल मित्र र सल्लाहकार बनेका छन् । यसरी राज्य चलाएको धेरै वर्ष पछि राजाले आफ्ना देशबासका नाउँमा पत्र लेखेका छन् । उनले पत्रमा राज्यको कार्यभार सन्तुलाई दिएर बाँकी जीवन कुनै तीर्थमा बिताउन आवश्यक खर्च मात्र लिएर हिँडेको छु भन्दैराज्य प्रमुखबाट सदाका लागि विदा लिएका छन् । राजाको पत्र र भारदारको सल्लाह अनुसार देशको राज्य सञ्चालन सन्तुले गर्दै गएका छन् । समय बित्दै जाँदा सन्तुले बाबु, आमा र भाइलाई पनि आफूसितै ल्याएर आफ्नो यश र कृति चारैतिर फैलाउँदै बाँचेका छन् । यसरी कथा सकिएको छ ।

**उद्देश्य :** प्रस्तुत कथामा जहिले पनि संगत गतिलो हुनुपर्छ । चोरको संगत चोरसँग, साधुको संगत साधुसँग हुने भएकाले असल काम गर्न, असल मार्गमा लाग्न चाहने हरेक व्यक्तिले सदा असल विचार र असल व्यक्तिको गर्नुपर्छ भन्ने सन्देश दिनु कथाको मुख्य उद्देश्य रहेको छ ।

## ४.१२ 'अझै टुङ्गिएन' कथाको कथानक र उद्देश्य

'अझै टुङ्गिएन' कथा कृति भित्रको बाह्रौ कथा हो । जुन कथा पाँच पृष्ठमा संरचित रहेको छ । जहाँ मानव जीवनको कुनै ठेगान नभएको सन्दर्भलाई कथा बनाइएको छ ।

**कथानक** : कथा संसार अचम्मको छ भन्ने वाक्यांशसँगै अगाडि बढेको छ । कथामा जन्मेपछि मर्नु निश्चित भए पनि मरणको ठेगान नभएको सन्दर्भ आएको छ । जहाँ कोही जहाज दुर्घटनामा, कोही मोटर दुर्घटनामा, कोही करेन्ट लागेर, कोही रुख, भीरबाट खसेर, कोही विषालु जीव-जनावरले डसेर, कोही नदी वा रहमा परेर, कोही हिँड्दाहिँड्दै ठेस लागेर, कोही बेलुकी सन्चै सुतेको बिहान ओछ्यानमा परेर, कोही गर्भभित्रै, कोही बच्चामै, कोही युवा अवस्थामै, कोही बूढो भए पनि लामो सङ्घर्षपछि मर्छन् । मृत्युको कुनै रुटिङ, जानकारी तथा नापो नहुने रहेछ, जो कोही जतिखेर पनि मर्न सक्दा रहेछन् । महिला तथा समाज कल्याण मन्त्री उमेशकी श्रीमती हरिदेवीको निधनले राम्रो, छोटो र सुन्दर परिवार एकैचोटि भताभुङ्ग भएको, दुई छोराछोरी टुहुरो भएको र २५ वर्षको उमेर त्यसमा पनि खाना खाँदाखाँदै अचानक गल लागेर मरेको देखेपछि म पात्रलाई मरण कतिखेर के निहुँमा हुन्छ कसैलाई थाहा नहुने रहेछ भनेर हरिदेवीको निधनले चिन्तित तुल्याएको सन्दर्भसँगै कथा अगाडि बढेको छ । हरिदेवीको निधन पछि तामाका मुना जस्ता सात वर्षका केदार र चार वर्षकी सुन्तलीको अवस्था देखेर बाबु उमेशलाई ठूलो झट्का पर्‍यो । आफूले स्थायी बन्ध्याकरण गरेका उनलाई अर्को विवाह गर्ने कि नगर्ने ? गरे कस्ती केटीसँग गर्ने भन्ने विषयमा परिस्थितिले सोच्न बाध्य बनाएको छ । आफन्तले उमेशलाई बाल बिधुवा, लोग्नेले हेला गरी माइतैमा बसेका, सोझा, गल्डेङ्ग्रा, अपाङ्ग, बूढीकन्या देखाए पनि उनको मन मानेन । उमेर बितेपछि आफ्नै इच्छा अनुसार बिहे गर्ने अड्डीमा थिए तर मामाले विभिन्न सोर्सफोर्स लगाएर २२ वर्षीया कुलघरानकी राम्री, पढेकी केटीसँग विवाह गराउने तयारीमा लागेका छन् ।

बिहानको नौ बजे उमेश, मामा र केही दाजुभाइ केटीको घरमा पुगेका छन् । जमाना अनुसार केटाकेटीको चित्त बुझ्दो नबुझ्दो केही बातचित हुनुपर्‍यो भनेकाले दुवैलाई एकान्त कोठमा कुराकानी गराउने सल्लाह भएको छ उता अन्जनाको भाइ चुत्रेले के-के बोल्दा रहेछन् भनेर कसैले चाल नपाउने गरी क्यासेट भर्ने गरी टेबलमुनि राखेर बाहिर निस्केपछि कोठामा उमेशको प्रवेश भएको छ । अन्जनाले नमस्कारले स्वागत गरेपछि उनीहरू बीच बातचित भएको छ । अन्जना नेपाली विषयमा बी.ए. प्रथम वर्ष पढ्दै रहिछिन् । उमेश पनि राजनीतिमा एम.ए गरेको उमेर ३५ वर्ष भएको बताउँछ । अन्जनाले अहिलेसम्म किन बिहे नगर्नुभएको भनेपछि खै कसरी भनूँ बिहे त भएको हो, अचानक श्रीमती मरिन् । दुई छोराछोरी पाँच सात वर्षका छन् । भनेपछि अन्जनाले परिवार नियोजन

गरेको, केही अम्मल भएको र घरमा के कस्तो अवस्था छ भनेर प्रश्न गरेपछि अम्बल नभएको र बन्ध्याकरण नगरेको, घरमा बूढी आमा र दुई छोराछोरी मात्र भनेपछि अन्जनाले पछि हेला नगरे के भन्छु र तापनि बुबाआमाले के भन्नुहुन्छ, अरूलाई पनि सोध्नुपर्छ भनेर उनीहरूको संवाद सकिन्छ । केटीले दिने आसय त्यही नै थियो, उमेर अवस्था पुगेका केटाकेटी त्यसमा पनि उमेशको दोस्रो बिहे नमान्नु के नै थियो र छोटो मीठो विवाह भयो । अन्जना दुई छोराछोरीकी आमा बनेर उमेशका घरमा भित्रिन पुगिन् । सासूआमा दुई छोराछोरी, लोग्ने र घरको कामधन्दामा अन्जनाको जागिरको टुंगो लाग्यो, पढाइ सकियो । एक वर्ष, दुई वर्ष गर्दागर्दै पाँच छ वर्ष बिते । छोराछोरी जति ठूला हुँदै जाँदा आमाले अन्जनालाई डेरा आँखाले हेर्न थालिन् । घरकै काममा उनको जीवन बित्दै थियो तर अन्जनाको शारीरिक बनावटमा परिवर्तन नआए पछि उमेशको निजी स्वार्थमा मात्र उनको जीवन बित्दै गएपछि आफूलाई सुनको पिँजडामा बसेको महसुस गर्न थालिन् ।

उमेशको जन्मोत्सवको दिन थियो । इष्टमित्र बधाई, सौगातका साथै फूलका गुच्छा दिएर दीर्घायु, प्रगतिको कामना टकारे । घरमा इष्टमित्र आउने र जाने क्रम चले पनि दुई चार जना टाढाका साथी उमेशकै घरमै बसे । रातको बाह्र बज्यो, कोही सुन्न वास्ता नगरे पछि अन्जना लोग्ने केहीबेरपछि कोठामा आउलान् भनेर ढोका खुलै राखी बत्ती निभाई सुतिन् । उता उमेशका साथी डिस्को डान्समा मस्त भए । रातको दुई बजेको हुँदो हो सबै नसाले लठ्ठ परे । संयोग उमेशको एकजना साथी रोशन अर्धचेत अवस्थामा अन्जनाका कोठामा पसेर सतित्व लुट्छन् र निस्कन्छन्, अन्जना अन्जानमै तर्क वितर्क गर्दै निदाएकी छन् । यो कथाको अर्को मोड हो । यता अन्जनाको महिनावारी रोकिएपछि लोग्ने उमेशलाई शंका पऱ्यो अन्जनाले पाँच महिनाजति भयो म आमा बन्ने भएँ भनेपछि उमेश कुर्लियो, तँ कुन नाठासँग पल्केकी छस्, जा चलिहाल । मैले तलाई बिहे गर्नु पहिले नै बन्ध्याकरण गरेको हूँ । भनेपछि किन झुट बोलेको त भन्दा तँलाई रण्डी ! मान्छेले बिहे गर्ने बेलामा ८० प्रतिशत ढाट्छन् मैले एकथोक ढाँटे त्यो पनि आफ्नै कारणले भन्दै अन्जनालाई कुट्न थालेपछि ऊ घोप्टिएर रुन थालेपछि गाउँले जम्मा भएका छन् । उमेशलाई कसले के भन्न सक्ने ? पढेलेखेको मन्त्री अन्ततः अन्जना कि जन्मघर कि कर्मघर भन्ने उखान अनुसार समाउने हाँगो न टेक्ने डालो भएपछि आँसुका धारा बगाउँदै माइत लागेकी छन् त्यसको केही महिनापछि उमेशले अर्की लखवेश्या ल्याएको छ । उता अन्जनाले बिना बाबुको छोरो जन्माइन् । बाबुआमा छउन्जेल त माइतमा राम्रै आश्रय पाइन् तर मृत्युपछि दिनप्रतिदिन

हेला हुँदै गएपछि अंश पाउँ भनी न्यायलयको ढोका घच्चच्याए पनि उनको कुरा कसैले सुनेनन् । अन्जना बच्चा बोकी केही नेता र विभिन्न निकायमा पनि पुगेकी छन्, न आफू मर्न सक्ने, न बच्चालाई त्याग्न सक्ने अवस्थामा पुगेकी छन् ।

यता अन्जनाले भाइले रेकर्ड गरेको टेप फेला पारेपछि बिहे हुने बेलाको क्यासेटको रिल सुनाउँदै हिँडेकी छन् उता उमेशले आफूले पहिले नै परिवार नियोजन गरेको कार्ड र नवजात शिशुको रगत आफूसँग नमिल्ने प्रमाण-पत्र बनाई देखाउँदै हिँडेको छ । विभिन्न देशको भ्रमण गरेको छ, महिला तथा समाज कल्याण मन्त्रालयमा राम्रो काम गरे वापत पुरस्कार पाएको छ । विडम्बना तिनै महिला अन्जना विभिन्न घरमा बास माग्दै सास धानेकी छन् । बच्चा कर्ण वा वेदव्यास के बस्ने हो न्वारन भएको छैन । पुनरावेदन अदालतमा धाउँदै धेरै वर्ष बिते पनि मुद्दा अझै टुङ्गिएको छैन तर कथाको कथानक यही टुङ्गिएको छ ।

**उद्देश्य** : प्रस्तुत कथामा समाजमा व्याप्त महिला पुरुष बीचको विभेदलाई देखाइएको छ । समाजमा अझै पनि महिलालाई दोस्रो दर्जामा राखिएको छ । उनीहरूलाई पुरुषको यौन तृष्णा मेटाउने साधनका रूपमा प्रयोग गरिएको छ । अब त्यो अन्त्य भएर समतामुलक समाज निर्माण हुनुपर्छ भनेर देखाउनु कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.१३ 'नाजवाफ' कथाको कथानक र उद्देश्य

पाँच पृष्ठमा संरचित 'नाजवाफ' कथामा घरगृहस्थीका सन्दर्भलाई विषयवस्तु बनाइएको छ । सँगै पढेका अशोक र मिलन दुईमध्ये अशोक निजामति सेवामा र मिलन शिक्षण सेवामा लागेका छन् तर उनीहरूको जीवनमा आएको आकाश जमिनको फरक परिवर्तन र जीवनयात्रालाई तुलना गरेर पारिवारिक कहल पैदा हुने गरेको सन्दर्भलाई कथामा देखाउन खोजिएको छ ।

**कथानक** : अशोक र मिलन सानै कक्षादेखि स्नातकसम्म प्रथम-द्वितीय हुँदै आएका साथी रहेका छन् । जसमध्ये अशोकले जागिर खाएको केही वर्ष मै ठाउँ-ठाउँमा घरघडेरी किनेका, छोराछोरीलाई राम्रो बोर्डिङ पढाएका, श्रीमतीलाई पहेलपुर गहनाले सजाएको देखेपछि मिलनकी श्रीमतीले श्रीमान्सँग गुनासो पोखेकी छन् । घर भित्रिएदेखि दुई पातेको दुई पाते कहिल्यै राम्रो लाउन, मीठोमसिनो खान, छोराछोरीलाई राम्रो विद्यालय पढाउन नपुगेपछि उनलाई अशोकको जस्तै जागिर खान र शिक्षकको जागिर छोड्नु भन्ने सल्लाहसहितको

पारिवारिक कचकचसँगै कथानक अगाडि बढेको छ । श्रीमती कुन्ताको रातदिनको भुटभुटीमा मिलन मुकदर्शक बन्नुबाहेक विकल्प रहँदैन । अति भएपछि एकदिन कुन्ता शान्त भएको मौका पारेर सम्झाउँदै भनेका छन्, अर्काले कमाएको डाहा गरेर हुँदैन, पाइलो नबिराइ अघि बढ्नुपर्छ । एउटै रहमा माछा र एउटै हातका औंला पनि साना ठूला हुन्छन् । पवित्र पसिना बगाएर कमाएको सम्पत्तिमा शान्ति र दिगोपन हुन्छ । हामीलाई नपुग्दो कहाँ छ ? घरपायकमा नि.मा.वि. स्तरको जागिर, फलफूल तरकारीबाट राम्रै आम्दानी, छोराछोरी पढेकै छन् । गोरुलाई ढुङ्ग्रामा नुन कोचाए झैँ पढाउन पो किन पर्‍यो ? पढ्नेले जुनसुकै स्कुलमा राम्रै पढेका छन् । दुनियाँको चित्त दुखाएर र ठगेर सम्पत्ति थुपार्न किन पर्‍यो ? आफूसँग जे छ त्यसैमा सन्तोष लिनु । अर्को घोडा चढ्यो भन्दैमा धुरीमाथि चढ्न हुँदैन भनेर सम्झाउँदै थिए, कुन्ताले तपाईंको महाभारत सुनाउनु पर्दैन भन्दै भान्सामा पसेकी छन् । यसरी कथाको कथानक अगाडि बढ्दै गएको छ ।

मिलनसँगै पढेका अशोक निजामतीतर्फ स्थानीय विकास अधिकारीसम्म भएका छन् । उनी जहाँ पुग्छन् त्यहाँ घरघडेरी जोड्ने, देश विदेशका बैंकमा सम्पत्ति थुपार्ने, असहाय र गरिबलाई ठग्ने, जसरी हुन्छ धेरै सम्पत्ति जोड्ने र छोरालाई पनि त्यस्तै अर्ती सिकाउँदै अगाडि बढेका छन् । बेला बेलामा भ्रष्टाचार गरी नाजायज सम्पत्ति कमाउने माथि कार्वाही गर्न भनी सरकारले छानविन आयोग गठन गर्‍यो । उपलब्धिमूलक काम भएन । निष्पक्ष छानविन गरी कारवाही गर्नुपर्ने ठाउँमा जुनसुकै आयोग पनि झन् छिटो पैसा कमाउने आयोग बन्दै गएको सन्दर्भ कथामा आएको छ । जसले हाम्रो देशमा मैलाउँदै गएको भ्रष्टाचारलाई देखाउँछ । उता अशोकका जेठा विकासबन्धु भन्सारका हाकिम, कान्छा चित्रबन्धु क्याम्पसका प्राध्यापक बनेका छन् । बाबु र जेठा छोरा जसरी हुन्छ पैसा कमाउनु पर्छ भन्ने कान्छा जति हुन्छ इज्जत कमाउनु पर्छ भन्ने भिन्न स्वभावका निस्केपछि बाबु, अशोक र दाजु विकासले समाजमा कमाएको बदनामले घरमा झगडा झाँगिदै गएको छ भने चित्रबन्धु बाबु र दाजुबाट हेलित हुँदै आफन्तबाट उचित माया नपाउँदा र नाजायज काममा तल्लिन बाबु र दाजुको चरित्र देख्दा झन् आक्रोसित बन्दै गएका छन् । बाबुछोरा तथा दाजुभाइको बोलचाल मात्र होइन, चाडवाड वा बेलामौकामा भेटघाट हुन पनि हराएको छ । जसबाट के प्रष्ट हुन्छ भने पापी र धर्मात्मीको कहिल्यै सत् संगत हुन सक्दैन भन्ने सन्दर्भलाई कथाले परिभाषित गरेको छ । उता भन्सारबाट विकासले बाबुले झैं मनग्गे धन कमाउन थालेपछि चिने जानेकाले दुवै बाबुछोरालाई भ्रष्टाचारी उपनाम दिएका छन् ।

भाइलाई पनि भ्रष्टाचारीको खलक भनेर लान्छना लगाउन थालेका छन् । एकदिनको कुरा, उनका बाबुले उनलाई भनेका छन्, 'तैंले मैले भनेको कहिल्यै मानिनस्, यस्तो बन्छस् भन्ने जानेको भए म तलाई त्यत्रो खर्च गरेर पढाउने थिइन । दाजुले त्यत्रो सम्पत्ति जोड्दा तेरो यो गति ? तैंले म मर्दा काजक्रिया पनि गर्नु पर्दैन त मेरा लागि मरिस् ।'

चित्रबन्धुले बाबुको यस्तो कुरा सुनेर पागल जस्तै बने । जाँड रक्सीको सेवनमा लागे, क्याम्पस पढाउन पनि छोडे । एकदिन बिहान नौ बजेको समय हुँदो हो, दाजु विकास अफिसतिर जाँदै गर्दा बन्दुको दुई गोली पड्केको आवाज आएकोमा पछाडिबाट गोली लागेर विकास ठाउँको ठाउँ मरेका छन् । प्रहरीको गाडी आएर भीडलाई हटाएको छ । एकजना मरेको, अर्को नजिकै घाइते यो काम किन, कसरी, कसले गऱ्यो भन्ने केही थाहा भएन । पोष्टमार्टम गरेर, मुचुल्का उठाएर घाइतेलाई नजिकैको अस्पतालमा लगिएको छ  यो कथाको विकासात्मक चरण हो । अब कथा कसरी अगाडि बढ्छ भनेर पाठकको मन मुटु ढक्क फुल्न थालेको अनुभूति हुन्छ । केही दिनपछि घाइते होस्मा आएपछि सोधखोज हुन्छ । घरायसी मतभेदले दाजुलाई गोली हानी मारेको र आफूलाई हान्दा सही निशानामा गोली नपरेर घाइते परेको हुँ भन्ने चित्रबन्धुको कुरा सुन्दा बाबु अशोक मुढो झैँ पछारिएका छन् । उनलाई दाजु मारेको अभियोगमा कारागार चलान गरिएको छ । उक्त खबरपछि आमा पागल बनिन् । तीजको महिना थियो, अशोकले दूधे नातिनातिनीलाई खेलाउँदै बसेको देखेर गाउँमा महिलाहरूले यो वर्षको तीजको गीत अशोकका परिवारका बारेमा जुराएर गाउन थालेका छन्

मिलनले श्रीमती तीजको व्रत बसेको थाहा पाएर कुन्तालाई सम्झाउँदै तिमीले मेरो लागि भोकै व्रत बस्नु पर्दैन । आज व्रत बस्छ्यौ भोलिपल्टै पचासौं कुराको भुटभुटीले सातो लिन्छ्यौ व्रतको के अर्थ भयो ? सधैं नरम बोली र मीठो मुस्कान दिए पुग्छ व्रत बस्न पर्दैन भन्छन् । अशोकको परिवारको हालत गीतमा सुन्यौं नै होला त्यसैले आफूसँग जे छ त्यसैमा सन्तोष हुनुपर्छ । हाम्रा लागि हामीले गऱ्यौं । छोराछोरीले आफ्ना लागि आफै गर्छन् भन्दा कुन्ता नाजवाफ भएर बसेसँगै कथा सकिएको छ ।

**उद्देश्य :** प्रस्तुत कथामा समाजमा शिक्षाप्रतिको मान्छेको वितृष्णालाई देखाइएको छ । हिजोआज मानिस पैसा-पैसा भनेर अगाडि बढ्दा पारिवारिक जीवनमा कुठाराघात भएको छ । यसैले पैसा नै सबै कुरा नभएकाले पहिलो सम्पत्ति भनेको पारिवारिक सन्तोष भएकाले सोही अनुसारको कर्म गर्नुपर्छ भन्ने सन्देश दिनु नै कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.१४ 'जोइटिङ्ग्रे' कथाको कथानक र उद्देश्य

पाँच पृष्ठमा संरचित जोइटिङ्ग्रे कथा गाउँले जनजीवनको झर्रो शब्दलाई टपक्क टिपेर कथाको नामाकरण गरिएको छ । कृति भित्रको चौंधौ यस कथामा पनि पारिवारिक सन्दर्भलाई मुख्य विषयवस्तु बनाइएको छ ।

**कथानक :** कथाको कथानक शान्तको फोनमा टिन्नटिन्न घण्टी बजेसँगै शुरु भएको छ । शान्ताले फोन उठाउँदा छोरी सविनाको फोन आएको हुन्छ । सविना दिदीबहिनी पढ्नका लागि शहरमा बसेकाले सन्चोबिसन्चो बुझ्नका लागि फोन गरेकी छ । शान्ताले बुबाको खबर सोधे सँगै आमाले भन्छिन्, 'के गर्नु छोरा जन्मिएनन् अब कान्छी छोरीको बेलैमा घरजाम गरेर मर्ने बेलामा सन्तोषको सास फेरेर मर्न पाए राम्रो हुन्थ्यो भनी सोचिरहनुहुन्छ । बहिनीलाई ठाउँठाउँबाट माग्न आइरहेका छन् । हुर्केकी छोरी कतै केही नराम्रो हुन्छ कि भनेर चिन्ता परिरहेको छ ।' आमाका कुरा सुनेपछि सविनाले आफ्नो पढ्दापढ्दै सानैमा बिहे भएकाले छोराछोरी भैहालेको, पढाइ बीचैमा छुटेकोप्रति चिन्ता व्यक्त गर्दै बहिनीको पढाइ सकेपछि बिहे गर्ने भन्दा यसपाला राम्रो घर, असल केटो आएकाले मलाई पनि राम्रो घर असल पढेको केटो छ भनेर मन गएको छ भनेकी छन् । आमाको उक्त कुरा सुनेर छोरीले तपाईंहरूको जस्तो जमाना होइन अब त आफ्नो जीवनसाथी आफैले पनि छान्न पाउनुपर्छ भन्दा जसरी हुन्छ बहिनीलाई एकहप्ता भित्र घरमा पठाऊ भनेर आमाले फोन राखेकी छन् । प्रमोदाका सन्तानका नाउँमा दुई छोरी मात्र थिए । बेलैमा कन्यादान गरी दिए छोरा हुन्छन् भन्ने ज्योतिषीको सल्लाहले दश पढ्दैकी छोरी शान्तालाई बिहे गरी शहरमा दिएका थिए तर फेरि पनि छोरी रूपा जन्मी । उसलाई उच्च शिक्षा पढाउने ठाउँ नभएर दिदीसित काठमाडौमा राखेर पढाएका छन् । उनी दिदीसँग बसेर प्रमाणपत्र तह पढ्दै छन् । छोरा नभएकाले पनि दिदीबहिनीले बाबुआमाको चित्त दुखाउन हुँदैन भनेर जे भन्छन् सोही मान्ने गरेका थिए । यसरी कथाको कथानक रोचक तरिकाले अगाडि बढेको छ ।

साँझको पाँच बज्दै थियो । आज कान्छी छोरी आइन भने भोलि के भनेर मुख देखाउने भन्दाभन्दै रूपा टुप्लुक्क आइपुगेकी छ । साँझको खानापछि यस्तै-यस्तै गफमा रात छिप्पिदै गएर बिहानको छ बजेको छ । नरेश र मामा भएर ज्योतिषी मित्रलाल कहाँ गएका छन् । ज्योतिषीले केटी पक्षलाई पनि ल्याउनुहोस् के-के भन्नु पर्छ मैले जानेको छु भनेका छन् ।

उता छोरी रूपाले अहिले विवाह नगर्ने कुरा गरिरहेकी छ । आमाले सम्पन्न घर, पढेको लायकको केटो छोरीको जात अर्काको भाग्य खाने जात मौकामा चुक्नु हुँदैन भनेर सम्झाउँदा रूपाले भनिन्- 'हेर्नुस् आमा, ज्योतिषी, लामाधामी र डाक्टर कहाँ एउटै केशको विरामी लिएर गयो भने ज्योतिषीले स्वस्तिशान्ति वा ग्रह कटाउनुहोस् भन्छन्, त्यही विरामीलाई लामा कहाँ लगे फलानो देवी देवतालाई कालो, सेतो पाठो चढाउनुहोस् भन्छन् । डाक्टरले फलानो रोग लागेको छ सो रोगको दबाई फलानो थोक खानुपर्छ भन्छन् । आखिर हामी कहाँ जाँदा रोगको राम्रो उपचार हुन्छ त्यही जानुपर्छ । के मेरो भाग्य ज्योतिषीको मुखमा भर परेको छ ? के ज्योतिषीले जान्ने भए ज्योतिषीका छोरी राड, वैद्यका सन्तान गलगाड किन भनिएको त ?' छोरीका कुरा सुनेर आमाले बर्रर आँसु खसाल्न थालेपछि रूपाले बाध्य भएर बाबुआमाले भनेको मान्ने भएकी छन् ।

दिनको एक बज्दै गर्दा रूपाको घरमा केटो नरेश, मामालगायत पाँच-सातजना आएका छन् । सबैलाई बैठक कोठामा बसालेर कुराकानी भएपछि उनै ज्योतिषी मित्रलाल कहाँ पुगेका छन् । विशिष्ट र ठूलै जत्था आएको देखेर अरूलाई रोकेर उनीहरूको चिना, टिप्पन हेरेर नाडी, खर्गाष्ट, दिशा, गुण, ग्रह, दशा, उमेर सबै हेरिसकेपछि साह्रै राम्रो भनेका छन् । ज्योतिषी कहाँ हेराएको केही दिनपछि रूपा बेहुली बनेर नरेशका घरमा भित्रिन् । घर खाएको केही वर्ष त रूपाले सहदै गइन् । लोग्ने नरेश कुलतमा लागेर दिन प्रतिदिन बिग्रदै गए । केही सीप नलागेर एकदिन रुदै तपाईंको चाल जहिले पनि अल्लारे, अब कहिले के गर्ने हो ? कमसेकम छोराछोरी भएपछि जिम्मेवारीको बोध हुनु पर्दैन ? मैले माइती पनि कति गुहार्ने हो ? तपाईंको कुनै उन्नति प्रगति त परै जाओस् मेरा माइतीसमेत कंगाल बनाउन लाग्नुभयो । धोती, टोपी लगाएर मात्र पुरुष भइदैन बुझ्नु भो ?'रूपाका कुरा नरेशले राता आँखा बनाउँदै सुनिरहेको छ केही बोलेको छैन ।

समय बित्दै थियो, ऋणले चुर्लुम्म डुबेपछि सबै साहु आएर नरेशको बाँकी जायजेथा ताकेता गर्न थालेका छन् । हाम्रो ऋण नतिर्दासम्म घरको ढोका खोल्न दिन्नौं भनेर ढोकामा ताल्चा लगाइदिएपछि लालाबाला लिएर रूपा माइतमा शरण लिन पुगेकी छन् । नसापानीको कारणले नरेश रोगी बन्दै गएका छन् । ऋण तिर्ने औकात नभएपछि उनी श्रीमती र छोराछोरीलाई सम्झी ससुरालीमै पुगेका छन् । यसरी दुखान्त मोडमा कथा सकिएको छ ।

**परिवेश :** प्रस्तुत कथाले गाउँदेखि शहरसम्मलाई स्थानगत परिवेश बनाएको छ ।

**उद्देश्य :** प्रस्तुत कथामा धन सम्पत्तिको मोहलाई देखाइएको छ । मान्छे पैसाका पछाडि लाग्दा बाबुआमाले आफ्ना छोरीको जीवन के कसरी बर्बादी पारिरहेका छन् ? त्यसको अन्त्यका लागि कसरी अगाडि बढ्ने भन्ने देखाउनु नै कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.१५ 'डायरी' कथाको कथानक र उद्देश्य

सङ्घर्ष कथा भित्रको डायरी कथा पन्ध्रौं कथा हो । जुन कथा संरचनात्मक हिसाबले पाँच पृष्ठमा संरचित छ ।

**कथानक :** प्रस्तुत कथामा म पात्रले सेवन निवृत्त शिक्षक नरेन्द्रको दिनचर्यालाई व्याख्या गरेका छन् । नरेन्द्रका जुत्ता, मोजा र कपडाहरू अव्यवस्थित छरपस्ट छन् । सधैं लगाएर हिँड्ने लुगामा ढुंसी तथा माखी लागेको छ । जुत्तामा पालिसको सट्टा धुलो जमेको छ । हँसिला र फरासिला मान्छे पनि रोगी र नयाँ किरियापुत्री झैँ देखिएका छन् । हिजो आज जीवनदेखि वाक्क भएर प्रायः कोठामै टोलाउन थालेका छन् । दिन प्रतिदिन बैलाउँदै गएका फूलका माला, गुच्छाहरू जीवनको कमाइ भन्दै आँसु बगाउन थालेको सन्दर्भबाट कथानक अगाडि बढेको छ । एकहप्ता अगाडि पच्चीस वर्ष पढाएर सदाका लागि बिदा भएका नरेशलाई स्टाफ साथी र विद्यार्थीसँगको रमाइलो वातावरण ओझेलमा परेपछि मन दुखि भएको छ । आफूले पढाएका विद्यार्थी शिक्षक, प्रोफेसर, अधिकृत, पाइलट, इन्जिनियर, डाक्टर आदि बन्दा आफूँ कुनै बोटेले वर्षदिनको बाली बुझे झैं थोरै पैसा लिएर अवकाश लिँदा उनलाई साह्रै नरमाइलो लागेको छ ।

आफ्ना स्टाफ तथा साथीका छोराछोरी धेरै पढेर देश विदेश ठाउँ ठाउँमा राम्रो काम गरेका छन् । आफ्ना दुई छोराछोरीले एस.एल.सी कटाउन नसकेको, सही बाटो नसमातेको, छोरी आरतीलाई अर्काकै जिम्मा लगाई सकिएको, छोरो रोशन कुलतमा लाग्दा लागेर चोर र महाठग बन्दै गएपछि मनले ताक्छ मुढो बन्चरोले ताक्छ घुँडो भने झैं भएपछि उनलाई त्यसै विरक्त लागेर आएको छ । बाबुभन्दा छोरो, छोरोभन्दा नाति असल हुनुपर्नेमा उल्टो महाबदमास बन्दै जाँदा नरेन्द्रले शिर ठाडो पारेर हिँड्न सकेका थिएनन् त्यसैले घरमा बस्नुपर्दा उनको मनमा धेरै कुरा खेलेका छन् ।

सेवा निवृत्त भएपछि नरेन्द्र आफ्ना नातेदार कहाँ काम विशेषले जाँदै थिए । अचानक मोटर दुर्घटनामा परेर धेरै यात्री घाइते हुँदा नरेन्द्रलाई पनि ठूलो चोट लाग्न पुग्छ । उनलाई अस्पताल पुऱ्याइयो, केही बेरपछि उनलाई होस् आयो । डाक्टर दयाराम नरेन्द्र नेर पुग्दा

नरेन्द्रले बरर्र आँसु बगाएको देखेर दयारामले मैले आफ्नै रगत दिएर होस्मा ल्याएको छु किन रुनुहुन्छ नरुनु भन्दा । नरेन्द्रले झन् आँसु बगाएका छन् । उनले त्यही बेला मेरो एउटा छोरो बिग्रिएर के भो ? सयौं छोराछोरी त असल छन् भनेर मन बुझाएका छन् ।

केही दिनको उपचारपछि नरेन्द्र घरमा आउँदा अमेरिकाबाट छोरी आरतीको पत्र आएको हुन्छ । पत्रमा मोटर दुर्घटनामा पर्नुभएको कस्तो भयो भनेर जिज्ञासा राख्नुका साथै, छोराछोरीले राम्रो पढेनन् भनेर चिन्ता लिनुहुन्थ्यो अब नलिनुहोला । मैले आइ.ए. पास गरेर बि.ए. पढ्नका क्याम्पस भर्ना भएकी छु । श्रीमान् साह्रै असल हुनुहुन्छ । मैले सकेसम्म पढाउछु भन्नुभएको छ ज्वाइँको जागिर पनि राम्रो छ भनेर आरतीको चिठी आएपछि नरेन्द्र खुसी भएका छन् । यसरी कथा अगाडि बढ्दै जाँदा नेपालको महान् पर्व दसैं आइपुगेको छ । यसपाला चन्द्रकलाले आफ्ना श्रीमान् नरेन्द्रलाई छोरो परिबन्दले जेल परेको पनि हुन सक्छ उसलाई नख्खु जेलमै पुगेर यसपाला टीका लगाउन आग्रह गरेकी छन् । श्रीमतीको उक्त कुरा सुनेर नरेन्द्र जाने मनसाय बनाएका छन् । अन्ततः टीकाको दिन आयो, दुवै नक्खु जेल पुगेर जेलरलाई रोशनलाई भेट्न आएको भनेर खोजीनीति गर्दा रोशनले जेलमै बी.ए. पास गरेर एम.एको तयारी गरिरहेको थाहा पाउँछन् । जेलमा रोशनको एक जना कवि साहित्यकारसँग भेट भएपछि कविको डायरीमा खराब मान्छेलाई सही मार्गमा हिँडाउने सूत्र लेखिएको रहेछ त्यो हेरर उनले आफ्नो जेल जीवनलाई सुनौलो बनाएका रहेछन् । कविको डायरीमा निम्नकुरा लेखिएका रहेछन्, जीवन छोटो छ काम धेरै छ, मान्छे फूलभन्दा पनि सुन्दर छ बासना आफैले भर्नुपर्छ, सबैको नजिक जाऊ तर ज्ञानी मान्छेलाई नछोड, पूर्खाभन्दा असल हुँदै गए ईश्वर र पितृ दुवै खुसी हुन्छन्, नदी तलतिर बगेको राम्रो हुन्छ मान्छे माथितिर बगेको, महापुरुषले मृत्युलाई जितेका हुन्छन् । यी कविका डायरीबाट रोशनले आफ्नो डायरीमा सारेर जीवनलाई उज्यालो बनाएको थाहा पाएपछि आमाबाबु दुवै खुसी भएका छन् । आमाले छोरीले पठाएको चिठी छोरालाई पढ्न दिएपछि उनी झन् खुसी हुँदै टीका लगाइसकेपछि अफिसरले आ-आफ्ना घर जानुहोस् यो धेरै बस्ने ठाउँ हैन भनेरपछि कथा सकिएको छ ।

**उद्देश्य** : समाजमा संगत गुनाको फल भन्ने चलनचल्तीमा रहेको भनाइलाई देखाउन खोजिएको छ । कथामा मान्छे जहिले पनि संगतको प्रभावले सप्रने र बिग्रने भएकाले उको असल व्यक्तिको संगतले ऊ असल मार्गमा लाग्ने र खराब व्यक्तिको संगतले खराब मार्गमा लाग्ने भएकाले असल व्यक्तिको संगत चाहिने सन्देश दिएको छ ।

## ४.१६ 'गर्लफ्ल्यू' कथाको कथानक र उद्देश्य

सङ्घर्ष कथासङ्ग्रह भित्रको सोह्रौं कथाका रूपमा रहेको गर्लफ्ल्यू संरचनागत हिसाबले चार पृष्ठमा संरचित छ।

**कथानक** : प्रस्तुत कथामा म पात्रले सन्तबहादुरको जीवनकथालाई अभिव्यक्त गरेका छन् । सन्तबहादुर नाताका हिसाबले म पात्रका छिमेकी काका हुन् । उनका एक छोरा नरे र छोरी सन्तु छन् । श्रीमती देवसरा र उनको उमेर लगभग मिल्दोजुल्दो ४०-४२ रहेको छ । उनीहरू सामान्य परिवारका भएकाले दुःखसुख जिन्दगी बिताउँदै आइरहेका छन् । छोराछोरी सात र नौं कक्षामा पढ्दै रहेका छन् । यसरी कथाको कथानक अगाडि बढेको छ । देवीसरा दीर्घ रोगी भएकाले उनी बिरामी परेकी छन् । सन्तबहादुरले लामाधामी, झारबुटी गरे पनि केही नलागेपछि उनलाई अस्पताल पुऱ्याइँदा डाक्टरले ढिलो भएकाले भन्न नसकिने भनेर औषधिसहित घरै फर्काइदिएका छन् ।

अस्पतालले फर्काएको करिब एक महिनापछि देवीसराको निधन भयो । आमाको मृत्युपछि छोराछोरीको पढाइ पनि सकियो । श्रीमतीको मृत्युपछि सन्तबहादुरले आफ्नो जीवन कहाली लाग्दो देख्न थालेका छन् । छोरा जागिरको खोजीमा विदेश लागेपछि घरमा बाबु र छोरीमात्र छन् । शुरुमा छोराले केही पैसा पठाउँदै, बेला मौकामा फोन गर्दै गएका छन् पछि उनको पनि केही खबर आउन छोडेको छ । पहिलो कम्पनीको काम छोडेर अर्कोमा गएका उनी मरे जिउँदोको कुनै ठेगान छैन । यता भर्भराउँदो बैंसले बसाएकी सन्तुलाई बिहे गर्छु भनेर उच्च जातिले भगाइदिएपछि ६० वर्षे सन्तबहादुर एक्लै भएका छन् । श्रीमती र छोराछोरीको पीरले मात्र बिरामी भएका हैनन् कि भनेर म पात्रले उनलाई लामाझाँक्रीतर्फ पनि लगेका छन्, कसैले के भन्छन् कसैले के तर उनलाई उपचारले नछोएपछि उपचारका लागि अस्पताल लगिएको छ । अस्पतालमा डाक्टरले चेक गरेर त्यसबखत सबै बड्फ्ल्यु रोग लागेकाले उनलाई पनि त्यही औषधि दिएका छन् । राजाका अगाडि बाबुको दुहाइ भने जस्तो डाक्टरका अगाडि केही बोल्न सकेनन् । त्यही औषधि खुवाएर उनलाई घर ल्याइएको छ । उपचार गरेर घर ल्याए पनि उनलाई निको हुने लक्षण देखिँदैन ।

म पात्र र सन्तबहादुर सँगै सुतिरहेका बेला सन्तबहादुर बर्बराउँदै भने देवसरा तिमीले छोडेर गएपछि मलाई कहिल्यै सन्चो भएन कि तिमी आऊ आयौं भने सन्चो होला कि मलाई पनि तिमीसँगै लैजाऊ भनेका छन् । उक्त कुरा सुनेपछि म पात्रले मनको मनोरोग पत्ता लगाएका छन् । उनलाई यस भन्दा अगाडि पनि शंका नलागेको थिएन महिला

देख्दा टाढैबाट एकोहोरिने, कतै महिलाको फोटोमा हेरिरहने गर्ने, श्रीमतीको निधनपछि आफैँ विवाह गर्न नसक्ने, कोही पछि लागेर नआउने भएपछि म पात्रले श्रीमतीसँग सल्लाह गरेर म पात्रकी साली उमेरले ४० पुगेकी जो, श्रीमान्सँग पारपाचुके गरेर माइतैमा बसेकी उनीसँग कुरा गरेर साटो पाए लाटो बुझ्छ भने झै राजीखुसीले जोडी मिलाइदिएका छन् ।

विवाह पछि उनी बिस्तारै हृष्टपुष्ट हुँदै आउन थाले । दुवै बुढाबुढीको जिउज्यान राम्रो हुँदै आयो । उनलाई डाक्टरले बर्डफ्ल्यू रोग लाग्यो भनेर उपचार त गऱ्यो । तर उनलाई गर्लफ्ल्यु रोग लागेको रहेछ । उक्त रोगको उपचारपछि परिवार सुखी तरिकाले बितिरहेको केही महिनापछि दुई जना भरियासहित बीचमा काखमा बच्चा च्यापेकी एक युवती र हातमा सुटकेश लिएको छोरो आगनमा आएको देखेपछि सन्तबहादुरले रुँदै छोरो नरेलाई अँगालो हालेका छन् । म पात्रले सन्तबहादुरको परिवारमा फर्केको खुसी हेरिरहेसँगै कथा सकिएको छ ।

**उद्देश्य :** प्रस्तुत कथाले दाम्पत्य जीवनमा बज्रपात परेपछिको अवस्थालाई देखाएको छ । घर परिवार र सुन्दर दाम्पत्य जीवनका लागि सोही अनुसारको कर्ममा लाग्नुपर्छ । पारिवारिक आवश्यकतालाई ख्याल गर्नुपर्छ । त्यो हुन सकेन भने यदि जब दाम्पत्य जीवन खण्डहर हुन्छ तब एक पुरुषको जीवन मात्र होइन, सुन्दर घरसंसार कसरी खण्डहर हुन्छ भनेर देखाउनु कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.१७ 'डाक्टरको बुबा' कथाको कथानक र उद्देश्य

'डाक्टरको बुबा' कथा आयामका हिसाबले छ पृष्ठमा संरचित कथा हो । कथा काशी र म पात्रको जीवनकहानीमा केन्द्रित छ ।

**कथानक :** काशी बोल्न नसक्ने छात्रा हुन् । यसैले म पात्रले उनलाई पढ्नमा सहयोग गर्दै आएका छन् । उनीहरू दुवै सँगसँगै पढ्दै जान्छन् । पाँच कक्षामा पुगेपछि काशी फेल हुँदा म पात्र छ कक्षामा पुगेसँगै काशीको जीवनमा समस्या आउन थालेका छन् । उदण्ड केटाहरूले उनलाई दुःख दिन थालेका छन् । समय बित्दै जाँदा म पात्रले बी.ए. पास गरेर गाउँमै पढाउन थालेको छ । उता काशीको विवाह हुन्छ । विवाह पछि उनका श्रीमान् विदेश गएका छन् । धन कमाउन विदेश गएका काशीका श्रीमान्को केही समयमै सडक दुर्घटनामा मृत्यु हुन पुग्छ । उनलाई पोई टोकाइको आरोप लगाउन थालेपछि उनी माइतमा गएर

जीवन गुजारा चलाएकी छन् । विद्यालयको एक कार्यक्रममा म पात्रलाई देखेसँगै काशीले झम्टदै आँसुको भेल बगाएकी छन् । म पात्रले उनलाई पैसा दिएर शान्त बनाएका छन् ।

समाजमा अझै रुढिवादी परम्परा यथावत छ । यसैले काशीलाई बूढा मरेपछि उसले पोई टोकाइको संज्ञा दिइयो । उनलाई कसैको साथ र सहयोग मिल्दैन । बाबा आमा छदासम्म त माइतमा बसिन् त्यसपछि उनी वेसहारा हुन पुगिन् । कोही नभएर वेसाहार भई हिँडेकी थिइन् । लाटी, सोझी काशीलाई सोही बेला कसैले बलात्कार गरेछन् । उनी दोजिया बनिछन् । सोझी बोल्न नसक्ने लाटी र कान नसुन्ने भएका कारण उसमाथि गल्ती गरेका मानिस समाजमा ठाडो शीर उठाउँदै हिँड्ने र सोझालाई फसाउने जाल बुन्न थाल्छन् । समाजको अशिक्षित र कुरीतिका कारण सोझो र इमान्दार 'म' पात्रलाई समाजले गलत धारणा बनाई उनलाई अन्यायको बाटोतर्फ धकेल्दै काशीको पेटको बच्चा तेरो भनेर म पात्रलाई स्वीकार्न बाध्य पारेका छन् । म पात्रको घरमा काशीलाई लगिदिएका छन् । सद्दे मान्छेलाई दश जनाले पागलको संज्ञा दिएपछि ऊ पागल नै हुन्छ । कथामा एउटा शिक्षित र सचेत मान्छेलाई मुर्खहरूको भिडले कति विवश पार्दो रहेछ ? भनेर देखाउन खोजेको छ । त्यसपछि उनले 'ठीक छ म यसलाई भित्र्याउछु । तर यस्ती अर्को नल्याउनु होला भन्ने व्यङ्ग्यपूर्ण स्वीकारोक्तिले कथामा नयाँ मोड लिएको छ ।

म पात्रको विवाह भइसकेको थियो । उनकी श्रीमती सुस्मिताको कोखबाट दुई छोरीको जन्म भएको छ । विडम्बना सुस्मिताका दुवै मृगौला फेल भएकाले उनको पनि अकालमा मृत्यु भइसकेको थियो । यसैले उनले चित्त बुझाएका छन् । टाठी भएका ठाउँमा लाटी भएर पनि के भयो । मलाई माया गरेकी छ । छोरीको लालनपालन राम्रोसँग भएको छ भनेर चित्त बुझाउँछन् । काशी आमा बन्छिन् । उनको कोखबाट छोराको जन्म हुन्छ । उनको न्वारन हुन्छ । नाम कर्ण राखिन्छ । बिस्तारै म पात्र र काशीको जोडी जम्दै जान्छ । कर्ण हुर्केर असल सन्तान बन्ने मात्र होइन, उसले उच्च शिक्षा प्राप्त गरेर डाक्टर बन्छ । त्यसपछि म पात्र डाक्टरका बाबु बनेसँगै कथाको कथानक अन्त्य हुन्छ ।

**उद्देश्य** : कथामा समाजमा घट्ने घटनाको यथार्थ चित्रण देखाइएको छ । जसबाट गाउँ समाजमा सोझासाझा मानिसलाई हेला गर्ने परिपाटीको अझै अन्त्य हुन नसकेको पाइन्छ । समयको कालखण्डमा के हुन्छ भन्ने कुनै आँकलन गर्न सकिँदैन । भवितव्य घटना हुन नदिनका लागि लागि सबैको सम्मान गर्नुपर्छ । सकारात्मक सोचले अगाडि बढ्नुपर्छ भन्ने सन्देश दिनु कथाको मुख्य उद्देश्य रहेको छ ।

## ४.१८ 'चक्कर लाग्यो' कथाको कथानक र उद्देश्य

'चक्कर लाग्यो' सङ्घर्ष कथासङ्ग्रह भित्रको सबैभन्दा छोटो कथा हो । लघुकथाको आयाममा संरचित कथामा पुरानो संस्कारलाई देखाइएको छ ।

**कथानक** : धनपतिका परिवारको सन्दर्भलाई म पात्रका माध्यमबाट अभिव्यक्त गर्न लगाएर कथाको कथानकलाई अगाडि बढाइएको छ । यसैले धनपति कथामा मुख्य पात्रका रूपमा आएको छ । उसैको भूमिकामा कथानक बढेको छ । धनपतिका बाबा बलभद्र बिरामी भएर अस्पताल जान नपाउँदाको सन्दर्भ नै कथाको मुख्य विषयवस्तु हो । धनपतिको घरको आर्थिक स्थिति राम्रो हुँदाहुँदै पनि बलभद्र ओछ्यानमा वर्षदिनसम्म थला परेका छन् । म पात्रले उनका छोरा धनपतिलाई बुबाको अस्पतालमा उपचार गर्न लैजाऊ, घरमा पैसा नभए ऋण हालिदिउँला भने तापनि उनले म पात्रको कुरा खाएका छैनन् ।

बलभद्र ओछ्यानमा परेको लामो समयसम्म उनको पेटमा कुनै अन्न परेन । उनका छोराका कानमा म पात्रले भनेका कुनै कुरा परेनन् । जसका कारण बलभद्र निकै कमजोर हुँदै गएका छन् । आखिरी अवस्थामा सन्तान भएर पनि समयमै पेटभरि खान र दुःखबिराम हुँदा उपचार नभएपछि बलभद्रको अकालमै मृत्यु हुन्छ । यो कथाको मध्यान्तर हो । जब बलभद्रको निधन भयो । त्यसपछि धनपति म पात्रसँग पटक-पटक ऋण माग्न आउन थालेका छन् । उनी यसरी ऋण माग्न आएपछि म पात्रले तिमीलाई किन ऋण चाहियो ? भनेर प्रश्न गर्दा धनपतिले पिण्ड तर्पण त दिनुपऱ्यो नत्र बुबा कसरी स्वर्ग जान्छन् र ? भनेको उक्त कुरा सुन्दा म पात्रलाई चक्कर लागेसँगै कथा सकिएको छ ।

**उद्देश्य** : प्रस्तुत कथाले मान्छेको मान, सम्मान जिउँदैमा गर्नुपर्छ । हामीले जिउँदो हुँदा उसको वास्ता नगर्ने तर मरेपछि पिण्ड तर्पणका नाममा पुरानत संस्कारका पछाडि लाग्नु हुँदैन । यो गलत संस्कार भएकाले त्यस्ता संस्कार अन्त्य हुनुपर्छ । जसलाई जे सेवा गर्नुपर्ने हो त्यो जीवन छँदै गर्नुपर्छ मरेपछि आत्म शान्तिका नाममा गरिने विविध कर्म पाखण्डपन मात्र हो भनेर देखाउनु कथाको मुख्य उद्देश्य छ ।

## ४.१९ 'खुसी देखिन्छन्' कथाको कथानक र उद्देश्य

खुसी देखिन्छन् कथा मावनेतर पात्रका माध्यमबाट अगाडि बढेको चार पृष्ठमा संरचित कथा हो । कथा एकादेशको ठूलो जंगलमा बसोबास गर्ने विभिन्न पशुपंक्षी तथा विभिन्न किसिमका जीव जनावरहरूका दिनचर्यामा केन्द्रित रहेको छ ।

**कथानक :** परापूर्व कालमा मानिसले जीव जनावरहरूलाई माया गर्ने, उनीहरूको संरक्षण गर्ने, वातावरण पनि संरक्षण गरेकाले वातावरण पनि सहज थियो । तर पछिल्ला दिनमा जंगलको नजिकै मानिसहरूले खनजोत गरेर विभिन्न प्रकारका अन्न तथा तरकारी बाली लगाउने, मानवेत्तर प्राणीहरूको भू-भागमा अतिक्रमण गर्ने, विभिन्न फलफूल, गिठा, भ्यागुर खाने मात्र नभएर उनीहरूलाई मारेरसमेत आफ्नो आहारा बनाउन थालेपछि उनीहरूलाई आफ्नो जीवन नै संकटमा पर्न थालेको चिन्ता व्यक्त गरेको सन्दर्भ नै कथाको मुख्य विषयवस्तु रहेको छ । मानवेत्तर प्राणीहरूको आफ्नो जीवनचर्यामा दिन प्रतिदिन अन्याय, अत्याचार बढ्दै गएकाले आफ्नो जनजीवनमै असर पार्न थालेपछि अन्यायका बिरुद्ध एक भएर कसरी अगाडि बढ्न् सकिन्छ भन्ने विषयमा जंगलमा बसोबास गर्ने जलचर, थलचर र स्थलचर सबै पशुपंक्षी, जीवजन्तु र जनावरले आफ्नो जीवन रक्षाका विषयमा चिन्तन मनन् गर्दै कथानकले गति लिएको छ ।

कथामा मानिसहरूका मनमा पाप उत्पन्न हुँदै गएकाले उनीहरू लोभी, पापी भएका छन् । जसका कारण जंगलका विभिन्न पशुपंक्षी तथा पानीमा बस्ने अनेक जीव जनावरको शिकार गर्न थाले । त्यसपछि विभिन्न जनावरको संख्या घट्दै गएकोमा जंगलमा रहेका सम्पूर्ण पशुपंक्षी र प्राणी जगत्ले उपाय के गर्ने भनेर चिन्तन गर्न थालेका छन् । उनीहरूले हामीलाई सृष्टिले दिएको आहारभन्दा अरू कसैको आहारा खाएका छैनौं । अन्याय गर्नु भन्दा सहनु ठूलो पाप भएकाले हामी बसेको वनै मास्ने, आगो लगाउने, शिकार गर्ने, आफ्नो घरमा लगेर थुनेर राख्ने, बाँध्ने, भारी बोकाउने, जोताउने, दूध, मासु खाने गर्न थालेपछि यसरी मानिसको अत्याचार सहँदै जाने हो भने कालान्तरमा यस पृथ्वीमा हाम्रो अस्तित्व लोप हुने भएकाले मानिससँग भिड्न पर्छ भन्न थालेका छन् । यो सँगै कथाको गति अगाडि बढेको छ ।

सम्पूर्ण जलचर, थलचर, स्थलचरको छलफलले पापी मानवका विरुद्ध लड्ने अठोट लिएका छन् । त्यसै अनुरूप उनीहरूले आफ्ना इष्टदेवतालाई पुकारी ठूलो तपस्या गर्न थालेका छन् । जलमा बस्नेले जलदेवता, वनदेवता, आकाश देवतासँग पुकार गर्न प्राणीतर्फ रंगुन स्याल, जलचरतर्फ पेलेल माछो र आकाशमा उड्नेबाट पट्टु कागले भूमिगत भई तपस्या गरेको सन्दर्भसँगै कथाको कथानक उत्कर्षमा पुगेको छ । उनीहरूको तपस्याबाट मानिसका जीवनमा अनिष्ट आइलाग्न सक्छ भनेर विभिन्न शंका उपशंका पनि भइरहेका थिए । गाई, भैंसी, भेँडा, बाखा, परेवा, हास, कुखुरा जस्ता प्राणीहरू डराएका पनि थिए ।

अन्ततः इष्ट देवता उनीहरूको तपस्याबाट खुसी भएर आफ्नो समस्या भन्न अनुरोध गरे । जुन समय ती प्राणीले भने- 'हे ईश्वर, हामी कसैले पनि मानिसको कुनै हानी नोक्सानी गरेका छैनौं । आफ्नै भाषा, धर्म, संस्कृतिमा रमाएका छौं तर मानिसहरूले हामीमाथि हुनसम्मको अत्याचार गरे त्यसैले हामीले मानिसहरूको संख्या घट्दै जाओस् ।' उनीहरूका कुरा सुनेपछि इष्टदेवताले मानिस धेरै बुद्धिमानी भएकाले हामीले जानाजानी उनीहरूसँग लड्न, मार्न त सक्दैनौं । तर तिमीहरूको ठूलो तपस्याका फलले उनीहरूमा कुबुद्धि पलाएर यदुवंश मासिँदा झैँ आपसमा मार्ने, मर्ने कुविचार पलाओस् भन्ने श्राप दिएका छौं ।' भनेर इष्ट देवता लोप भएका छन् । यसरी इष्ट देवताको आशीर्वाद प्राप्तिको केही समयपछि मानिसहरू एक आपसमा धर्म, संस्कार, संस्कृति, साँध, सीमा, राजनीतिजस्ता विभिन्न विषयमा आपसमा लड्न, मारकाट गर्न थालेर मरेको देखेसँगै कथाको कथानक अन्त्य भएको छ ।

**उद्देश्य** : प्रस्तुत कथामा नीतिकथाको प्रभावपरक प्रस्तुति देखिन्छ । यस कथालाई हेर्दा हामी कसैले पनि आफ्नो स्वार्थका लागि अर्काको कुभलो चिताउन हुँदैन । अर्कालाई हानी पुऱ्याउनु हुँदैन । अर्काको हानी चाहने चिन्तनले कालान्तरमा आफूलाई नै हानी गर्ने भएकाले हामीले सबैको भलो होस्, सबैको राम्रो होस्, सबैलाई सफलता मिलोस् भन्ने विचारले अगाडि बढ्नुपर्छ भन्ने मुख्य सन्देश दिनु कथाको उद्देश्य रहेको देखिन्छ ।

### ४.२० 'एक शिक्षक' कथाको कथानक र उद्देश्य

एक शिक्षक कथा आयामका हिसाबले लघुकथा संरचनाको कथा रहेको छ । कथा घरदेखि कक्षाकोठासम्मको परिवेशमा संरचित रहेको छ ।

**कथानक** : कथाका मुख्य पात्र राजेश सर हुन् । उनी कडा मिजासका भएकाले विद्यार्थी सबै थर्कमान हुन्छन् । कक्षामा राजेश सर पस्ने बित्तिकै धेरैजसो विद्यार्थीले सास दबाएर आफ्नो पोजिसनमा बस्ने गर्छन् । कोही कमजोर भएर अब के-के नाना सत्ताइस सोध्छन् भनेर सास दबाउँथे भने कोही उनको हुँकार सुनेर सातो जाने गर्थ्यो । एकदिन उनले पढाइको क्रममा कुलतको विषयमा पढाउँदै भने भाइबहिनीहरू हो ! जाँड, रक्सी खानु, धुम्रपान गर्नु लागुऔषधको सेवन गर्नु, परपुरुष वा परस्त्रीसँग अनुचित शारीरिक सम्बन्ध गाँस्नु तास, जुवा खेल्नु आदि सबै कुलत हुन् । यी कोहीको पनि पछि लाग्यो भने आर्थिक, सामाजिक तथा राजनैतिक कुनै पनि दृष्टिले राम्रो हुँदैन र यस्ताको पछि लाग्यो भने अकालमै ज्यान

पनि जानसक्छ । तिमीहरू कोही पनि यस्तो कुलतमा जीवनभर नलाग्नु र कोही यस्तोमा फसेका देखेमा पनि उसलाई राम्रो तरिकाले सम्झाएर छुटाउने प्रयास गऱ्यौ भने मात्र तिमीहरूले यो पाठ पढेको वा मैले पढाएको सार्थक ठहरिने छ भन्दै विभिन्न उदाहरण दिएर सम्झाएका छन् । यसरी सम्झाएसँगै उक्त दिनको पाठ सकिएको छ ।

कुनै एकदिन उनै शिक्षकका विद्यार्थी सुमन र तिलबहादुर बजारबाट साँझपख आफ्नो घरमा फर्कदै थिए । उनीहरू जाँदै गर्दा बाटोमा एउटा चप्पल फेला पर्दछन् । जोडा नभएकाले सुमनले सो चप्पल नटिपे पनि तिलबहादुरले कुनै बेला काम लाग्न सक्छ भनेर लिएर अगाडि बढेका छन् । अगाडि बढ्दै जाने क्रममा एकैचोटि जकेट र टोपी फेला पारेका छन् । लुगामा रक्सीको गन्ध आएको थियो ता पनि उनीहरूले नयाँ मानेर सिकसिके मानीमानी टिपेर अगाडि बढेका छन् । उनीहरू क्रमशः आफ्नो घरतर्फ अगाडि बढ्दै जाँदा साँगुरो भीर परेको बाटामा आफ्नै सरलाई भीरतिर लड्नै लागेको देखे । उनीहरूले हत्तपत्त सरलाई समाएर केही फराकिलो ठाउँमा लागेर राखेका छन् । शिक्षकको होस् रक्सीले खाइदिएकाले सबै हराइसकेको थियो । साँझ झमक्कै परेर रात पर्न लागेको थियो । यसैले गर्दा उनीहरूले आफ्ना सरलाई छोड्न सकेनन् पालैपालो बोकेर सुमनको घरमा लगेर राखेका छन् । शरीरमा घाउ चोट लागेको ठाउँमा मलमपट्टि लगाइदिएका छन् । त्यो रात त्यही बिताउँछन् र भोलिपल्ट सरका छोरा र श्रीमतीलाई बोलाई घरमा पठाउँछन् । यसरी घर पठाएसँगै कथाको कथानक अन्त्य हुन्छ ।

**उद्देश्य** : प्रस्तुत कथाले शिक्षक आफूले असल आचरण र संस्कारको पाठ पढाएर मात्र हुँदैन । उनीहरू पनि असल आचरणमा रहनुपर्छ । हिजो आज शिक्षकहरूले नै खराब आचरण अबलम्बन गर्दा भविष्यका कर्णधार मानिएका बालबालिका खराब बाटो हिँडेका छन् । विद्यार्थी जो पढ्न कमजोर छन् तिनीहरूप्रति हेय भाव नराखी उनीहरूको रुचि, इच्छा र चाहना अनुरूप अगाडि बढ्न प्रोत्साहन गर्नुपर्छ, त्यो भयो भने उनीहरू आफ्नो अधिकार कर्तव्य र दायित्वप्रति सचेत छन् भनेर देखाउनु कथाको मुख्य उद्देश्य रहेको छ ।

## ४.२१ 'आफ्नै कथा'को कथानक र उद्देश्य

आफ्नै कथा कृति भित्रको एक्काइसौं कथा हो । जहाँ आषाढ महिनाको २९ गते भानुजयन्तीको सन्दर्भसँगै कथाको कथानक अगाडि बढेको छ ।

**कथानक** : म पात्रका माध्यमबाट अगाडि बढेको कथामा उक्त दिन भानुजयन्ती मनाउनका लागि म पात्रलाई केही दिनअघि कतैबाट पत्र आएकाले घरमा कसरी त्यो दिनको तारतम्ये मिलाएर जाने होला भन्ने विषयमा म पात्रलाई केही चिन्ता पर्न थालेको छ । असार महिना मानु खाएर मुरी उब्जाउनु पर्ने बेला भएकाले यता म पात्रलाई साँधमा सबैको खेती लगाएकाले झन् पीर थपिएको छ भने अर्कोतर्फ घरमा श्रीमतीले जे भने पनि कुनै निहुँ झिकेर जानु पर्ला भन्ने सोचमा रहँदारहँदै २९ गते आइपुगेको छ । उक्त दिन आएसँगै म पात्रले श्रीमतीलाई साधारण बिरामीको निहुँ पारेर कविगोष्ठीमा जाने तरखर गरेर श्रीमतीलाई भैंसीलाई भारी तिनेक घाँस काट्नु, एकछिन भए पनि गोरु, बाखा चराउन लैजानु भन्दै गर्दा श्रीमतीले गोरुले हान्न आउँछन्, बाखा छुचा छन्, भैँसीलाई जति खान दिए पनि मोटाउने होइनन् । कहिल्यै केही चिज राम्रो र गतिलो ल्याउने होइन भन्दै कराउन थालेसँगै श्रीमान् श्रीमतीको आपसी कचकचसँगै कथानकले गति लिएको छ । श्रीमतीको उक्त कुरा सुनेपछि श्रीमान्ले प्याच्च भन्छन्, 'हो त नि मैले कहिल्यै गतिलो चिज ल्याउन नसकेको त हुँ नि, तिमीलाई मैले नै ल्याएको त हुँ' श्रीमान्को उक्त कुरा सुनेपछि श्रीमतीले हातमा लौरो लिएर नाच्न थालेसँगै म पात्र अघिअघि श्रीमती पछिपछि हुँदै दुई किलोमिटर जति लगारालगार भएपछि म पात्र हतार हतारमै चल्न लागेको गाडीमा हाम फालेर उक्त दिन ज्यान जोगाएसँगै कथानक थप रोचक बन्दै अगाडि बढेको छ ।

म पात्रलाई श्रीमतीको उक्त व्यवहारबाट श्रीमतीसँग पनि डराउने कस्तो जोइटिङ्ग्रे हुतिहारा रहेछ भने होलान् । आफ्नो हिसाबकिताब मिलाउन कति गाह्रो छ, केही वर्ष अघि घरमा यस्तै घट्नामा पाएको चोटले उनीदेखि डराउने, ठाउँ हेरी तर्कने गरेको अरूलाई के थाहा ? भनेर मनमनै कुरा खेलाएका छन् । यसरी तर्कनुको कुरो के भने तीजको मौका माइत जानेबेलामा उनले आफ्ना सबै दिदीबहिनी र देवरानी, जेठानी पहेंलपुर गहना लगाएर आउने आफ्नो एउटा फूली पनि छैन भनेर भट्याउन थालेका बेला दशैं पेस्कीले फूली, बुलाकी किनिदिउँला तर तिमी गहना लगाउँदा भन्दा नलगाउँदा राम्री देखिन्छेऊ भनेर सम्झाउँदा घरको औलो ताकेपछि उनलाई यसो घुच्याउँदा आँगनमा चिप्लिएर पछारिएपछि चार दिनसम्म घरको सबैथोक काम गरेर नबोली-नबोली उनलाई खानासमेत खुवाउनु परेको । उनका हातखुट्टा सुनिएको, पाँचौं दिन घरमा चार दिशाका आमा टोली जम्मा भएर सबैले भोटे कुकुरझैं कराएर थुर्न लागे झैँ टोलीले जानेसम्मको गाली गरेको, केही रूपैयाँ सजायको निर्णय गरेर आइन्दा श्रीमतीलाई हात नहाल्ने, हात नफर्काउने, मोटरको सुविधा

भए पनि डोकोमा बोकेर अस्पतालमा पुऱ्याई उपचार गर्नुपर्ने निर्णय सुनाएपछि श्रीमतीलाई डोकोमा बोक्दै अस्पतालतिर लगेको । बाटामा परिचित मान्छे देख्दा उधोमुन्टो बनाई अघि बढ्दै जाँदा कतिले त कोट्याई-कोट्याई प्रश्न गरेपछि आँगनमा हिँड्दाहिँड्दै लडेर हातखुट्टा मर्केछन्, समयमा मोटर पनि पाइएन, गाउँलेले पनि रमिता हेरे भन्दै अस्पताल पुऱ्याएर उपचार गराउँदा एउटा खुट्टो मर्किएको, अर्को एउटा हात भाँचिएको र उपचार खर्च सातहजार लागेको विगत उनका आँखा अगाडि आएको छ । विगतको यो स्मरण कथाको मध्य भाग हो । जुन कथा मनोवादात्मक रूपमा अगाडि बढेको छ ।

भानुजयन्तीको रन्को एकातर्फ अर्कातर्फ श्रीमतीको कचकच, गनगन र विगतमा दिएको पीडाका कारण म पात्रको मनमा धेरै नै प्रश्न उब्जेका छन् । उपचारपछि शर्तनुसार एक्लै डोकोमा बोकी घरमा ल्याएको करिब तीन महिना उनको स्याहार, सुसार र घरधन्दामा समय बितेका सन्दर्भ उनका आँखा अगाडि दिनको घाम झैँ उदाउन थालेका छन् । जुन समय म पात्रका लागि सिंगै एउटा युग बिताए झैं लागेको देखिन्छ । आमा समूहले म पात्रलाई सजाय दिएपछि म पात्रको मन भन्दा पनि डर र त्रासका कारण शुरुका दिनमा उनले श्रीमतीलाई हात देखाउन त परको कुरा, खस्रो वचन पनि गर्न छोडेका छन् । यो म पात्रको जीवनमा आएको परिवर्तन नै कथाको मुख्य सन्देश हो । श्रीमान् श्रीमतीको झगडापछि म पात्रको मनमा घर मिलाउन एउटा आगो भए अर्को पानी हुनुपर्दो रहेछ । दुवै आगोआगो भए कहिल्यै शान्ति नहुनेरहेछ । शान्ति नभएमा प्रगति र बाँच्नमा आनन्द नआउँदो रहेछ । यो मात्र होइन, इष्टमित्रले राम्रो नजरले हेर्दारहेन्छन् यसै भएर होला मनुले “जुन घरमा नारी खुसी हुन्नन् त्यस घरमा कहिल्यै शान्ति हुँदैन” भनेको भन्ने मनुस्मृतिको वाक्यांश पनि म पात्रले सम्झन पुगेसँगै उनको जीवनमा नारीलाई खुसी गराउन जहिले पनि अनेक सङ्घर्षसँग जुध्न पर्दो रहेछ भन्ने चेतनाको विकास भएको छ ।

भानु जयन्तीले घरमा निम्त्याएको पारिवारिक कलहबाट बच्न दौडिरहेको म पात्र गाडीमा चडेर यात्रा गरेसँगै उनको मनमा आएका अनेक तरङ्गले परिवार सुखी र खुसी हुनका लागि नारीलाई सुखी राख्नुपर्छ । हिजो सीतालाई खुसी गराउन खोज्दा राम र रावणको त्यत्रो युद्ध भयो । द्रौपदीलाई खुसी गराउन खोज्दा कौरव र पाण्डवको लडाइँ भयो । जुन लडाइँमा करोडौंको नोक्सानी, हजारौंको अकालमा ज्यान गयो । यसैले शान्ति र द्वन्द्व दुवैको उत्पति र निवारणमा परापूर्व कालमा ऋषिहरूले परीक्षण गर्न महिला नै प्रयोग गरेकाले आज महिलाको सम्मानजनक उपस्थिति अपरिहार्य भएको छ । इज्जत, बेइजत,

शान्ति, अशान्ति, प्रगति, दुर्गति सबैमा महिला पुरुष दुवैको हात रहेको हुँदा दुवै मिलेर पारिवारिक शान्ति ल्याउन आवश्यक छ भन्ने मनोवादमै कथा सकिएको छ ।

**उद्देश्य** : प्रस्तुत कथामा गाउँ समाजमा गतिविधिलाई देखाइएको छ । कहिलेकाहीँ गाउँ समाजमा आमा समूह र विभिन्न सघंसंस्थाले गरेका निर्णय वर्तमानमा अप्रिय रहन्छन् तर कालान्तरमा उक्त निर्णयको नतिजा सकारात्मक रहन्छ । सोही सन्देश दिनु नै कथाको मुख्य उद्देश्य हो । विशेष गरेर नारी र पुरुष एक सिक्काका दुई पाटा भएकाले एक बिना अर्काको अस्तित्व नरहेकाले मिलेर अगाडि बढेमा सफलता र खुसी खोज्न बाहिर जान नपर्ने सन्देश कथामा पाइन्छ ।

## ४.२२ 'भोलि' कथाको कथानक र उद्देश्य

भोलि कथा सङ्घर्ष कथासङ्ग्रह भित्रको बाइसौं कथा हो । जुन कथा संरचनागत हिसाबले पाँच पृष्ठमा फैलिएको छ । प्रस्तुत कथाको कथानक प्राकृतिक सौन्दर्यको वर्णनसँगै शुरु भएको छ ।

**कथानक** : जहाँ एउटा सुविधा सम्पन्न घरमा बसेको म पात्रको मनमा खेलेका कुरा र उसैको घर अगाडिबाट देखिएका दृश्यको वर्णनसँगै कथाको कथानक अगाडि बढेको छ । अगाडि सयौं रोपनी खेतको फाँट रहेको छ भने उत्तरतिर आडमा पाटा परेका ठूला-ठूला बारीका आडमा घरहरू छन् । अल्लिमाथि ठूलो वन त्यसैका आडमा सयौं रोपनीको खरभीर जग्गा, पन्ध्र किलोमिटर जति माथिबाट बग्दै आएको बाह्रमासे हिमखोला, चाँदी झैं टल्कने हिमाल देखिने ठाउँ, सिजन अनुसार आँप, कटहर, अम्बा, सुन्तला दराइँ, केरा, लिची आदि धेरै फलफूल फल्ने भूमि, पन्ध्र-बीस घर मिली बनेको बनेका उक्त गाउँको नाम नवज्योति गाउँ रहेको छ । नवज्योति गाउँ साच्चै प्राकृतिक हिसाबले स्वर्गको वर्णन कुनै सिपालुले गरेमा त्यसै गाउँलाई हेर्दै गरे हुने प्राकृतिक सौन्दर्यले कतैबाट ठगिएको छैन । त्यस्तो सुन्दर गाउँमा बस्ने अधिकांश क्षत्री, बाहुन जातिहरू बीच प्रतिस्पर्धाको भावनाले विकास र प्रगति पनि राम्रै भएको, घर नजिकै क्याम्पस नभए पनि दश कक्षासम्म रोजी पढ्न पाइने विद्यालय भएकाले सबैले राम्रोसँग शिक्षा आर्जन गरेको सन्दर्भसँगै कथाको कथानक अगाडि बढेको छ । नवज्योति गाउँका गौरव र हिक्मत त्यसै गाउँको माध्यमिक विद्यालयमा पढेर असी प्रतिशत नम्बर ल्याई एस.एल.सी.मा पास भएका विद्यार्थी थिए । पढाइ राम्रै भएको विद्यालय भएकाले अधिकांश विद्यार्थी वर्षेनी शहरका क्याम्पस पढ्न जाने गर्थे । यही क्रममा गौरव र

हिक्मत पनि शहरको क्याम्पसमा आइ.एस.सी.मा भर्ना भएर पढाइलाई अगाडि बढाएका छन् । आफ्नो खर्चको जोहो गर्नका लागि घरमा हुने सिजन अनुसारका फलफूल र तरकारीको आम्दानी उनीहरूको पढ्नका लागि अर्थ जोहो गर्ने माध्यम भएकाले पैसाको कमी हुन पाएन । पैसा र पढाइ बीचको तालमेल पनि राम्रै मिलिरहेको थियो उनीहरूले राम्रै नतिजा देखाउँदै गए । फलस्वरूप राम्रो नतिजा ल्याएकाले दुवै छात्रवृत्तिमा विदेश पढ्न गएका छन् । यसरी बुढेसकालको सहारा मानिएका युवा पुस्ता पढ्नका लागि विदेश जानुसँगै कथाकारले यहाँ नेपाली समाजको विदेशमुखी वर्तमान परम्परालाई देखाउने प्रयास गरेको पाइन्छ । यसरी कथाको कथानक अगाडि बढ्दै र बढाउँदै जाने क्रममा कथाकारले विभिन्न उपकथालाई जोडेर कथालाई थप रोचक, घोचक र मर्मस्पर्शी बनाउने प्रयास गरेको देख्न सकिन्छ ।

युवापुस्ता अध्ययनका लागि विदेश पलाएन भएका छन् यता घरमा बाबुआमाहरूको बल र परिवारका सदस्यहरू घट्दै गएपछि आफ्ना जग्गामा तीन भागमा दुई भाग खेती पनि आफूले पाउन छोडेपछि आधा-आधा हुने गरी अधियाँमा दिँदा पनि जग्गामा खेतीकिसानी गर्ने मान्छे नपाएपछि उक्त जमिन वनमासा र झाडीले ढाक्न थालेको छ । समयको कालक्रममा विदेश पढ्न गएका गौरव र हिक्मत एम.एस्.सी.पास गरेर घरमा आएका छन् । उनीहरूको आगमनसँगै कथाको अर्को नयाँ मोड आएको छ । अब कथा के कसरी अगाडि बढ्छ भन्ने विषयमा पाठकलाई कौतुहलता जागेको छ । घर आएपछि गौरव र हिक्मत जागिरको खोजीमा ठाउँ-ठाउँमा पुगे । जागिरमा लागेपछि बिस्तारै घरको बिग्रदै गएको अवस्था सपार्दै गएर घरलाई पूर्व अवस्थामा पुऱ्याए । घरपायकको जागिरले आर्थिक स्थिति मजबुत बनाउँदै जाँदा पनि उनीहरूलाई मनमा शान्ति मिलेन । जसको कारण आफूभन्दा थोरै पढेकाले विदेशमा गएर उन्नति प्रगति गरेको देखेर लाजले भुतुक्क हुन थालेका छन् । यो कथाको अर्को मोड हो । जसले अब कथा के कसरी अगाडि बढ्छ भनेर पाठकलाई पढ्नका लागि रुचि जगाएको छ ।

गाउँमा विदेश जानेहरूको बेग्लै चुरीफुरी देखेपछि ऋण धन शहरमा घर बनाए । छोराछोरीलाई शहरकै विद्यालय पढाए । बाबुआमालाई गाउँकै घरमा छोडेर रातारात करोडौपति बन्ने सपनाले घर पायकको जागिर छोर एउटा जापान र अर्को अमेरिका पुगेपछि छोराछोरी, श्रीमती आफैसँग झिकाएसँगै गाउँको अवस्था पुर्ववत नै भएको छ । यता गाउँमा केही वर्षको फरकमा गौरव र हिक्मतका बाबुआमा सास्ती खाँदाखाँदै परलोक भए । उनीहरूले दुवैले आफू बसेकै देशबाटै अन्तिम संस्कार गरेका छन् । यसबाट कथाकारले के

देखाउन खोजको पाइन्छ भने मानिस समय र परिवन्दका कारणले भन्दा पनि आफ्नो मानसिक चिन्तनले गर्दा कहाँ र कुन अवस्थासम्म पुग्दो रहेछ भनेर देखाउन खोजेको आँकलन गर्न सकिन्छ । यो कथाको विकासक्रमको चरण हो । गाउँमा बाबाआमाको निधनपछि उनीहरूको मनमा बिस्तारै बेचैनी हुन थालेको छ । सम्पत्ति, एस आराममा डुबे पनि शान्ति मिलेन, सन्तोषको सास फेर्न सकेनन् । गाउँको सम्झनाले शान्ति पाउन नसके पछि केही वर्षपछि दुवै आफ्ना परिवारसहित आफ्नै देशको जन्मस्थान नवज्योति गाउँमै आइपुगेर विभिन्न देश चर्न गएकालाई बोलाई गाउँमै विकासको लहर ल्याउने निर्णय गरेका छन् । जसबाट के प्रष्ट हुन्छ भने मान्छेलाई जहाँ पुगेपछि उसको जन्मभूमि जस्तो कर्म भूमि हुँदैन, आत्मियता हुँदैन भन्ने सन्देश यस कथाबाट प्रष्ट पाउन सकिन्छ । यसले कथाको अर्को मोड लिएको छ ।

घर छोडेको झण्डै दुई दशकपछि गौरवको घर आँगनमा पुनर्मिलनको कार्यक्रम राखिएको छ । सो दिन गाउँछिमेकीका अधिकांश पढेलेखेका, बलबुद्धि भएका र विदेशमा बस्दाबस्दा आधा उमेर पाकेका सबैको जमघट र विविध विषयमा छलफल भएको छ । त्यसको निष्कर्ष हिक्मतले सुनाए जननी जन्म भूमिश्चः स्वर्गादपि गरियासी अर्थात जन्म दिने आमा र आफू जन्मिएको ठाउँ स्वर्गभन्दा प्यारो हुन्छ । जसले आफ्नै आमालाई चिन्दैन त्यसले अर्काकी आमाको महिमा गाउनु बेकार हुन्छ भनेसँगै सबैले हो मा हो मिलाएका छन् । सम्पूर्ण सम्पदाले भरिपूर्ण भएर पनि हामीमा यो गाउँ, यो देश मेरो हो । यसको विकास मैले गर्नु र गराउनु पर्छ भन्ने राष्ट्रिय भावनाको कमी भएर नै हामी पछि परेका हौं भन्ने निष्कर्ष निकालेर नमूना गाउँ बनाऊँ भन्दै सबै आ-आफ्नो घरतिर लागेका छन् । यो कथाको अर्को मोड हो ।

गाउँले मिलेर बसेको भेलापछि विकासको क्रम तीव्र हुन थालेका छ, घर घरमा बिजुली, रोजगारमूलक शिक्षा, गाउँमा मोटर, अस्पताल र सञ्चारको विकास भएको छ । समयनुसार फलफूल र दूध शहरमा निर्यात, ठूलो जुस फ्याक्ट्री निर्माणले हेर्दाहेर्दै नवज्योति गाउँ एउटा पर्यटकीय क्षेत्र बनेसँगै नेपालका सबै गाउँलाई यस्तै बनाउनुपर्छ भन्ने गाउँलेका मनमा आएको छ । विदेशको स्याउ भन्दा आफ्नै बारीको नासपती मीठो भन्दै आफ्नै घर सिगार्दा जति आनन्द अर्काको घर सिँगार्दा नआएको बताउँदै दुवैले भोलिको उज्यालोको विषयमा छलफल गर्दागर्दै साँझ परेसँगै कथाको कथानक सकिएको छ ।

**उद्देश्य :** प्रस्तुत गौरव र हिक्मत दुई पात्रलाई अगाडि सारेर उनीहरूको मनोविज्ञानले पारेका सकारात्मक र नकारात्मक चिन्तनको परिणामलाई कथामा देखाइएको छ । कथाले अर्काको देशको स्याउ भन्दा आफ्नै पसिनाको आफ्नै भूमिको नासपति मीठो भन्दै राष्ट्र र राष्ट्रियता भन्दा ठूलो अरू केही हुन नसक्ने भएकाले हामी आफ्नो जननी र जन्मभूमिप्रति सदा बफादार रहनुपर्छ भन्ने सन्देश दिएको छ ।

## ४. २३ 'सङ्घर्ष' कथाको कथानक र उद्देश्य

कृति भित्रको तेइसौं कथा सङ्घर्ष कथाबाटै कृतिको नामाङ्करण गरिएको छ । जुन कथा मानवेत्तर पात्रका माध्यमबाट अगाडि बढाइएको छ ।

**कथानक :** कथा एकादेशको एउटा सानो जंगलबाट शुरु भएको छ । उक्त जंगल सानो भए पनि त्यहाँ बाघ, भालु, सिंह, अर्ना, जिराफ, खरायो, मृग, हरिण, स्याल, फ्याउरो, दुम्सी, लोर्खके, बाँदर, गाई, बाखा, भैसी, भेडा, अजिंगर जस्ता जनावरहरू बस्दै आएका छन् । यसका साथै चराहरूमा सुगा, मैना, जुरेली, डाँफे, काग, गिद्ध, मयूर, ढुकुर, तित्रा, फिस्टो, बकुल्लो, हाँस पनि उक्त जंगलमा बस्दै आएका छन् । उनीहरूलाई आफ्नो जंगल नै सबैभन्दा उत्कृष्ट लागेकाले उनीहरू उक्त ठाउँ छोडेर अन्यत्र घुम्न र रमाउन पनि चाहेका छैनन् । अनेक जातका घाँस, फलफूल, निर्मल पानी, भएको ठाउँ भएकाले ती जलचल, थलचर र स्थलचरले आफ्नो वासस्थानलाई स्वर्ग जस्तै मानेर तिनीहरू मिलेर बसेका छन् । यिनै जीवजन्तु नै यस कथाका पात्र हुन् ।

समय हो सधैं एकैनास  हुँदैन । कालक्रममा कहिले पानी पर्ने, कहिले घाम लाग्ने । कहिले मन्द हावा चल्ने, कहिले वनका रुखै भाँचिने गरी हुरी बतास आउँने । कहिले महामारी असिना, कहिले हिउँ र तुषारो पर्ने । कहिले पानीका कुवा खोल्साहरू बढ्ने, कहिले सुक्ने यस्तो समस्या देखिन थाल्यो । यस्तै मौसम अनुसारका विभिन्न जातका फूलहरू र मौसम अनुसार पाइने चिजमा जे जति परिवर्तन भए पनि सबै पशुपंक्षीहरू बाँच्नका लागि विभिन्न सङ्घर्ष गरी बाँचिरहेका थिए । बाँच्नका लागि प्राकृतिक आहारा खोज्दै रहे पनि अर्कालाई त्यति चरम यातना दिने काम गरेका थिएनन् । प्रकृतिले दिएको आहारा खाएरै समय बिताउँदै जाँदा पनि त्यहाँ चिरकालसम्म वातावरण सन्तुलन नै रहेको थियो ।

समय बित्दै जाँदा उनीहरूमा चेतनाको विकास हुँदै गएर उनीहरूले आफ्नो पहिचान, हकहित र संरक्षणका लागि जंगलमा कोहीले बाघलाई राजा बनाए । कोहीले

सिंहलाई, कसैले हात्तीलाई राजा बनाए तर जसलाई राजा बनाए पनि उनीहरूले सोझासीधा जनावरमाथि अन्याय अत्याचार गरी शासन चलाई रहें । हुँदाहुँदै कहिले कसलाई मार्थे, कहिले कसलाई मार्थे । कहिले कोही जनावरलाई बस्नै नदिनका लागि थपाउने, कोहीले जंगल राज्यको बिस्तारका लागि षड्यन्त्र गरी छिमेकी स-साना जंगललाई आफ्नो कब्जामा लिने काम गर्न थालेका थिए भने कोही बाघ, सिंह जस्ता हिंस्रक जनावरको शासनदेखि डराएर पहिले नै आत्मसमर्पण गर्न थलेका थिए । जुन कार्य त्यस जंगलमा मात्र होइन अन्यत्रका जंगलहरूमा पनि यस्तै होडबाजी चलिरहेको थियो । यसरी कथाको कथानक अगाडि बढ्दै जाँदा र कथालाई अध्ययन गर्दै जाँदा वर्तमान परिवेशमा मानव-मानवमा देखिएको बेमेल, बैमनस्यता जस्ता सन्दर्भलाई मानवेत्तर पात्रका माध्यमबाट वर्तमान समाजको पार्श्वचित्रलाई कथामा प्रस्तुत गरेको अनुभूत पनि गर्न सकिन्छ ।

समयचक्र घुम्दै जाने क्रमा त्यस जंगलमा बस्ने अजिंगरलाई पनि राज्य सत्ताको मोह चढ्न थालेको छ । त्यसपछि उसले जंगलमा बस्ने स्याल, ब्वाँसो, बादर, भालु, चिबे, हुटिट्याउलाई हातमा लिएर विभिन्न षड्यन्त्र गर्दै धेरैथोरै आफ्नो राज्य विस्तार गर्दै गएको छ । सुरुमा ख्याउटे र दुब्लो रहेको अजिंगर आखिरमा तिनै आफ्ना रैतिको रस खाँदा खाँदा मोटाउँदै गएछन् । त्यति मात्र होइन गुणगान गाउने त्यसका मन्त्री मण्डलमा बस्ने नाता कुटुम्ब आदि पनि मोटाउँदै गएका छन् । चेतना तथा अशिक्षाको कारण हो या बाध्यता जंगलका सोझा, सीधा जनावरहरूले सहँदै गएका छन् । हुँदाहुँदै आफूसँग प्रतिकार गर्ने बाघ, सिंह, हात्तीलाई पनि विभिन्न षड्यन्त्रमा पारी पारी एकलौटी शासन चलाइरहेको र समय बित्दै जाँदा अजिंगरका सन्तानले झन् क्रूर शासन चलाउँदै गएर आफ्नै शाखा सन्तानले मात्र शासन चलाउन पाउने नियम बसालेसँगै कथानक थप रोचक हुँदै अगाडि बढेको छ । यस्ता विविध सन्दर्भले कथा अगाडि कसरी बढ्छ भनेर पाठकलाई कौतुहलता जोगाउन सफल भएको छ । यो कथाको मध्य भाग हो ।

आफ्नो बासस्थलमा आफूलाई असुरक्षित भएको महसुस हुन थालेपछि त्यस जंगलका केही पशुपंक्षी अन्यत्र जंगलमा जान थालेका छन् । अन्य ठाउँको व्यवस्था र विकास देखेर मोहित भए । किनकि अन्य जंगलका राज्यहरूमा चुनावबाट राजा तथा राज्य प्रमुख बनाउँदै जाँदा रहेछन् । जसले गर्दा सबैले पालो पाउँदा रहेछन् । त्यस्तो व्यवस्था देखेर ती घुम्न गएका पशुपंक्षीहरूमा चेतनाको विकास भएको छ । त्यसपछि उनीहरूले एउटा यस्तो योजना बनाए, अजिङ्गर विरोधी आन्दोलन थालनी गर्ने । उनीहरूले उक्त आन्दोलन

थालेसँगै अजिंगरले झन् क्रूर शासन चलाउँदै गएर जंगलमा झन् ठूलो अन्याय अत्याचार फैलदै गरेको बेला अर्को झन् मूर्ख मुसल नामको अजिंगर निक्लेर आफ्नै शाखासन्तान मारेर आफू नै राज्यको सर्वेसर्वा भएको घोषणा गरेको छ । यसले अब कथाको कथानक कसरी अगाडि बढ्छ भनेर पाठकलाई थप कौहुलता बढाएको छ । मानवेत्तर पात्रलाई केन्द्रबिन्दु बनाएर लेखिएको कथा भए तापनि नेपालको समसामयिक परिवेशसँग मिल्दोजुल्दो राजनीतिक परिवेश भएकाले पनि कथा थप रोचक बन्दै अगाडि बढेको छ । जङ्गलमा अजिंगरको अराजकता देखेर आन्दोलन थालेको समयमा थप सङ्घर्ष बढ्न थालेपछि त्यस जंगलमा भलिबललाई जति दबायो उति माथि उठ्छ भने झैं अराजकता बढ्न थालेपछि अजिंगरका सन्तानलाई कसैले नरुचाएको सन्दर्भ सँगै कथानक अगाडि बढेको छ । यसरी अजिंगरका सन्तानप्रतिको अन्य जीवजन्तुको दृष्टिकोणले अब कथाको कथानक कसरी अगाडि बढ्छ भनेर कथाले कौतुहलता जगाउन सफल भएको छ । यसलाई कथाकारको सफल पक्ष मान्न सकिन्छ ।

उक्त जंगलका जनावर माथि ख्याउटे र दुब्लो अजिंगरको सन्तान राजा भएर आफ्ना रैतीलाई शोषण गरेपछि जंगलमा अशान्ति फैलिएको छ । अजिंगरका समर्थकहरू गाई, हरिण, मृग, खरायो, सुगा, मैना, हाँस जस्ता रैती थिचिएको थिचियै भएपछि सारा पशुपंक्षी अजिंगरका विरुद्धमा सारा खनिएका छन् । यसरी अजिंगरका विरुद्धमा लागेपछि उक्त जंगलमा कौरव र पाण्डवको झैं युद्ध हुँदा युद्धमा धेरैको ज्यान जानुका साथै कैयौं अपाङ्ग बन्न पुगे । अन्ततः सत्यको विजय छिटो ढिलो हुन्छ भने झैं मुसल नामको अजिंगरको हार भएर शरणमा परेपछि उसलाई साविकको ठाउँबाटसानो ओढारमा लगिएको छ । यसरी कथामा एक पछि अर्को उपकथा जोडेर कथालाई थप रहस्यमय बनाउँदै कथाकारले कथाको कथानक तन्काएका छन् ।

मुसललाई आफ्नो बसोबासका लागि एउटा ओढारमा व्यवस्थापन गरेपछि त्यसका सन्तान पनि डरले छिमेकी जंगलमा आश्रय लिन पुगेका छन् । बूढो अजिंगर र त्यसका समर्थकहरू ले अझै पनि स्यालले हेर्दा झैं हेरेको देखेपछि खरायोले आफ्ना सहकर्मी मित्रलाई बोलाएर सम्झाउँदै भनेको छ, "आदरणीय मित्रहरू यस पृथ्वीमा सृष्टिका हिसाबले आकारमा सानो ठूलो भए पनि हामी सबैको हर क्षेत्रमा समान हक अधिकार छ । हामीले आफ्नो अधिकार मागेर वा रोएर पाउने होइन । अन्याय गर्नुभन्दा अन्याय सहनु ठूलो पाप हो । त्यसैले एकपछि अर्को गर्दै सबै अधिकार लिँदै जानुपर्छ । यहाँ हरेक जीवजन्तुमा ठूलाले

सानालाई थिचिरहेका, बलियाले निर्धालाई हेपिरहेका, धनीले गरिबलाई शोषण गरेका, ठूलो राष्ट्रले सानो राष्ट्रलाई हेपेका छन् । जसले धेरै शोषण गर्छ, जसलाई धेरै अधिकार चाहिन्छ, जसलाई धेरै खाना चाहिन्छ ती सबै अजिंगर हुन् । जबसम्म पृथ्वीमा यस्ता अजिंगरको नास हुँदैन तबसम्म हामीले हाम्रो युद्ध रोक्नु हुँदैन । हामीले हर क्षेत्रबाट यस्ता अजिंगर नास गर्दै सानाले शान्तिपूर्वक ढुक्कसँग बाँच्ने किसिमको वातावरण सिर्जना गर्नुपर्दछ । पृथ्वीमा जबसम्म यस्ता अजिंगर नास हुँदैनन् तबसम्म यहाँ कहिल्यै शान्ति हुँदैन ।' खरायोको यस्तो भनाइ सुनेर सबैले एकैसाथ ताली बजाएका छन् ।

यसरी विभिन्न पशुपंक्षीको सामुहिक भेटमा विभिन्न विषयमा छलफलका क्रममा जंगलमा बेला बेलाका शासकहरूले विभिन्न किसिमका ऐन कानून बनाए पनि नियम र कानूनको बार भाँच्ने र तोड्ने काम भएकाले आम पशुपंक्षीहरूको हकहित र अधिकारका लागि बनेका कानून कुन युगमा थिएनन् ? कानून कुन समयमा कहाँ सुधार भएको छैन । जतिसुकै कडा औषधि प्रयोग गरे पनि दुश्मन कीरा अर्कालाई शोषण गरेर बाँच्ने वातावरण आफै सिर्जना गर्दारहेछन् । त्यसैले हामीले पनि हाम्रो रक्षाका लागि कानूनलाई संशोधन गरेर अगाडि बढ्नुपर्छ भन्ने निष्कर्ष निकालेका छन् । छलफलका क्रममा बूढो कछुवाले चमेरासँग गुनासो पोख्दै भन्छन्, "चमेरा भाइ, हामी सोझा सीधा प्राणीहरू जुन युग आए पनि, जुन पार्टी संगठनमा लागे पनि दुःख पाउने र अकालमै मर्ने हामी नै रहेछौं । ठूलाठालूले मात्र हक, अधिकार पाउने कानून बनाउँछन् । कानूनको बार, बन्धन तोड्ने र भत्काउने काम पनि तिनैहरूबाट हुन्छ । जबसम्म तिनीहरूलाई कानूनको दायरामा ल्याउन सकिँदैन तबसम्म हामी बाँच्नका लागि मात्रै पनि सङ्घर्ष गर्नुपर्दोरहेछ । हाम्रो बचाई नै सङ्घर्ष रहेछ ।" यसरी कछुवाको भनाइसँगै कथाको कथानक सकिएको छ ।

**उद्देश्य** : प्रस्तुत कथाको मुख्य उद्देश्य जब अन्याय र अत्याचार बढ्न थाल्छ त्यहाँ धैर्यको बाँध फुट्छ । धर्तीमा जन्मिएका सबैलाई प्रकृतिले समान अधिकार दिएको छ । उनीहरूको स्वस्थ जीवन रक्षा, खाना, निन्द्रा, उन्नति र स्वाभिमानपूर्वक बाँच्न पाउने अधिकार सबैलाई छ । अन्याय र अत्याचारमा पिल्सिएर बाँच्न कसैलाई रहर हुँदैन, अन्याय र अत्याचार सहनु आफ्नै लागि नोक्सान भएकाले त्यसको प्रतिकार गर्नुपर्छ भन्ने उद्देश्य कथाले दिएको । हाम्रो गाउँ समाजमा यस्तै मानवरूपी अजिंगरले दुःख दिएर जनतालाई सताइरहेकाले त्यसको प्रतिकार गर्नुपर्छ भन्ने सन्देश कथाले दिएको छ ।

## ४.२४ 'चरित्र' कथाको कथानक र उद्देश्य

आयामका हिसाबले दुई पृष्ठमा संरचित रहेको छ । कथाका मुख्य पात्र गाउँका सभासद अम्बिका हुन् । उनकै चरित्रमा कथानक अगाडि बढेको छ ।

**कथानक** : गाउँलेहरूले धेरै वर्षको चाहनामा गाउँको माझमा एउटा विशाल मन्दिरको निर्माण गरेका छन् । सो मन्दिरमा देवी भगवतीको मूर्ति राख्ने सहकार्य भएको छ । मन्दिरको नाम पनि भगवती मन्दिर नामाकरण गरिएको छ । मन्दिरको उद्देश्य गाउँमा हुने विभिन्न धार्मिक पर्वमा अन्यत्र हुने कर्मकाण्ड पनि मन्दिरमै गर्ने रहेका छन् । मन्दिर निर्माणपछि देवी भगवतीको मूर्ति राख्ने दिन गाजावाजासहित हजारौंको संख्यामा विभिन्न जातिहरूको उपस्थिति रहेको छ । मन्दिरमा छिमेकी सबै जातिको समान पसिना परेको छ । मन्दिरको उद्घाटन तथा मन्दिर गाउँको माझमा राख्नाको मुख्य कारण र आवश्यकता बारेमा उपस्थित जनसमुदायलाई सम्बोधन गर्नका लागि त्यसै क्षेत्रका सभासद अम्बिकालाई बोलाइएको छ । सभासद्ले सम्बोधन गर्दै भने- आदरणीय जनसमुदाय हाम्रो पार्टी भनेको विभिन्न समुदाय, दलित तथा दुःखीहरूको भलो गर्ने पार्टी हो । त्यसैले हामी कसैलाई पनि सानो, ठूलो जाति भनी भेदभाव गर्ने छैनौं । यस मन्दिरमा प्रवेश गर्न र पूजाआजा गर्न सबै जातिलाई समान अधिकार छ । किनभने जसले कुँदेर मन्दिर, मूर्ति र पूजाका सामान बनायो उसैलाई मन्दिरमा पस्न नदिने र जसले सिलाएको लुगा लगायो उसै लुगा सिउनेलाई मन्दिरमा प्रवेश गर्न नदिनु भनेको झन् ठूलो अन्याय र पाप हो भने अर्कोतिर ईश्वरको नजरमा हामी सबै समान छौं । पृथ्वीमा महिला र पुरुष दुई जातिभन्दा अरू जाति छैनन् । यी सबै पूर्व सामन्तहरूले बनाएका वर्ग वा संस्कार हुन् । त्यसैले कसैलाई पनि यस मन्दिरमा काखा र पाखा गरिने छैन... ।' नेताको यस्तै-यस्तै भाषणका बीचबीचमा तालीको गडगडाहट आइ नै रहयो । मन्दिर उद्घाटनको केही महिना पछि सभासद् अम्बिकालाई मन्त्री बन्न पाऊँ भन्ने अभिलाषाले गाउँकै एक दलित ढुमबहादुर वि.क.ले झुक्किएर छुन पुगेछन् । यत्तिकैमा सभासद्ले युवकलाई दुवै गालामा चड्कन बर्साउँदै 'त्यसै त दलित, अझ म जस्ताले पूजा गर्ने बेलामा सामान छुने' भन्दै भट्याएसँगै कथा सकिन्छ ।

**उद्देश्य** : प्रस्तुत कथामा मान्छेको बोली र व्यवहारमा एकरूपता नभएको देखाइएको छ । मान्छेको बोल्ने मुख र गर्ने व्यवहार बीचको बेमेलले गर्दा समाजले सही मार्ग लिन सकेको छैन । हामीले जहिले पनि बोली र व्यवहारमा ख्याल गर्नुपर्छ त्यसबाट उसको चरित्र र चित्र

देखिने भएकाले बोली र व्यवहारमा एकरूपता हुन आवश्यक छ भनेर देखाउनु मुख्य उद्देश्य रहेको छ ।

### ४.२५ 'सुनाउँथे' कथाको कथानक र उद्देश्य

'सुनाउँथे' सङ्घर्ष कथासङ्ग्रह भित्रको पच्चिसौं कथा हो । जुन पाँच पृष्ठमा संरचित छ । कथामा हरेक व्यक्तिले समाजमा आफू प्रतिष्ठित भई बाँच्न विभिन्न चाहना राख्दा रहेछन् भन्ने सन्दर्भलाई कथानक बनाइएको छ ।

**कथानक :** कथाका मुख्य पात्र हरिप्रसाद मुखियाले मुखियाका घर परिवारको कहानी नै कथाको कथानक हो । सामान्य परिवारले स्वस्थ जीवनका लागि खाना, आराम, निन्दा, स्वतन्त्रता, पैसाले पाइने सम्पन्नता, यौन सन्तुष्टि, सन्तानको उन्नति, स्वाभिमान र मृत्युपछि स्वर्गको बास जस्ता कुराबाट कसरी भरिपूर्ण हुने भन्ने बारेमा सङ्घर्ष गर्दागर्दै जीवन सकिन्छ भन्ने सन्दर्भलाई विषयवस्तु बनाएर हरिप्रसाद मुखियाका माध्यमबाट देखाइएको छ । आफ्ना छिमेकीभन्दा धनदौलतले उच्च रहे तापनि हरिप्रसादमा गाउँ समाजका निम्नस्तरका मान्छेका मुहारमा झल्कने खालको सुखी र खुसी देखिँदैनथ्यो । उनको मुहारमा छाएको निराशा देखेर गाउँलेले सम्पत्ति सिहार्ने उत्तराधिकारी नभएर होला भन्ने लख काट्थे । हरिप्रसादको बिहे भएको आठ-दश वर्षसम्म कुनै सन्तान भएका थिएनन् । यो देखेर गाउँलेहरू 'थाङ्नु हुनेको बच्चा हुँदैन, बच्चा हुनेको थाङ्नु हुँदैन ।' उनका कुरा काट्दा सो उखान हाल्ने गरेको सन्दर्भसँगै कथाको कथानकले थप गति लिएको छ ।

हरिप्रसादले बेलाबेलामा छोराछोरी होऊन् भनेर विभिन्न तीर्थ, ब्रत, पुराण, पूजा आदि लगाएर आफ्नो करौडौंको सम्पत्ति हिनामिना पारेपनि सन्तान भएनन् भनेर चिन्तामा डुब्न थालेका छन् । निद्रामा पनि देवी देवतालाई पुकार गर्दा देवीदेवताले "हामी तिमीलाई दर्शन दिन असमर्थ छौ त्यसैले हेर मनुष्य हामीले जे दिने दर्शन र सहयोग परपूर्व कालमा तिमीहरूका जिजुबाजेहरूलाई गऱ्यौं बरु तिमीहरू अब हाम्रो सहयोग चाहिएमा पृथ्वीका वैज्ञानिक, डाक्टर तथा असल असल मान्छेको छेउमा गई आफ्नो कुरा राख । बरु धेरै थोरै समाधान होला भन्ने" जस्ता सपनाले उनलाई थप चिन्तित बनाएको सन्दर्भसँगै कथाको कथानकले गति लिएको छ । मुखियाले सपनामा दीक्षा पाएका विभिन्न विषयमा एकदिन आफ्नी श्रीमतीलाई सुनाएछन् र श्रीमान् श्रीमती भएर डाक्टर कहाँ उपचार गराउन गएका छन् । हरिप्रसादका परिवारलाई डाक्टरले जाँचबुझ गरी सन्तान हुने उपाय बताएपछि

उनीहरूले नियमित औषधिको सेवन गर्न थालेपछि मुखियाकी श्रीमती गर्भवती भइन् । त्यसपछि मुखियाको परिवारमा खुसी छाउन थालेसँगै कथाले सुखान्त मोड लिएको छ ।

श्रीमती गर्भवती भएको केही महिनापछि मुखियाले म भगवान् हुँ तिम्रा चार छोरा हुनेछन् तर कान्छो छोरो मात्र तिम्रो साथमा रहनेछ बाँकी पाँच, छ वर्षको उमेरमा विदेशीले लैजाने छन् । तिमी पचास एकाउन्न वर्ष पुग्दा पृथ्वीको जुनसुकै भागमा पुगे पनि तिमीलाई सम्झेर आउनेछन् भनेको सपनाले उनलाई थप खुसी बनाएर कथाको कथानक अगाडि बढेको छ । समय बित्दै गयो । मुखियाकी श्रीमतीले दुई-दुई वर्षको अन्तरमा चार छोरा जन्माइन् । मुखियाले सपनामा दीक्षा पाए जस्तै कान्छो बाहेकका छोरा विदेशी पर्यटकसँग अमेरिका, जापान र खाडी मुलुक पुगे । विदेशीले आफूले सन्तान पाउन, हुर्काउन जोखिम र दुःख हुने कारण अर्काको बच्चालाई धर्मपुत्रपुत्री बनाई लैजाने गरेको मुखियाले पछि मात्र कुरा बुझे । उता विदेशिएका छोराहरू विदेशी धर्म, संस्कृति, रीतिरिवाज सिक्दै-पढ्दै गए । दिन, महिना, वर्ष गरी गरी समय बित्न बेर लाग्दो रहेनछ र । यता कान्छा छोरा पनि हुर्कदै गए त्यसपछि उनले विवाह गरेर नातिनातिनासमेत जन्माउन पुगे । यो सन्दर्भलाई कथानकको मध्यबिन्दुका रूपमा लिन सकिन्छ ।

सपनामा दीक्षा प्राप्त गरे जस्तै मुखिया पचास-बाउन्नै वर्ष पुगेका थिए । तीनवटै छोराहरू एक दुई वर्षको फरकमा आफ्ना जहान परिवारसहित पुर्ख्यौली घरमा आइपुगे । उनीहरूको भाषा, लवाइ, खुवाइ, धर्म, संस्कृतिले गर्दा त्यो घरमा केही दिनमै अनौठो जात्रा र तनाव सिर्जना हुन पुग्यो । यसै सन्दर्भमा कथाले कसरी गति लिन्छ भनेर कौतुहलता जगाउन कथाकार सफल भएका छन् । घरमा भाषा र भेषभुषा केही पनि मिल्दैन । कुनै बुहारी बुर्काले अनुहार छोपेकी छ । अर्की अर्ध नग्न छ, अर्की अर्कै भेषमा छे । कुनै पनि कुरा नमिल्दा घरमा दिनदिनै महाभारत सुरु हुन थाल्यो । मुखियाले आफ्नै घर सिंगो संसार झैं मान्न थाले । यस्तो विचित्रको संसार आफ्नै घरभित्र देखेपछि उनले अब मेरो घरमा कहिल्यै शान्ति नआउने भो भन्न थालेका छन् । कथाले यहाँ हाम्रो रहनसहन, चालचलन र रितिरिवाजलाई पनि अंगीकार गरेर हाम्रो समाजमा भित्रिएको सांस्कृतिक विचलनलाई पनि देखाएको छ । घरमा आफ्ना शाखा सन्तान भएपछि सन्तोष हुनुपर्नेमा उल्टो मुखिया चिन्तामा पर्न थालेका छन् । उनले सबैले आफ्नो भाषा, धर्म, रीतिरिवाज, चालचलन नै ठूलो हो भन्छन् मैले वास्तवमा केही बुझ्नै सकिन । सबैले एउटै धर्म, संस्कृति, भाषा वा रीतिरिवाज मान्ने हो भने घरमा दिनदिनै महाभारत हुने थिएन होला । काम नगरी कुनै पनि

धर्मले खान दिँदैन भनेर आफ्ना मन मिल्नेसँग मनका कुरा पोख्न थाल्छन् । यसरी चिन्तामा परिरहेका बेला एकदिन मुखियाले एउटा सपना देख्न पुगेका छन् । यो सपनाको कुरा ल्याएर कथाकारले कथालाई अर्को उपकथा जोडेर तन्काएको आँकलन गर्न सकिन्छ ।

उनलाई सपनामा आएको इमेलमा भनिएको छ कि, 'हेर मुखिया बालक तिमी यसरी चिन्तामा नडुब जसलाई जे धर्म, संस्कृति, भाषा वा रीतिरिवाज मान्दा आनन्द आउछ त्यसैमा रमाउन देऊ । एकैचोटी परिवर्तन गर्न खोजे झन् नराम्रो असर पर्छ । तिम्रो घरमा मात्र होइन समस्त पृथ्वीको एकता र विकासका लागि एउटै धर्म र भाषाले राम्रो भूमिका खेल्छ । म र मेरो भन्नुभन्दा हामी र हाम्रो भन्दा विशाल भावना पोखिएको हुन्छ । अमृतलाई राम्रोसँग प्रयोग गर्न नजाने त्यो विष पनि हुनसक्छ । ईश्वर खोज्न कहीं कतै धाउनुपर्दैन । मृगले आफूसँग भएको कस्तुरीको बासना थाहा नपाएर भौतारिए जस्तै धेरै मान्छे पनि ईश्वर खोज्न भौतारिएका छन् तर हामी हरबखत सज्जन मान्छे वा प्राणीको साथमा अदृश्य शक्तिको रूपमा व्याप्त छौं ...।' जस्ता व्यहोराको इमेल आएको सपना देखेको सन्दर्भलाई मुखियाले कथाकारलाई सुनाएसँगै कथाको कथानक अन्त्य भएको छ ।

**उद्देश्य :** प्रस्तुत कथाले हामी बीचमा रहेको विविधताभित्रको एकतालाई देखाएको छ । धर्म, संस्कार र संस्कृतिका नाममा एक आपसमा मेरो धर्म संस्कार यस्तो उस्तो भनेर आपसमा भिड्नु व्यर्थ छ । हामी एकले अर्काको रक्षा गर्न सक्यौं भने हामी सबैको रक्षा हुन्छ । यसैले हामी एक आपसमा दोषारोपण होइन, सबै मिलेर अगाडि बढ्न आवश्यक छ भन्ने सन्देश दिनु नै कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.२६. 'तुलना' कथाको कथानक र उद्देश्य

लेखनाथ काफ्लेको कथासङ्ग्रह सङ्घर्ष भित्रको २६ औं कथाका रूपमा तुलना कथा सङ्गृहीत रहेको छ । कथा लघुकथा आयामको एक पृष्ठमा संरचित छ ।

**कथानक :** तुलना कथामा म पात्र यात्रामा निस्कदै गर्दा देखे भोगेका सन्दर्भलाई कथानक बनाइएको छ । म पात्र सार्वजनिक बसमा टाढै जानका लागि लामो यात्रामा थिए । बस अगाडि बढ्दै जाने क्रममा बेला-बेलामा गाडी ठूलो बस्ती भएको एउटा बजारमा गएर रोकिएको छ । जहाँ गाडी रोकिएको थियो, त्यही बजारको एक छेऊमा राम-रावणको झैं घमासान लडाइ भैरहेको म पात्रले देख्छन् । उक्त स्थानमा बस केहीबेर रोकेकाले उनीलगायत केही यात्रुहरू लडाइ हुनुको कारण के रहेछ रहेछ भनेर बुझ्न गएका छन् ।

कुरा बुझ्ने क्रममा त्यहाँ मन्दिर निर्माण गर्ने सिलसिलामा हिन्दू र मुस्लिमहरू बीच कुरा नमिल्दा नरसंहार भएको रहेछ । त्यहाँ धेरैलाई घाउचोट लागेको, कैयौंका हातखुट्टा भाँच्चिएका, कोही निलडाम परी अर्धचेत अवस्थामा परेका थिए । यो मात्र होइन कोही त मृत अवस्थामा पनि देखिएका थिए ।

यात्रामा रहेको बस निश्चित समयमा आफ्नो ठाउँमा पुग्नुपर्ने र त्यहाँ बस्दा कुनै अनिष्ट आइलाग्ने भएर होला ड्राइभरले बस गुडाएका छन् । म पात्रले उक्त घटनालाई नजिकैबाट देखेकाले उनी बसमा चढेर सोच्न थालेका छन् । मन्दिर तथा धार्मिक क्षेत्रमा त यस्तो नरसंहार हुन्छ भने अन्त के को शान्ति होला ? उनको मनका कुरा खेल्न थालेका छन् । यसरी कथाको कथानक अगाडि बढ्दै गएको छ । बस आफ्नै गतिमा गुड्दागुड्दै केही समयपछि जंगलको बीच भागमा लगेर रोकिएको छ । सबै यात्रुलाई चालकले तिर्खा लागेका भए पानी खान, दिसापिसाब लागेको भए शौचालय जान सुझाएका छन् । एकछिन बस रोकिन्छ । आधाजसो यात्रु ओर्लने क्रममा म पात्र पनि ओर्लिएका छन् । म पात्र बाहिर निस्केर यसो उभिएका थिए, उक्त ठाउँबाट केही पर म पात्रका आँखा पुगेका थिए । उनका आँखामा बाँदरका हुलहरू आफ्ना छाउरा छोपेर लिएर हिँडेका दुई व्यक्तिलाई चारैतिरबाट चचाङ् र चुचुङ् गरी घेरिरहेको देख्छन् । आफ्ना सन्तानको रक्षाका लागि सबै बाँदरको एकता देख्दा म पात्रको मनमनै बाँदर र मान्छेलाई तुलना गर्न पुगेसँगै कथाको कथानक सकिएको छ ।

**उद्देश्य** : प्रस्तुत कथाको मुख्य उद्देश्य जनावर एउटा पशु हो तर उसले आफ्नो सन्तानको रक्षाका लागि जस्तो सुकै अप्ठ्यारोमा पनि एकतालाई तोड्दैनन् । उनीहरू जहिले पनि एकजुट भएर दुष्मनसँग जुध्छन् । मान्छे विवेकवान प्राणी भएर पनि मान्छेमा एकता छैन । यसैले समाजमा मान्छे भन्दा बाँदरको व्यवहार असल देखिन थालेको छ । बाँदर र मान्छेको तुलना गरेर हामी बाँदर जत्तिको पनि हुन नसकेका कारण आफ्नो अस्तित्व ओझेलमा पर्दै गएको छ । यसैले अस्तित्व रक्षाका लागि हामी सबै एक हुनुपर्छ भन्ने सन्देश दिनु कथाको उद्देश्य रहेको छ ।

## ४.२७ 'विश्वास' कथाको कथानक र उद्देश्य

सङ्घर्ष कथासङ्ग्रह भित्रको विश्वास २७ औं कथा हो । जुन कथा संरचनागत हिसाबले लघुकथा आयामको एक पृष्ठमा संरचित छ । कथामा मानवेत्तर पात्र टोनीको कर्मलाई देखाइएको छ ।

**कथानक :** विश्वास कथा टोनी नाम गरेको कुकुरको चरित्रको चित्रणसँगै अगाडि बढेको कथा हो । टोनीले खान पाए-नपाए पनि मालिकको संरक्षणमा निरन्तर खटिरहेको छ । पहिला-पहिला गाउँमा कोही कसैको घरमा चोरी भए पनि टोनीको घरमा डरले सानातिना चोरले उक्त घरलाई आँट्न सकेका थिएनन् । पछिल्लो समय गाउँमा अल्लारे बेरोजगारको संख्या बढेकाले सानाठूला सबै प्रकारका चोरहरूको संख्या बढ्न थालेको छ । एकदिन टोनीको घरमा आधुनिक हतियारसहित चोरहरू आएको थाहा पाएपछि टोनीले चोरको सातो जाने गरी भुकेको थियो । सोही समय चोरले हानेको गोली टोनीको एउटा खुट्टामा लाग्यो । टोनी जोडले रुदै-कराउँदै बन्दुकधारी चोरलाई टोक्न गएको छ । यसरी टोक्न गएको मौकामा अर्को चोरले टोनीलाई खुकुरीले दुई ठुन्का पारेर चोरले मालिकका परिवारहरूलाई कोहीको घाँटीमा पेस्तोल राख्ने, कोहीलाई छुरी हान्ने र कोहीलाई बाँधेर धनमाल चोरेर लगेसँगै कथाको कथानक मध्य भागमा पुगेको छ। टोनीको जिम्मेवारी देखाउँदै कथानकलाई अगाडि बढाउने क्रममा अर्को एक टुक्का छोडेर कथानकलाई तन्काइएको छ। सोही गाउँ नजिकै रत्नाखरका श्रीमान् श्रीमती बसोबास गर्दै आएका छन् । उनीहरूका सन्तान नभएकाले आफ्नो सबै सम्पत्ति उनैलाई दिने शर्तमा गरीबको छोरालाई धर्मपुत्र बनाई पालेका र पढाएका छन् ।

धर्मपुत्र ठूलो हुँदै गयो । रत्नाखरका बूढाबूढीले पनि भने बमोजिम सबै सम्पत्ति धर्मपुत्रका नाउँमा बक्स गरिदिएका थिए । बूढाबूढीलाई उमेरले किच्दै गयो, काम गर्न नसक्ने भए । उनीहरूले घरमा काम गर्न नसक्ने भएको केही महिनापछि धर्मपुत्र र उसको राकेश नामको साथीले बुढी बिरामी भएको मौकामा घाँटी अठ्याएर मार्छन् । धर्मपुत्रले आमालाई घाँटी अठ्याएर मार्‍यो होला भन्ने धर्मबाबुलाई पनि शंका नै भएन् । बुढा र गाउँले कसैले पनि उक्त कुराको चाल पाएनन् । यसरी धर्मआमालाई मार्न सफल भए भनेर धर्मपुत्रले पुनः बाबुलाई पनि मार्ने योजना बनाउँछ । बुढी मरेको केही महिनापछि उसले बुढा रत्नखरलाई झुण्डयाई मार्ने योजना बनाउँछ । उसको शंकास्पद गतिविधिका कारण उसले रत्नखरलाई मार्ने धन्दामा लागेको अवस्थामा गाउँलेले शंका पाउँछन् । उसलाई

रंगेहात समाएर ठानामा बुझाउँछन् । यसरी कथाकारले धर्मछोराको कर्म देख्दा मलाई मान्छेको भन्दा कुकुरको बढी विश्वास लाग्न थाल्यो भनेर कथानक अन्त्य भएको छ ।

**उद्देश्य** : प्रस्तुत पछिल्लो समय मान्छेमा विकास भएको खराब विचार र पाखण्डीपनलाई देखाइएको छ। जसका कारण आफ्नै घर आफ्ना लागि मृत्युको कोठी हुने गरेको छ । यसैले गर्दा हिजो आज मान्छे भन्दा कुकुर धेरै विश्वासपात्र भए भनेर देखाउनु कथाको मुख्य उद्देश्य रहेको छ ।

## ४.२८ 'फरक' कथाको कथानक र उद्देश्य

सङ्घर्ष कथासङ्ग्रह भित्रको फरक कथा कृति भित्रको २८ औं कथा हो । जुन कथा संरचनागत हिसाबले लघुकथा आयामको छ । जुन एक पृष्ठमा संरचित रहेको छ ।

**कथानक** : कथामा म पात्रले आफ्ना मनमा उब्जेका भावनालाई अभिव्यक्त गरेका छन् । म पात्र सानैदेखि ठूला-ठूला व्यक्तिहरूको जीवनी पढ्ने र सुन्ने गरेर हुर्केका पात्र हुन् । उनीहरूको जीवनी पढ्ने बेलामा उनले मनमनै आफूलाई पनि त्यस्तै बनाउन पाए भन्ने हुने गरेको सन्दर्भसँगै फरक कथाको कथानक अगाडि बढेको छ । उनीहरूका जीवनी पढ्दा म पात्रले आफ्नो पनि जीवनी लेख्नका लागि ठूलो डाक्टर, इन्जिनियर, प्रोफेसर, साहित्यकार, दार्शनिक, वैज्ञानिक, नेता... यस्तै-यस्तै बन्नु पर्नेरहेछ भन्ने बुझेका छन् । म पात्र मनमा यस्तै कुरा खेलाएर निदाएका थिए । अचानक उनले एकदिन सपना देखेका छन् । सपनामा म पात्रलाई सेतै फुलेका तीन मुख भएका व्यक्तिले उनलाई केही भनेका छन् । उनले तीन मुख भएका मान्छेलाई ब्रह्मा सम्झेका छन् । ती मान्छेले सपनामा आएर भनेका छन्- 'बाबु तिमीले ठूलो मान्छे हुने रहर राखेका रहेछौ यसका लागि आफ्नो ठाउँको माटो, हावापानी अनुसार सीप सिक्दै जानुपर्छ । त्यसैले तिमी नेता हुने बाटोमा लाग ।' यहाँ कथाकारले पछिल्लो समय देशका नेताको चरित्रलाई व्यङ्ग्य गरेको देखिन्छ ।

सपनामा नेता बन भनेर सल्लाह दिएका ब्रह्माको आशीर्वादपछि म पात्र आफूलाई पढाउने गुरुलाई सोध्न गएका छन् ठूलो नेता हुन् के-के गर्नुपर्छ भनेर । उनको उक्त जिज्ञासामा सरले पनि वास्तविक कुरो आफूलाई त्यति थाहा नभएको तर सर्सती हेर्दा केही सम्पत्ति भएको, बढी बोल्न सक्ने, मुटु दह्रो भएको, सेतोलाई कालो र कालोलाई सेतो बनाई बोल्न जान्ने... यस्तै-यस्तै अर्थात उल्टोसुल्टो कुरा जानेको चार सय बीस हुनुपर्छ भन्ने सल्लाह दिएका छन् । सपनामा पाएको सुझाव, कक्षाकोठामा शिक्षकबाट नेता हुन आवश्यक

योग्यताबारे जानकारी पाएपछि म पात्रले आफ्नो आचरणलाई सोही अनुसार तिखार्दै गएका छन् । आफ्नो लक्ष्यमा पुग्न निरन्तर नदी झैं बगेपछि एकदिन जुनसुकै काममा पनि सफल भइन्छ भनेर उनी निरन्तर कालोलाई सेतो सेतोलाई कालो । दिसालाई पनि गुँदपाक भन्दै अगाडि बढ्न थाले । समय बित्दै गयो, एकदिन म पात्र सांसद बने, त्यसपछि शिक्षकले भने झैँ गर्दै गएका थिए । सांसदबाट मन्त्री बन्न पुगेका छन् । मन्त्री बनेपछि उनले बेलाबेलामा सानोतिनो कामको निहुँ पारेर जन्ती गए झैँ आफ्ना लाभालस्कर लिएर विभिन्न विकसित देशको भ्रमण गरेका छन् । भ्रमणको क्रममा उनले केही अनुभव पाएका छन् । विकसित देशका मानिसहरूले सरकारको कुनै कामको विरोध गर्नु परेमा कुनै मानवीय तथा भौतिक सम्पत्तिको नोक्सानी नहुने गरेर, कालोपट्टी बाँध्ने, मौन जुलुस गर्ने, दिउँसै बत्ती बाल्ने, रिले अनसन बस्ने, सरकारलाई विरोध पत्र दिने, नाङ्गो जुलुस निकाल्ने... लगायतका गतिविधि गरेको उनले देखे । यता आफ्नो देशमा हिजो आफूले पनि त्यसै गरेर अगाडि बढेका थिए । आज पनि आफ्ना देशका नागरिकहरूले विरोध गर्नुपर्‍यो भने हत्या, हिंसा, तोडफोड, चक्काजाम, आगजनी, बन्द, हडताल जस्ता गतिविधि गरेको देखिरहेका उनका मनमा बल्ल चस्को पसेको छ । विकसित मुलुकको विरोध र अविकसित मुलुकको विरोध प्रदर्शन फरक-फरक हुँदो रहेछ भन्ने बोध गरेसँगै कथाको कथानक सकिएको छ ।

**उद्देश्य** : प्रस्तुत कथाको मुख्य उद्देश्य विकसित देशका जनताको मानसिकता र विकासोन्मुख देशका जनताको मानसिकतालाई देखाउनु भएको छ । जसको तुलनात्मक अवस्था देखाएर खराब संस्कारले समाज आक्रान्त भएकाले हामीले देखेका कुरा व्यवहारमा लागु गर्नुपर्छ । राम्रा कुराको सिको गरेर देशलाई समृद्धितर्फ लैजानुपर्छ । विरोधका नाममा विनाश गर्नु हुँदैन भन्ने सन्देश दिनु कथाको मुख्य उद्देश्य रहेको छ ।

## ४.२९ 'नक्कली' कथाको कथानक र उद्देश्य

सङ्घर्ष कथा कृति भित्रको २९ औं कथा हो नक्कली । जुन कथा संरचनागत हिसाबले लघुकथा आयामको एक पृष्ठमा संरचित छ । कथामा हाम्रो संस्कार, संस्कृतिलाई पछिल्लो समय कसरी विकृत बनाइएको छ । के कस्ता विकृतिले गाँजेका छन् भनेर देखाउन खोजिएको छ ।

**कथानक** : नक्कली कथाका मुख्य पात्र श्रीमान् श्रीमती रहेका छन् । कथाको कथानक अगाडि बढाउने सन्दर्भमा आम नेपाली महिलाको महान् पर्व तीजको सन्दर्भलाई देखाइएको

छ । वर्षेनी तीजमा श्रीमतीलाई माइती लिन आउँदा श्रीमती माइत जान नमानेपछि एकदिन श्रीमानले माइतीले तिमीलाई यति धेरै माया मान्दामान्दै तिमी किन बेलामौकामा जान्नौ भनी प्रश्न गरेका छन् । श्रीमान्ले श्रीमतीलाई प्रश्न मात्र के गरेका थिए श्रीमतीले भन्छिन्- ‘मेरा अरू दिदीबहिनीहरू कति पहेंलपुर भएर जान्छन् मैले के आफ्नो कङ्गाल रूप देखाउन जाऊँ ?’ यसबाट प्रष्ट हुन्छ पछिल्लो समय हाम्रा चाडपर्व मनको दुःख बिसाउने भन्दा पनि गरगहना देखाउने माध्यम बनेका छन् भनेर । यसरी श्रीमतीले माइत जानका लागि गहना नभएको भनेपछि श्रीमान्ले छिमेकी साहू कहाँ गएर अनुनय विनय गरेर एक हप्तालाई भाडामा हार, सिक्री, औंठी बाला, रिंगलगायतका गहनाका साथै गहना सुहाउने कपडा पनि ल्याएर श्रीमतीलाई दिई माइत पठाएका छन् । यसबाट समाजमा हुने खानेहरूका कारणले गर्दा हुँदा खानेलाई पारेको पीडालाई देखाइएको छ ।

श्रीमती श्रीमान्ले बन्दोबस्त गरिदिएका लुगा र गरगहना लगाएर माइत गएकी थिइन् । माइत गएको बेला तीर्थमा नुहाउन जाने कुरा भएपछि उनी पनि गइन् । नुवाउन तीर्थ जाँदा सबै गहना लुटिएपछि श्रीमती रुँदै घरमा आएकी छन् । उता साहूसँग ऋण गरेर केही दिनका लागि ल्याएको गहना भएकाले मर्नुभन्दा बहुलाउनु निको भनेर आफ्नो सारा जग्गा जमिन गहनावापतको जायजेथाका रूपमा साहूलाई बुझाए । त्यसको केही महिना पछि गाउँमा बस्न पनि लाज भयो उनीहरू गाउँबाट बसाइँ हिँडेका छन् । उनीहरू एउटा चाड मनाउन श्रीमतीलाई गरगहनाको व्यवस्था गर्न पर्दाका कारण सडकको बास बस्नुपरेको छ । उनीहरू बसाइँ हिँडेको केही वर्षपछि उनीहरूले थाहा पाए, गहना दिने साहूको छोरो जेल परेछ भन्ने कुरा । बिस्तारै पछि उनीहरूबारेको अर्को कुरा पनि थाहा पाउँदै गए । उनीहरूका बाबुछोराले गहना माग्न आउनेलाई नक्कली गहना दिने र आफैले गुण्डा लगाई लुटाउने पैसा लिने बेलामा सक्कली गहनाको रूपैयाँ लिने धन्दा गर्दा रहेछन् । साहूँको चरित्र थाहा पाएपछि उनीहरू मान्छे पनि हुँदा रहेछन् भनेर छाँगाबाट खसे झैं भएसँगै कथा सकिएको छ ।

**उद्देश्य** : प्रस्तुत कथाको मुख्य उद्देश्य पछिल्लो समय चाड मनाउने क्रममा विकृति विसंगतिलाई मौलाउँदै गएको छ । हुने खानेका सरह पुग्न खोज्ने होडबाजीले समाज धरासायी बनिरहेको छ । हुँदा खानेहरूले आफ्नो औकात र हैसियत बुझ्न नसक्दा विभिन्न पीडा भोग्न बाध्य भएका छन् । जसबाट हामीले हाम्रा चाडपर्वलाई जे छ त्यही खाएर जस्तो छ त्यस्तै लगाएर मनाउनुपर्छ भन्ने देखाउनु कथाको उद्देश्य रहेको छ ।

## ४.३० 'दाइजो' कथाको कथानक र उद्देश्य

दाइजो कथा सङ्घर्ष कृतिभित्रको ३० औं कथा हो । जुन कथा संरचनागत हिसाबले लघुकथा आयामको एक पृष्ठमा संरचित छ । कथामा पछिल्लो समय विवाहका नाममा छोरीछोरीलाई सम्पत्तिसँग तौलेर विवाह गर्ने विकृत संस्कारले गर्दा महिलाले अनाहकमा ज्यान गुमाउनु परेको अवस्थालाई कथाका माध्यमबाट देखाउन खोजिएको छ ।

**कथानक :** कथाको मुख्य पात्र धने उमेरका हिसाबले विवाह गर्ने उमेर पार गरिसकेको केटा हो । उसले इच्छा अनुसारको पढाइ सकेर जागिरमा लाउँदा ३५ वर्ष पुगिसकेको छ । पढाइ पनि सकेको र जागिर पनि खाएकाले उसलाई आफन्तहरूले अब बिहे गर्नुपर्छ भनेर करकाप गर्न थालेका छन् । उता बुबाआमाको एक्लो छोरो भएकाले घरमा नातिनातिनी हेर्ने रहर पनि परिवारमा पलाएको छ भनेर गाउँलेले भन्न थालेसँगै कथाको कथानक अगाडि बढेको छ । सबैका कुरा सुनेपछि धनेले बिहेका कुरासँगै दाइजोका कुरा गर्न थाल्यो । पहिला दाइजो भनेर तामाको भाँडा त्यसपछि रेडियो, क्यासेट, टि.भी, मोटरसाइकल, कार दिन थालेका छन् । मैले शहरमा घर पाए बिहे गर्छु नत्र झट्टै गर्ने विचार छैन भनेर आफन्त र गाउँलेहरूलाई भन्ने गरेको छ । समय बित्दै गयो । उसका कुरा सुनेर मात्र बस्ने अवस्था रहेन । ठाउँ-ठाउँबाट आफन्तहरूको दबाब आउने र घरमा बाबुआमाले कर गर्ने गरेपछि ऊ साधारण पढेकी केटीसँग बिहे गर्न पुगेको छ ।

विवाह भएको दिनदेखि श्रीमती धेरै नपढेकी, मनग्ये दाइजो नल्याएकी भनेर श्रीमान्-श्रीमतीको सम्बन्ध चिसो हुँदै गयो । लोग्नेको आड भरोसा नपाए पनि उसले घर-माइत गरी वर्ष बिताउँदै आएकी थिई । हुँदाहुँदै धनेले श्रीमती जुनालाई झुण्ड्याएर मान्ने र झुण्डिएर आत्महत्या गरी भन्ने पार्ने योजना बनाउँछ । अन्ततः उसले आफ्नै श्रीमतीलाई मार्छ । केहीले उसैले मारेको भनेर शंका गरे पनि आत्महत्या हो भन्ने पारेपछि धने चोखो ठहरिएको छ । यो कथाको मध्य भाग हो । धनेले श्रीमतीको हत्या गरेसँगै कथाको एक घुम्ती समापन भएको छ । पहिलो श्रीमतीको हत्या गरेपछि धनेलाई पुनः अर्की श्रीमतीका लागि विवाहका कुरा आउन थालेको छ । फलस्वरूप त्यसको केही महिनापछि धनेका इष्टमित्रले मनग्य दाइजो वा शहरमा घरसमेत पाउने परिवारकी छोरीसँग दोस्रो बिहे गरिदिएका छन् । विवाहमा उसलाई सबै सामान आयो तर उनलाई त घर पनि चाहिएको थियो, त्यो नआएकाले उसले त्यसमा चित्त बुझाएन । जसका कारण कारण आफूभन्दा गरीब र कम पढेकाले झन् धेरै दाइजो ल्याएको देख्दा उसको दोस्री श्रीमतीसँगको सम्बन्ध

झन् चिसिँदै गयो । त्यसपछि उसले त्यो श्रीमतीबाट छुट्कारा पाउने उपाय खोज्न थाल्यो । अन्ततः दोस्री श्रीमती देवकालाई घरमा कोही नभएको मौका पारी कोठामा थुनी शरीरभरि मट्टीतेल खन्याई जिउँदै आगो लगाइदियो । यो कथाको दोस्रो घुम्ती हो । श्रीमतीको हत्यापछि यसपटक भने उसलाई सबुत प्रमाणसहित ज्यान मारेको अभियोगमा प्रचलित कानून बमोजिम थुनामा राखियो । अन्ततः दाइजोमा शहरको घर खोजेकोमा उसले घर त पायो तर दाइजोको घर होइन, जेलको घर पायो । केही वर्षपछि मपात्र उसलाई भेट्न जेल गएका छन् । यसरी जेलमा जाँदा उसले म पात्रलाई भनेको छ कि हेर मित्र अर्काको सम्पत्तिको लोभ गर्नु भनेको चोर्नुभन्दा झन् घटिया काम रहेछ । म समाजको तडकभडक र आफ्नो घमण्डले गर्दा नराम्ररी बिग्रिएँ । वास्तवमा अर्काको सम्पत्ति त्यसै खोज्नु भनेको आफै नामर्द र हुतिहारा बन्नु रहेछ भनेर पश्चाताप पगरेको छ । उसले आफ्नै सग्लो शरीर सही मात्रामा सदुपयोग गर्न जाने नै करोडौं सम्पत्ति आर्जन गर्न सकिन्छ भन्ने पाठ जेलमा बसेपछि सिकेको छ । त्यसपछि उसले म पात्रलाई उल्टो सुझाव दिएको छ, सल्लाह दिएको छ, म त बिग्रैं-बिग्रैं अब आइन्दा कुनै पनि छोरीका बुबाआमाले छोरीलाई दाइजो होइन रुचेसम्म पढाउन् । पढेकी र असल श्रीमती सबैभन्दा ठूलो दाइजो रहेछ भन्ने उसले बल्ल अनुमान गरेको छ । उनका कुरा सुनेपछि म पात्रले टाउको हल्लाउँदै 'मुती पनि सक्यौ, दैलो पनि देख्यौ' भनेर नेपाली उखान सुनाउँदा उनी झोक्राएसँगै कथाको कथानक अन्त्य भएको छ ।

**उद्देश्य** : प्रस्तुत कथामा प्रयोग भएको उखान 'मुती पनि सक्यौ, दैलो पनि देख्यौ' नै पर्याप्त छ । किनकि हरेक मान्छेले काम गर्दा बुद्धि नपुऱ्याएर पछि पछुताउन गरेको देखिएको छ । जसका कारण काम गर्दा विचार गरेर अगाडि बढ्नुपर्छ । विचार नपुऱ्याई गरेको कामले सत् मार्ग र सही निष्कर्ष निस्कदैन भन्ने सन्देश दिनु नै कथाको मुख्य उद्देश्य रहेको छ ।

## ४.३१ 'दुवैलोक' कथाको कथानक र उद्देश्य

सङ्घर्ष कथासङ्ग्रह भित्रको अन्तिम कथा हो 'दुवैलोक' । दुई पृष्ठमा संरचित प्रस्तुत कथामा समाजका एकजना धनाढ्य बूढाका जीवन कहानीलाई कथा बनाइएको छ । उनै बुढाको जीवनकथालाई विषयवस्तु बनाएर कथाको कथानक अगाडि बढेको छ ।

**कथानक** : गाउँले बुढाकी श्रीमती पहिल्यै मरेकाले उनका चार छोराबुहारी र केही नातिनातिनी साथैमा थिए । बुढ्यौलीको जीवन समयको कालक्रममा उनी राम्ररी कान

नसुन्ने, आँखा नदेख्ने हुँदाहुँदै बेस्सरी थला परेका छन् । यसरी आफू थला परेपछि उनलाई मर्ने बेलामा बेसरी चिन्ता परेछ । आफूले जीवनभरि गरेका कामको मूल्याङ्कन गर्दै जाँदा राम्रा काम भन्दा नराम्रा कामको चाङ धेरै देख्न थालेछन् । त्यसले अझ् चिन्तामा डुबाएछ । जसका कारण उनले भोक, निद्रा र तिर्खासँगै कथाले गति लिएको छ । उनका मनमा धेरै कुरा खेल्न थालेपछि पछुताएर काम छैन बरु चारै भाइ छोराले राम्रा काम गरे भने मरेपछि स्वर्गमा बस्न पाउँछु कि भन्ने सोचेर छोराहरूलाई बोलाएका छन् । यो कथाको विकासक्रम हो । बूढाले आफ्ना चारै छोरा जम्मा भएपछि बाबु हो, अब मेरो मर्ने बेला भयो । मैले जीवनमा धेरैजसो राम्रो काम गरिन् । मलाई यो मर्ने अवस्थामा अलिकति पनि शान्ति मिल्ने र पछि स्वर्ग बस्न पाउने राम्रो कर्म केही देख्न नपाउने भएँ । तिमीहरूले केही सल्लाह दिन्छौ कि भनी बोलाएको भनेका छन् । बूढाका कुरापछि छोराहरूले आफूले गरेका कर्मले मृतात्माले शान्ति पाउँछ भने हामी जे काम गर्न पनि तयार छौ भनेको वाक्य सुनेसँगै उनको अन्तिम सास बन्द भएर कथानक अगाडि बढेको छ । यहाँ कथाकारले आफ्नो कुशल कौशलताका माध्यमबाट त्यसपछि के भयो होला भनेर जिज्ञासा पैदा गराउँदै कथानकलाई अगाडि बढाएका छन् ।

बूढाको निधनपछि चारै छोराहरूले संस्कार अनुसार काजक्रिया गरेका छन् । मरेपछि स्वर्ग पाउन के-के राम्रा कामहरू गर्नुपर्छ भनी मनले खाएका मान्छेसँग सल्लाह गर्दै कथाको कथानक अगाडि बढेको छ । यो कथानकको मध्य भाग तथा उत्कर्षको सन्दर्भ हो । थरी-थरी मान्छेको सल्लाहनुसार जेठाले आफू बाँच्दासम्म भगवान्को भजन-कीर्तन, माइलाले पृथ्वीका सबै तीर्थ गरी देवीदेवताको दर्शन, साइलाले आफूसँग भएको सबै श्रीसम्पत्ति भगवान्का नाउँमा विभिन्न पूजापाठ वा यज्ञ गर्दागर्दै आफू पनि सकिएका छन् । यसरी मरेपछि स्वर्ग जाने नाममा हुने विधिन्न कर्मको चर्चा गर्दै कथामा समाजमा व्याप्त कुरीति र कुसंस्कारलाई सरल तरिकाले प्रस्तुत गरिएको छ । यसरी बूढाका चार छोरामध्ये तीन छोराले बूढालाई स्वर्ग पठाउने नाममा सबै धन दौलत सके पनि कान्छा छोरा केही पढेका भएकाले उनले जीवनभर परिवार र समाजका लागि पसिना बगाएका छन् । जसबाट परिवार र समाजलाई प्रत्यक्ष फाइदा पुगेको छ । उनले छोराछोरीलाई समय अनुकूल बनाउने, विभिन्न संघसंस्था, विद्यालय, अस्पताल, खानेपानी, नहर, पुल, बाटाका साथै असाहय र अपाङ्गलाई सकेको सहयोग गर्दागर्दै उनले पनि मृत्युवरण गर्न पुगेका छन् । यसरी केही वर्षको फरकमा सबै दाजुभाइको मृत्यु भएपछि समाजले उनीहरूको मूल्याङ्कन

गर्दा लोक र परलोक दुवै लोक सपार्ने काम कान्छो भाइबाट भएको ठहर गरेको सन्दर्भसँगै कथानक अन्तिमतर्फ ढल्केको छ । कथा पढ्दै जाँदा केही मिथक पनि प्रयोग भएको हो कि भन्ने अनुभूति हुन्छ । जहाँ बाबुलाई मरेपछि स्वर्ग पठाउने नाममा यसरी आफ्नो उत्सर्ग गरेका उनीहरूलाई यमराज तथा विष्णुका दूतहरू आएर लगेको सन्दर्भ कथामा छ । उनीहरूलाई स्वर्गको मूल ढोकामा पुगेपछि चित्रगुप्तले आफ्ना सबै खातापाता लिएर सबै भाइले जीवनभरि के-के काम गऱ्यौ भन्दै शिक्षकले विद्यार्थीलाई उनीहरूको मूल्याङ्कन गरे जस्तै सन्दर्भ कथामा आएको छ । सो क्रममा जेठा, माइला र साइलाको भन्दा कान्छाको नम्बर धेरै आएकाले अरूभन्दा माथिल्लो आसनमा सुख शान्तिसँग बस्न पाएछन् । त्यहीँको एक कुनामा बुबालाई देख्दा कान्छा झनै खुसी भएको देख्दा आफूले दुवै लोक सपारेको महसुस गरेसँगै कथाको अन्त्य भएको छ ।

**उद्देश्य** : प्रस्तुत कथाको मुख्य उद्देश्य समाजमा अरूलाई देखाउन भन्दा पनि आफ्नो हृदयबाट आएको काम प्रेमपूर्वक गर्नुपर्ने रहेको पाइन्छ । समाजमा जहिले पनि अर्कालाई देखाउने नाममा विभिन्न काम र कर्म भएका छन् । जसले कालान्तरमा दुःख बाहेक अरू केही निम्त्याउँदैन । यसैले हामीले गर्ने काम, कर्म र व्यवहारप्रति समान चिन्तन गर्न आवश्यक छ भनेर देखाउनु कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.३२ सारांश

लेखनाथ काफ्लेले २०६६ सालमा प्रकाशन गरेको 'सङ्घर्ष' कथासङ्ग्रहमा समावेश ३१ वटै कथा सरल, सरस र सहज भाषाशैलीमा संरचित रहेका छन् । लेखनाथले आफ्ना कथालाई सरल, स्वाभाविक एवं सरस रचना शिल्पले बोधगम्य तुल्याएका छन् । यसैले पढ्दापढ्दै बुझ्न सकिन्छ उनका कथाहरू लोककथा र बालकथाका सँधेरी बन्न पुगेका छन् भनेर । ग्रामीण जनजीवनका विविध विषयवस्तुलाई सोझो र सरल ढङ्गले कथानकमा उन्दै त्यस्तै खालकापात्रले कथावस्तुलाई बोकेका छन् । च्वास्स बिज्ने गरी समाजका विकृति र विसङ्गतिलाई ठोकेका छन् र मानवजीवनलाई सत्मार्गमा अघि बढ्न उत्प्रेरित गरेका छन् ।

स्थानीय भाषिकाको प्रयोग लेखनाथ काफ्लेको विशेषता हो । पर्वतीय उपभाषिकाको आँधीखोले भेदका सुन्दर रूपहरू उनका कथामा देख्न सकिन्छ । विशेष गरेर कथानकलाई अभिव्यक्त गर्दा म पात्रका माध्यमबाट संवादात्मक शैलीमा कथालाई अगाडि बढाउनु काफ्लेको रूचिको विषय रहेको देख्न सकिन्छ । लामो समय शिक्षण पेशामा आवद्ध रहेर

सेवानिवृत्त भएका काफ्लेका कति कथा पढ्दा आफ्नै जागिरे जीवनका यथार्थलाई कथा बनाएको अनुभूति र आँकलन गर्न सकिन्छ ।

'सङ्घर्ष' कथासङ्ग्रह भित्रका कथाको कथानकले सामाजिक विषयललाई नै अभिव्यक्त गरेका छन् । समाजको त्यही सत्यतथ्यको आडमा लेखकीय स्वतन्त्रता अगाडि बढेको छ । यथार्थसँग कलाको कौशलता कथामा स्पष्ट रूपमा प्रतिबिम्बित भएको पाउन सकिन्छ । आजको नेपाली समाजमा बारम्बार आँखासामु पर्दा अगाडि र नेपथ्यमा देखिने घटना, द्वन्द्व, प्रतिद्वन्द्व जातीय भेदभाव शोषण नै उनका ३१ वटा कथाका कथानक हुन् । जो मन छुने र समाजमा देखिने प्रवृत्तिका छन् । कथासङ्ग्रहका कथाले समष्टिगत रूपमा कथाकार काफ्लेको वैचारिक उच्चताको प्रतिनिधित्व गरेको पाइन्छ ।

# अध्याय पाँच

# उपसंहार

२०१५ सालमा वालिङ नगरपालिका वडा नं. ७ स्याङ्जा जन्मेका लेखनाथ काफ्ले नेपाली साहित्यका विविध विधामा कलम चलाउने स्रष्टा हुन् । सानै उमेरदेखि साहित्य सिर्जनामा रुचि राख्ने काफ्ले आफ्नो परिश्रम र साधनाले खारिएर स्रष्टाका रूपमा स्थापित छन् । कविता लेखनबाट साहित्य यात्रा सुरु गरेका उनले कथा, कविता, उपन्यास, गजल, मुक्तक जस्ता विविध विधामा कलम चलाउँदै आएका छन् । प्रस्तुत शोधको अध्ययनमा परेको सङ्घर्ष कथासङ्ग्रह भित्र उनले ३१ वटा कथालाई समावेश गरेका छन् । ती कथामा काफ्लेले सामाजिक, राजनैतिक, मनोवैज्ञानिक, आर्थिक विषयवस्तुलाई कथाको कथानक बनाएका छन् ।

## ५.१ सारांश

प्रस्तुत शोधलाई पाँच अध्यायमा विभाजन गरी पूर्णता प्रदान गरिएको छ । शोधको अध्याय एकमा शोध परिचय रहेको छ । उक्त शीर्षकभित्र शोधको शीर्षक, शोधपत्रको प्रयोजन, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य तथा महत्त्व, अध्ययनको क्षेत्र र सीमा, सामग्री सङ्कलन, शोध विधि र शोधपत्रको रूपरेखा गरी विभिन्न उपशीर्षकमा अध्यायलाई विभाजन गरी पूर्णता प्रदान गरिएको छ ।

शोधको अध्याय दुईमा कथाकार लेखनाथ काफ्लेको जीवनी र व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । जसमा काफ्लेको जन्मस्थान, पेशा, शिक्षादीक्षा, दाम्पत्य जीवन, रुचि, स्वभाव, सम्मान तथा पुरस्कारका विषयमा विभिन्न उपशीर्षकमा चर्चा गरिएको छ । यसैगरी लेखनाथ काफ्लेको व्यक्तित्वलाई शारीरिक, साहित्यिक र साहित्येतर व्यक्तित्वको उल्लेख पनि यसै अध्यायमा भएको छ । सो क्रममा साहित्यिक व्यक्तित्वतर्फ कथाकार, उपन्यासकार, कवि, गजलकार र मुक्तककार व्यक्तित्व र साहित्येत्तर व्यक्तित्वतर्फ उनले योगदान पुऱ्याएका विभिन्न क्षेत्रको चर्चा गरिएको छ ।

शोधको अध्याय तीनमा कथाको सैद्धान्तिक परिचय रहेको छ । जसभित्र कथाको परिचय, परिभाषा, कथाका तत्त्वहरू, रूपविन्यास र कथाको वर्गीकरण रहेका छन् । नेपाली कथाको परिचयदेखि विकासक्रमको चर्चा गरेर यस अध्यायलाई पूर्णता प्रदान गरिएको छ ।

शोधपत्रको अध्याय चारमा ३१ वटा कथाहरूको कथानक र उद्देश्यको अध्ययन तथा विश्लेषण गरिएको छ । प्रस्तुत अध्यायलाई शोधको मुटु मान्न सकिन्छ । कथाको विश्लेषण गर्ने क्रममा कथाको कथानक र उद्देश्यको अध्ययन गरिएको छ । यस्तै, शोधको अन्तिम अध्याय पाँचमा उपसंहार रहेको छ । जहाँ पहिलोदेखि चौँथो अध्यायसम्म विषयवस्तुको सारांशसहित निष्कर्ष दिइएको छ ।

लेखनाथ काफ्लेको कथाकारिताको अध्ययन गर्दा भन्न सकिन्छ उनी सामाजिक यथार्थवादी कथाकार हुन् । हिजो नेपाली कथाकारिताको धरातल पनि सामाजिक यथार्थवाद र मनोवैज्ञानिक यथार्थवादबाट नै अगाडि बढेको हो । यसैले दशकौं पार गर्दा यस अवधिमा विभिन्न धारा र प्रवृत्तिका कथाहरू लेखिएकाले सामाजिक यथार्थवादी धारामा कथा लेख्ने कथाकारको संख्या उल्लेख्य पाउन सकिन्छ । आधुनिक नेपाली कथा लेखनले झण्डै आठ दशक पूरा गरिसकेको यस अवधिमा विभिन्न धारा र प्रवृत्तिका कथा लेखिए । जसमा सामाजिक, मनोवैज्ञानिक, समाजवादी, प्रगतिवादी, नवचेतनावादी वा प्रयोगवादी जे जसरी व्याख्या र विश्लेषण गरे तापनि यी कथाका धरातल भनेका हाम्रै समाज भएकाले काफ्लेले समाजकै विषयमा कथा लेखेका छन् ।

लेखनाथको लेखनमा आञ्चलिकताको प्रभाव पनि पाइन्छ । निश्चित अञ्चल, प्रदेश, क्षेत्र वा स्थानविशेषका रीतिस्थिति, आचारविचार, जीवनशैली, भेषभूषा, संस्कार, संस्कृति, भौगोलिकता, भाषा, मौलिक चालचलन एवम् यससँग गाँसिएका सामाजिक सांस्कृतिक सन्दर्भको प्रतिबिम्बन साहित्यमा हुनु निकै राम्रो हो । किनकि सामाजिकतासँग जीवनशैली र संस्कृतिसमेत जोडिएका हुन्छन् । उनका कथाले नेपाली समाजमा व्याप्त अन्याय, अत्याचार, हुने खाने र हुँदा खाने बीचको विभेद र त्यसले समाजमा निम्त्याएको नकारात्मक प्रभावलाई प्रस्तुत गरेका छन् । मानिस-मानिस बीचको प्रकृतिप्रदान स्वभाव र यथार्थलाई समाजले बुझ्न र सम्बोधन गर्न सक्नुपर्छ । अन्यथा कुनै बेला समाजले अनपेक्षित परिणामलाई व्यहोर्न बाध्य हुनुपर्छ भन्ने सन्देश उनका कथाले दिएका छन् ।

अशिक्षा, अज्ञानता र विवशताको कारण विविध पीडा समस्या र झन्झटमा फसेका मानव आत्माहरूलाई तिरस्कार र घृणाको साटो प्रेम, सम्मान र हौसलाको खाँचो पर्छ भन्ने मान्यता काफ्लेको छ । समाज रूपान्तरणका निम्ति निम्न वर्ग र सीमान्तकृत समुदायका लागि मुक्ति, स्वतन्त्रता, समावेशीता र अवसरको उपलब्धता नितान्त आवश्यक तत्त्व हुन् भन्ने कुरा यहाँ प्रकट भएको छ ।

भौतिक सुख भन्दा मनको सुख प्राप्ति आजको आवश्यकता हो भन्ने भाव उनका कथामा पाइन्छ । उनका कथाका कथावस्तु जति बेजोड छन् । पात्रको चरित्रचित्रणले पनि न्याय गरेकाले पाठकको मन जित्न सफल देखिन्छ । कथामा आगन्तुक, तत्सम, तत्भव, झर्रा शब्दको प्रयोगले कथानकलाई अगाडि बढाउन सहजता प्रदान गरेको छ । कथाकारले कलात्मक ढङ्गले आवश्यक पात्रको आवश्यक पक्षको चित्रण गरी कथाले दिन खोजेका सन्देशलाई प्रभावकारी बनाएका छन् ।

लेखनाथ काफ्लेका ३१ वटै कथामा आन्तरिक र बाह्य दृष्टिविन्दुको बराबरी प्रयोग गरेका छन् । कथानकको ढाँचालाई हेर्दा उनका सबै कथाहरू सरल, रैखिक ढाँचामा निर्माण भएका छन् । नेपाली समाजमा विविधतामा छरिएर लुकेर रहेका उपेक्षित र दमित विषयलाई उनले कथा बनाएका छन् । केही कथामा नाटकीय संवादको प्रयोग गरिएको छ । जसले कथालाई अझ प्रभावकारी बनाउन मद्दत पुगेको छ । उनका कथामा सरल, स्पष्ट र जनजिब्रोमा भिजेको सुन्दर भाषाशैलीको प्रयोग गरिएको छ । साथै समाजमा प्रचलित उखान, टुक्का, बिम्ब, प्रतीक, अलङ्कार आदिको प्रयोगले कथामा सुन्दरताको जलप लगाउने काम भएको छ ।

## ५.२ निष्कर्ष

लेखनाथ काफ्लेले २०६६ सालमा प्रकाशन गरेको 'सङ्घर्ष' कथासङ्ग्रहमा समावेश ३१ वटै कथा सरल, सरस र सहज भाषाशैलीमा संरचित छन् । उनले आफ्ना कथालाई सरल, स्वाभाविक एवम् सरस रचना शिल्पले बोधगम्य तुल्याएकाले उनका कथा पढ्दापढ्दै बुझ्न सकिन्छ । उनका केही कथा लोककथा र बालकथा जस्ता पनि बन्न पुगेको देखिन्छ । ग्रामीण जनजीवनका विविध विषयवस्तुलाई सोझो र सरल ढङ्गले कथानकमा उन्दै त्यस्तै पात्रपात्रको चरित्रचित्रणमा कथावस्तुलाई बोकेर कथानक अगाडि बढेको पाइन्छ । उनका प्रत्येक कथाले च्वास्स बिज्ने गरी समाजका विकृति र विसङ्गतिलाई अभिव्यक्त गरेका छन् । मानवजीवनलाई सत्मार्गमा अघि बढ्न उत्प्रेरित गरेका छन् । स्थानीय भाषिकाको प्रयोग लेखनाथ काफ्लेको विशेषता हो । पर्वतीय उपभाषिकाको आँधीखोले भेदका सुन्दर रूपहरू उनका कथामा देख्न सकिन्छ । विशेष गरेर कथानकलाई अभिव्यक्त गर्दा म पात्रका माध्यमबाट संवादात्मक शैलीमा कथालाई अगाडि बढाउनु काफ्लेको रूचिको विषय रहेको अध्ययनमा पाउन सकिन्छ । लामो समय शिक्षण पेशामा रहेर सेवानिवृत्त काफ्लेले आफ्नै

जागिरे जीवनका  अनुभूतिलाई कथा बनाएको पनि कति कथा पढ्दा अनुभूति र आँकलन गर्न सकिन्छ । समग्रमा 'सङ्घर्ष' कथासङ्ग्रहका कथा मध्यमस्तरका र नयाँ पुस्तालाई सुहाउने खालका छन् । यही सत्यतथ्यको आडले कथामा लेखकीय स्वतन्त्रताको प्रतिबद्धता पाइन्छ । उनका कथामा यथार्थसँग अद्भूत सामर्थ्य राखेर जोखिमपूर्ण कलाको मर्यादा पनि स्पष्ट भएको पाउन सक्छौ । आजको समाजमा बारम्बार आँखासामु पर्दा अगाडि र नेपथ्यमा देखिने घटना, प्रतिघटना, द्वन्द्व, प्रतिद्वन्द्व, जातीय भेदभाव र शोषण नै उनका ३१ वटा कथाका दृश्य हुन् । जो मन छुने र समाजमा देखिने प्रवृत्तिका छन् । यसैले कथासङ्ग्रहका कथाले समष्टिगत रूपमा काफ्लेको वैचारिक उच्चताको प्रतिनिधित्व गरेको पाइन्छ ।

## ५.३ सम्भावित शोधका शीर्षक

लेखनाथ काफ्लेको सङ्घर्ष कृतिको अध्ययन गर्दा उनको कथा लेखन यात्रा सफल देखिन्छ । यस शोधपत्रमा उनको व्यक्तित्व, प्रवृत्ति लगायत कथ्य र शिल्प पक्षको सङ्क्षेपमा अध्ययन गर्ने प्रयास भएको छ । उनको कथाकारिता बारे थप अध्ययनका लागि निम्न शीर्षकमा अध्ययन गर्न सकिने देखिन्छ :

- सामाजिक यथार्थवादी कथाकारका रूपमा लेखनाथ काफ्लेका कथाको अध्ययन,
- लेखनाथ काफ्लेका कथामा प्रयुक्त विकृति र विसङ्गतिको अध्ययन
- लेखनाथ काफ्लेका कथामा स्वर र शिल्प पक्षको अध्ययन ।

## सन्दर्भ सूची


अवस्थी महादेव (सम्पा, २०५५), **नेपाली कथा भाग २,** ललितपुर : साझा प्रकाशन ।

आचार्य कृष्णप्रसाद र अन्य (२०६३), **आधुनिक नेपाली उपन्यास र कथा,** काठमाडौं : दिक्षान्त पुस्तक भण्डार ।

आचार्य, नरहरि, र अन्य (२०६७) **नेपाली कथा** (भाग-१), काठमाडौं : साझा प्रकाशन ।

काफ्ले, लेखनाथ (२०६३), **सपना** (दो.सं.), स्याङ्जा : लेखक स्वयम् ।

..................... (२०६४), **अचार,** स्याङ्जा : लेखक स्वयम् ।

..................... (२०६६) **सङ्घर्ष**, स्याङ्जा : गण्डकी साहित्य परिषद् ।

.......................(२०६७), **रामबाण**, स्याङ्जा : मधुरा काफ्ले ।

..................... (२०६८), **मट्याङ्ग्रा,** स्याङ्जा : स्याङ्जा साहित्य प्रतिष्ठान ।

गौतम, असफल (२०६९), *साहित्यकार लेखनाथ काफ्ले र कृति चर्चा,* **हिमशिखर**, पोखरा : हेमजा साहित्य प्रतिष्ठान ।

...................... (२०६९) *लेखनाथको मट्याङ्ग्रामा नजर डुलाउँदा,* **रजस्थल ५२,** (कात्तिक-पुस) स्याङ्जा : स्याङ्जा साहित्य प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०५४), **नेपाली कथा**, काठमाडौं : नवीन प्रकाशन ।

ढुङ्गेल, भोजराज र अन्य (२०६२), **नेपाली कथा र उपन्यास,** काठमाडौं : विद्यार्थी प्रकाशन

न्यौपाने, टंकप्रसाद (२०३८), **साहित्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर (२०४८), **झ्यालबाट** , ललितपुर : साझा प्रकाशन ।

............. (२०३९) **आख्यानको उद्भाव** (दो.सं.) काठमाडौं : ने.रा.प्र.प्र ।

बराल ऋषिराज र अन्य (सम्पा, २०५७), **नेपाली कथा भाग-३,** ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्ण हरि र नेत्र एटम (२०५८), **नेपाली कथा र उपन्यास**, काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन ।

शर्मा, मोहनराज (२०५८), **कथाको विकास प्रक्रिया,** (ते.सं.) ललितपुर : साझा प्रकाशन

............... (२०५९), **शैलीविज्ञान** (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ (२०५६), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन ।

................ (२०६८), **नेपाली कथाको प्रक्रिया**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०५९), **कथाको सिद्धान्त र विवेचना,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४९) **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ललितपुरः साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६०) **नेपाली कथा भाग ४**, (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

................ (२०३९) **पच्चिस वर्षका नेपाली कथा,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५७), **स्नातकोत्तर नेपाली कथा**, ललितपुर : साझा प्रकाशन ।